राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरु

अङ्क ७ असार २०८३

खाद्यान्न अभावमा मानिस मर्न सक्छ भने खाद्यान्नको अभावमा गर्भवती महिलाको पेटमा भएको बच्चा कुपोषणबाट पीडित हुन जान्छ, बालबालिका, वृद्धवृद्धा, रोगी, असहाय, अपाङ्गहरू मर्न सक्छन। त्यसैले नागरीकहरूको खाद्यान्नको अधिकार Right to Food को अधिकार हनन् हुन नदिन समयमा नेपालको भू-भाग भरी पर्याप्त मात्रामा खाद्यान्न उपलब्ध र आपूर्ति गर्ने गराउने सरकार संवैधानिक कर्तव्यबाट विमुख हुन नहुने।

*- सर्वोच्च अदालत, नि.नं. ८५४०, ने.का.प. २०६८ अंक १*

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# राष्ट्रिय मानव अधिकार आयोगबाट भएका
# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू


| अङ्क ७ | असार २०८३ |
|---|---|


खाद्यान्न अभावमा मानिस मर्न सक्छ भने खाद्यान्नको अभावमा गर्भवती महिलाको पेटमा भएको बच्चा कुपोषणबाट पीडित हुन जान्छ, बालबालिका, वृद्धवृद्धा, रोगी, असहाय, अपाङ्गहरू मर्न सक्छन। त्यसैले नागरीकहरूको खाद्यान्नको अधिकार Right to Food को अधिकार हनन् हुन नदिन समयमा नेपालको भू-भाग भरी पर्याप्त मात्रामा खाद्यान्न उपलब्ध र आपूर्ति गर्ने गराउने सरकार संवैधानिक कर्तव्यबाट विमुख हुन नहुने।

*- सर्वोच्च अदालत, नि.नं. ८५४०, ने.का.प. २०६८ अंक १*


राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

मा. तप बहादुर मगर

**सदस्यहरू**

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. डा. लिली थापा

**सचिव**

श्री मुरारिप्रसाद खरेल

**संयोजन**
श्यामबाबु काफ्ले
महाशाखा प्रमुख, कानून महाशाखा

**समन्वय**
अनुसन्धान महाशाखा

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
कानून महाशाखा
हरिहरभवन, ललितपुर ।

**प्रकाशन मिति**ः २०८३ असार

**प्रकाशन प्रति** : ४००

**प्रकाशन सङ्ख्या** : रामाअआ के.का. ३२२

**मुद्रण** : ...............

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

*आयोगको पूर्व स्वीकृतिबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संङ्ग्रह गर्न अथवा कुनै पनि माध्ययमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।*

# प्रकाशन सम्बन्धमा

१. राष्ट्रिय मानव अधिकार आयोगले २०७३ वैशाख महिनाबाट प्रकाशन शुरु गरेको मामनिको सातौं अङ्कका रूपमा आयोगबाट भएका थप पाँचवटा महत्वपूर्ण निर्णयहरू यस अङ्कमा समावेश गरिएका छन् ।

२. यस अङ्कमा खाद्य अधिकार सहित मुद्दामा अनुसन्धान नभएको, बलात्कार, स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुना, पक्राउपछि वेपत्ता र यातना तथा शान्ति सुरक्षा सम्बन्धी निर्णयहरू समावेश गरिएका छन् । जसभित्र बीस वर्ष सम्म न्याय नपाएकी एक महिला माथि भएको गम्भीर हिंसा र खाद्यान्न अभावमा जीवन गुमाउन बाध्य एक महिलाको उजूरीमा भएका निर्णय पनि समावेश गरिएको छ।

३. यस अङ्कमा अनुसन्धान भएका उजूरीहरूमा भएका निर्णयहरू मात्र प्रकाशन गरिएको छ ।

४. प्रकाशित सामग्रीलाई पठनीय र प्रयोगमैत्री बनाउने प्रयोजनका लागि प्रत्येक परिच्छेदहरूमा नम्बरिङ गरिएको छ । तर निर्णयको व्यहोरामा व्याकरणीय र भाषागत रुपमा सामान्य सम्पादन गरिएको छ ।

५. विगत अङ्कमा जस्तै पीडित र साक्षीको अधिकार संरक्षणको दृष्टिकोणबाट यस प्रकाशनमा पनि उनीहरूको नाम गोप्य राखिएको छ ।

६. यस प्रकाशनमा छापिएका निर्णयहरूमा कुनै द्विविधा उत्पन्न भएमा सक्कल निर्णय मान्य हुनेछ ।

# विषयसूची


| उजूरी नं. | मानव अधिकार उल्लंघनको विषय | पृष्ठ संख्या |
|---|---|---|
| सम्वत् २०६६ सालको उजूरी नं. १९३१, जुम्ला | खाद्य अधिकार | १ |
| सम्वत २०५९ सालको उजुरी नं. ३८२, जनकपुर | बलात्कार मुद्दामा अनुसन्धान नभएको | ८ |
| सम्वत् २०७६ सालको उजूरी नं. ५१, खोटाङ | स्वेच्छाचारी पक्राऊ तथा गैर कानूनी थुना | ६० |
| सम्वत् २०६३ सालको उजुरी नं. १३६, जनकपुर | पक्राउ पश्चात वेपत्ता | ९६ |
| सम्वत २०६२ सालको उजुरी नं. २१८, विराटनगर | यातना तथा शान्ति सुरक्षा | १०३ |

# राष्ट्रिय मानव अधिकार आयोग

मानानीय अध्यक्ष श्री तपबहादुर मगर
माननीय सदस्य डा.सूर्यप्रसाद शर्मा ढुंगेल
माननीय सदस्य श्री मिहिर ठाकुर
माननीय सदस्य श्री मनोज दुवाडी
माननीय सदस्य श्री लिली हजूर बस्न्यात (थापा)

**निर्णय**

**सम्वत् २०६६ सालको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाको उजूरी नं. १९३१**

## विषयः खाद्य अधिकार ।

**गरिबी आफैमा मानव अधिकारका बहुआयमिक विषयवस्तुलाई प्रभावित पार्ने अवस्था भएकोले त्यसको कारणबाट कसैको जीउ ज्यान प्रभावित हुन्छ भने त्यस्तो अवस्था मानव अधिकारको गम्भीर विषय हो र ।**

- प्रकरण नं. ९

**सम्मानपुर्वक बाँच्न पाउने शब्दको अर्थ रोग, भोग र शोकमा सधैंभरि बाँच्ने परिस्थिति होईन। यस्तो परिस्थितिबाट मुक्त भई मर्यादित रुपमा बाँच्न पाउने अवस्थाको सुनिश्चित हुनु हो।**

- प्रकरण नं. १९

१. हुम्ला जिल्ला स्याडा गाविस वडा नं. २ याङ्गु बस्ने पत्थरकला सुनारको खाद्यान्न अभावको कारण मिति २०६५/१२/१ गते आफ्नै घरमा मृत्यु भएको हुँदा राज्य लगायत सम्बन्धित निकायहरूले नागरिक प्रतिको भूमिका पुरा नगरेकोले पीडितको जीवनको अधिकार हनन् भएको हुँदा उक्त घटनाको छानबिन गरी आवश्यक कारवाहीको लागि पहल गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी ... आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लामा उजूरी दर्ता हुन आएको रहेछ।

२. उजूरी प्राप्त हुन आएपछि घटनाको सम्बन्धमा आयोगको जुम्ला कार्यालयबाट ... स्याडा गाविसको कार्यालय, हुम्लामा ... निज पत्थरकला सुनारको खाद्यान्न अभाव भई ... खान नपाएको कारणले आफ्नै घरमा मृत्यु भएको घटनाको सम्बन्धमा गाउँ सर्जमिन बुझी यथाशीघ्र जानकारी गराउन ... पत्राचार भएको रहेछ। यसैगरी ... जिल्ला प्रहरी कार्यालय, हुम्ला र ... जिल्ला प्रशासन कार्यालय, हुम्लामा पनि ... पत्राचार भएको रहेछ। समयमा नै जवाफ प्राप्त नभएपछि पुनः ... आयोगबाट जिल्ला प्रशासन कार्यालय ..., जिल्ला प्रहरी कार्यालय ..., स्थानीय शान्ति समितिलाई ... घटनाको सम्बन्धमा भएको कारवाहीको विवरण, पीडितले राहत तथा क्षतिपुर्ति पाए नपाएको ... जानकारी माग गरी प्रेषित भएको पत्र पनि मिसिल संलग्न रहेछ।

३. आयोगबाट पत्राचार भएपछि ... जिल्ला प्रशासन कार्यालय, हुम्लाबाट मिति २०७१/२/५ गते निज... पत्थरकला सुनारको सम्बन्धमा सो कार्यालयमा कुनै पनि आवेदन नपरेको भन्ने व्यहोरा ... र जिल्ला

प्रहरी कार्यालय, हुम्लाबाट ... पत्थरकला सुनारको बिरामी भई हात खुट्टा सुन्निएर मृत्यु भएको भन्ने व्यहोराको जवाफ ... मिसिल संलग्न रहेछ। ... यस सम्बन्धमा आयोगबाट मिति २०७५/५/४ गते अनुसन्धान प्रतिवेदन संलग्न गरी फाइल पेश गर्नु भनी भएको ... आदेश पनि मिसिल संलग्न रहेछ।

४. मृतकका छोराले म नाबालक हुदा नै माताको मृत्यु भएको, त्यस बखत घरमा पिता, माता र दुई नाबालिक छोराहरू मात्र रहेका, निजहरूका पिता अपाङ्गता भई सहज ढंगले हिडडुल गर्न नसक्ने र ईशाराले मात्र कुरा गर्ने अवस्थामा रहनु भएको, ...हामी दाजु भाई ससाना रहेका र जग्गा जमिन एक हलको मात्र रहेको, घरमा काम गर्ने मान्छे नभएकोले जग्गामा खेती किसान गर्न नसकेको, घरमा काम गर्ने मृतक माता मात्र भएको ..., ज्याला मजदुरी गरी सबैको पेट मृतकले नै पाल्ने गरेको, मृतकको कमाईले मात्र खान नपुग्दा उनी भोकै बस्ने गरेकी भनी बयानमा उल्लेख भएको रहेछ । साथै ...गरिबीको चरम अवस्थामा जीवन गुज्रिनु परेको र सोही कारण मृतकलाई बेला बेलामा टाउको दुख्ने, उल्टी हुने, रिङ्गटा लाग्ने गरेको ... पिता अपाङ्गता भएकोले केही गर्न नसक्ने अवस्थामा रहेका ..., रोग, भोग र गरिबीका कारण उपचार हुन नसकी माताको मृत्यु भएको हो। माताको मृत्युपछि पिताको पनि ... कालगतीले मृत्यु भयो । माताको मृत्यु हुँदा एक कोठाको एक तले घर थियो। त्यही घरमा ... सबै परिवार बस्थ्यौ । ... । हाल पहिलाको एक कोठे कच्चीघरलाई दुई तले कच्ची घर बनाई ... दाजुभाई बस्दै आएका छौ । ... । दुवै दाजुभाइ ज्याला मजदुरी गरी जीविका निर्वाह गरिरहेका छौ । चरम गरिबीको अवस्थामा थोरै खानेकुराको भरमा जीवन निर्वाह भैरहेको विषम परिस्थितिमा राज्यले हामीहरूको आधारभुत मानव अधिकार पुर्ति गर्न नसकेर माताको मृत्यु भएको तर हालसम्म ... कुनै किसिमको राहत, संरक्षण प्राप्त नभएको । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोगले समयमा नै हाम्रो मानव अधिकारको संरक्षण नगरेको कुरामा चित्त दुखेको छ। ढिलै भएपनि न्याय पाउँ भन्ने व्यहोराको मृतकका छोरा ...को बयान मिसिल संलग्न रहेछ।

५. पत्थरकला सुनार एकदमै गरिब रहेकी, खान लाउन मुस्किल हुने गरेको अवस्थामा खान समस्या भएकै कारण निजको मृत्यु भएको, पीडितको श्रीमान अपाङ्गता अवस्थामा रहेको र दुई नाबालक छोराहरू रहेका थिए। एकदमै न्यून वर्गको र सानो गोठ जस्तै एक तलाको एक कोठाको घर रहेको । उनीहरू जोहो गरेर खाने गर्दै आएका थिए। निजको मृत्यु भएको कारण घरमा समस्या भएकोले निजको श्रीमान् र दुईजना छोरालाई मामा घरमा राखी पालन पोषण भएको थियो भने मृतकका श्रीमानको पनि कालगतिले मृत्यु भैसकेको भन्ने याडा गा.वि.स वडा नं. २ बस्ने ... को भनाई र पीडित पत्थरकला सुनारको दुईजना छोरा र श्रीमान् भएपनि निजको खान नपाएकै कारण मृत्यु भएको थियो । निज एक तले एक कोठाको गोठ जस्तो घरमा बस्ने गरेकी, गरिब न्युन वर्गको

रहेकी, मैले निज पत्थरकलाको मृत्यु हुनु पूर्व रू. निजलाई ११०००। सहयोग गरेको, हाल उनका दुवै छोराले विवाह गरेका र श्रीमानको मृत्यु भैसकेको भन्ने तत्कालीन गाविस ... को भनाई रहेको ।

६. आयोगको अनुसन्धान प्रतिवेदनमा ... हुम्ला जिल्ला स्याडा गाविस वडा नं. २ याङ्गु बस्ने पत्थरकला सुनार चरम गरिबीबाट गुज्रिरहेको अवस्थामा खाद्यान्न अभावको कारण निजको स्वास्थ्यमा प्रतिकुल असर भई बिरामी परी मिति २०६४/११/१४ गते मृत्यु भएकोले निजको सम्मानपुर्वक बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको हुनाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली २०६९ को नियम २८ मा भएको व्यवस्था बमोजिम पीडितको नजिकको हकवालालाई नेपाल सरकारबाट दुई लाख रूपैयाँ क्षतिपुर्ति उपलब्ध गराउन ... उल्लेख भएको रहेछ।

७. उजूरीको सम्बन्धमा प्राप्त उल्लिखित तथ्यहरूको आधारमा यस घटनामा निज पत्थरकला सुनारको खाद्यान्न अभावको कारणले मृत्यु भएको हो वा होइन भन्ने विषयमाथि विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आयो ।

८. पीडितको आर्थिक तथा सामाजिक अवस्थातर्फ विश्लेषण गर्दा मृतकको श्रीमान्मा अपाङ्गता रहेको ... र दुई जना नाबालक सन्तान रहेका देखिन्छन् । निजको आर्थिक अवस्था कमजोर भई जग्गा जमिन समेत थोरै रहेको भन्ने मृतकका छोराको बयान कागजात र ... परिवारको सम्पूर्ण जिम्मेवारी मृतकले ज्याला मुजदुरी गरी निभाउँदै आएको देखिन्छ। आयआर्जनको घरायसी स्रोत यस बाहेक अन्य केही पनि नभएको, घरका अन्य सदस्य ... आयआर्जन गर्नसक्ने अवस्थामा नरहेको तथ्यले मृतक र मृतकको परिवार गरिबीको चरम अवस्थाबाट जीवन गुजार्न बाध्य रहेको बुझिन्छ। उल्लिखित अवस्थामा अनुसन्धानको क्रममा बुझिएका साक्षीको बयान, स्थानीयहरूबाट प्राप्त जानकारीबाट निज पत्थरकला सुनारको मृत्यु खाद्यान्नको अभाव भई भएको विषयमा कुनै विवाद देखिएन । उल्लेखित घटनाको सम्बन्धमा ... जिल्ला प्रहरी कार्यालय, हुम्लाबाट ... निज पत्थरकला सुनार बिरामी भई हात खुट्टा सुन्निएर मृत्यु भएको भन्ने जानकारी प्राप्त हुन आए पनि खाद्यान्न अभाव कारण मृत्यु भएको होइन भनी उल्लेख हुन नसकेको तथ्यले पनि यस तथ्यलाई समर्थन गरेको देखिन्छ।

९. गरिबी आफैमा मानव अधिकारका बहुआयमिक विषयवस्तुलाई प्रभावित पार्ने अवस्था भएकोले त्यसको कारणबाट कसैको जीउ ज्यान प्रभावित हुन्छ भने त्यस्तो अवस्था मानव अधिकारको गम्भीर विषय हो र त्यसमा राज्य मौन बस्न मिल्दैन । हुम्ला जिल्ला उच्च पर्वतीय ... र तत्कालीन कर्णाली अञ्चलमा रहेको र सो जिल्ला लगायत कर्णाली अञ्चलमा नै खाद्य, स्वास्थ्य शिक्षाको अवस्था कस्तो थियो होला भन्ने

विषय पनि विचारणीय देखिन्छ । आयोगले खाद्य पदार्थको वितरण सम्बन्धमा यसअघि गरेको अनुगमन/अनुसन्धान प्रतिवेदनले कर्णाली अञ्चल र ... सुदूरपश्चिमका केही जिल्लामा खाद्य, स्वास्थ्य र शिक्षाको अवस्था दयनीय रहेको र खाद्य तथा सरसफाइमा देखिएको समस्याको कारणले नागरिकको जीवन प्रभावित भएको, झाडा पखालाजस्ता प्रकोपबाट प्रभावित भई बाँच्न पाउने अधिकार प्रभावित भएको तथ्यले पनि यसलाई समर्थन गरेको अवस्था छ। ... ।

१०. तत्कालीन प्रचलित नेपालको अन्तरिम संविधानको प्रस्तावनाले "नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार मुल्य मान्यताप्रतिको पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ। धारा १२ ले सम्मानपुर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ । यिनै परिस्थितिबाट मुक्त भई बाँच्न दिने परिस्थिति निर्माण र हक अधिकारको सुनिश्चितता गर्नको लागि धारा १८ को उपधारा ३ ले प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक हुने सुनिश्चितता गरेको छ। मौलिक हक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने सिद्धान्त अनुसार संविधानमा व्यवस्थित राज्यको निर्देशक सिद्धान्त र नीति अन्तर्गत धारा ३५ को उपधारा १० मा शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुत्ता र रोजगारीमा उत्थान गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ। उक्त संवैधानिक नीति अनुसार राज्यले राष्ट्रिय कृषि नीति, २०६१ को बुँदा १३ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को साथै पहिलो पटक त्रिवर्षिय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) मा खाद्य सुरक्षासम्बन्धी थप अध्यायको व्यवस्था गरी खाद्य सुरक्षाबारे योजना निर्माण गरेको अवस्था देखिन्छ । त्यस्तै त्रिवर्षिय योजना (२०६७/६८-२०६९/७०) को उद्देश्य नं. २ मा खाद्य परनिर्भरता हटाउने, कार्य नीतिको ७.२४ मा आपुर्तिको व्यवस्था मिलाउने प्रावधान छ । संविधान, कानून, नीति, योजना र कार्यक्रम लागू गर्ने तथा मौलिक अधिकारको संरक्षण गर्नु गराउनु राज्यको दायित्व हो। उल्लिखित अवस्थामा ... ती दायित्व व्यवहारमा कार्यान्वयन भए नभएको प्रश्न अहम हुन आउँदछ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा मात्र हैन आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण सन्दर्भमा राज्यले प्रवाह गरेको सेवा सहज उपलब्ध, सहज पँहुच, स्विकार्यता र र गुणस्तरीयताको विषय पनि यस भन्दा बाहिर रहन सक्दैन।

११. यस अवस्थामा प्रस्तुत घटनाकी मृतक चरम गरिबीको शिकार भई जीउन बाध्य भएपनि मृत्युपूर्व आफ्नो संरक्षकत्वमा रहेका श्रीमान् र दुई नाबालकको गाँस, बाँस र कपासको व्यवस्था निज स्वयंमले नै मिलाउनुपर्ने अवस्थामा खाद्य अभावले निज माथि थप संकट पैदा भई स्वास्थ्यमा पनि प्रतिकुल असर परेको र सोही प्रतिकुलताको शिकारले ... बिरामी भई ज्यान गुमाएको देखिन्छ। यस्तो अवस्थामा कुनै व्यक्ति विशेष दोषी नभएपनि राज्य र तिनका संयन्त्रले पीडितको भोक विरुद्धको अधिकारको संरक्षण गर्न नसकेको

र समयमै त्यसको अध्ययन गरी अधिकारको उल्लघंन हुनबाट बचाउने विषयमा भूमिका निर्वाह गर्न नसकेकोले खाद्यान्न अभावको कारण पीडितको स्वास्थ्यमा सृजित प्रतिकुल प्रभावबाट बिरामी भई मिति २०६४/११/१४ मा निज पत्थरकलाले ज्यान गुमाएको देखिएको हुँदा खाद्य अभावको कारणले पीडितको सम्मानपुर्वक बाँच्न पाउने अधिकारको उल्लघंन भएको देखियो यस्तो घटनामा ... राज्यले जवाफदेहिता लिनुपर्ने नै देखिन आउँछ।

१२. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर र्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लाई नेपालले अनुमोदन गरेको छ । घोषणापत्रको धारा २५(१) तथा प्रतिज्ञापत्रको धारा ११ को उपधारा १ अनुसार प्रतिज्ञापत्रमा भएको व्यवस्था अनुसार नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो। यस सन्दर्भमा धारा ११ ले ... परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको कुराका अतिरक्ति ... पर्याप्त खाद्य, कपडा र आवास समेतलाई स्विकार गर्दै पक्ष राष्ट्रले यस अधिकारको सुनिश्चित गर्न आवश्यक कदमहरू चाल्ने उल्लेख गरेको छ। प्रतिज्ञापत्रले भोकविरुद्धको अधिकारको सुनिश्चित गरी विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्ने भनी व्यवस्था पनि गरेको भएपनि त्यसको परिपालना हुन सकेको देखिएन।

१३. ...।

१४. यसमा जिल्ला प्रहरी कार्यालय, हुम्लाको मिति २०७१/२/१४ को पत्रानुसार पीडित बिरामी भई हातखुट्टा सुनिएर मृत्यु भएको भनिएपनि हुम्ला जस्तो विकट र सधैभरी खाद्यान्न अभाव भई रहने दलित परिवारका सदस्यको मृत्यु भएको बारेमा निष्कर्षमा पुग्नु अघि प्रतिवेदनमा उल्लेखित विषयहरू र विभिन्न अध्ययनबाट औंल्याइएका विषयहरू उपर मनन् गर्न जरुरी हुन्छ । खाद्यान्न अभावको कारणले मृत्यु भई मानव अधिकार उल्लघंन भएको भन्ने कुरा नागरिक तथा राजनितिक अधिकारको प्रकृति जस्तो बाँच्न पाउने अधिकारको उल्लघंन भए जस्तो हुदैन । नागरिक तथा राजनीतिक अधिकार अन्तर्गतको बाँच्न पाउने अधिकारको उल्लघंन सामान्यतः सरकारी/ गैरसरकारी/ संगठित समुहको कर्तव्यबाट व्यक्तिको जीवन समाप्त भएको हुन्छ। तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अन्तर्गत पर्ने खाद्यान्न अभावको आधारमा बाँच्न पाउने अधिकारको उल्लघंन ... परिस्थितिजन्य कारणबाट पनि हुनसक्ने अवस्थामा यस घटनामा ... प्रत्यक्षरुपमा कसैलाई दोषी बनाउन मिल्ने अवस्था देखिएन।

१५. ...।

१६. पीडितको आर्थिक तथा सामाजिक अवस्था हेर्दा पीडितको दुई नाबालक छोराहरू र एक अपाङ्ग पति मात्र घरमा रहेका । पति अपाङ्गता भएका कारण कुनै काम गर्न

नसक्ने अवस्थामा रहेका। सम्पत्तिको नाममा एक हलको जमिन र एउटा काठको घर मात्र रहेको। काम गर्ने मानिसको अभावमा एक हलको जमीन पनि खनजोत गर्न नसकेको र पीडित एक जनाले मजदुरी गरी घर चलाउने गरेको। पीडितले भोकै बसेर भएपनि छोराहरू तथा पतिको पेट पाल्ने गरेको। जसका कारण पीडित विभिन्न रोगहरूबाट ग्रसित भई अन्तमा मृत्यु भएको भन्ने मिसिल संलग्न पीडितका छोराको बयान, सोही गाउँका समाजसेवी ... र तत्कालीन गाविस ... ले आयोगलाई दिएको जानकारी समेतबाट उजूरीमा उल्लेख गरिए जस्तो मृतकको चरम गरिबी र खाद्य अभावको अवस्थालाई छर्लङ्ग पार्दछ। साथै घरमा पीडितको श्रीमान्मा रहेको अपाङ्गताको अवस्था र दुई नाबालक छोराहरूलाई पनि पाल्नुपर्ने पारिवारिक अभिभारा पनि रहेको देखिन्छ। यस परिस्थितिमा आयआर्जनको अन्य श्रोत केही नभएको, घरमा अरु कोही आयआर्जन गर्न सक्ने पारिवारिक सदस्य नरहेको भन्ने परिस्थितिले गरिबीको चरम अवस्थामा जीवन गुजार्न बाध्य रहेको देखियो।

१७. गरिबी आफैमा मानव अधिकारका बहुआयमिक विषयवस्तुलाई प्रभावित पार्ने अवस्था भएकोले त्यसको कारणबाट कसैको जीउ ज्यान प्रभावित हुन्छ भने त्यस्तो अवस्था मानव अधिकारको आधारभूत विषय हो र त्यसमा राज्य मौन बस्न मिल्दैन। हुम्ला जिल्ला उच्च पर्वतीय जिल्ला भई तत्कालीन कर्णाली अञ्चलमा पर्ने देखिन्छ। तत्कालीन कर्णाली अञ्चल र सुदूरपश्चिमका केही जिल्लाहरूमा खाद्य, स्वास्थ्य शिक्षाको अवस्था नाजुक रहेको भन्ने २०६८ सालको जनगणनाको प्रतिवेदन, आयोगबाट तत्कालीन कर्णाली अञ्चल लगायत सुदूरपश्चिमका केही जिल्लामा खाद्य, स्वास्थ्य र शिक्षाको अवस्था सम्बन्धमा गरेको अनुगमन/अनुसन्धान प्रतिवेदनबाट समेत स्पष्ट हुन्छ।

१८. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को नेपालले अनुमोदन गरी पक्ष राष्ट्र भईसकेको छ। ती मध्ये प्रतिज्ञापत्रमा भएको व्यवस्था अनुसार नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्व राज्यको हो। यसले आफु र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको कुरालाई स्वीकार गर्नुका साथै पर्याप्त खाद्य, कपडा र आवासको अधिकार समेतलाई स्विकार गर्दछ। पक्ष राष्ट्रले यस अधिकारको सुनिश्चित गर्न आवश्यक कदमहरू चाल्नु पर्ने र भोक विरुद्धको अधिकारको पनि सुनिश्चित गर्दै विशेष कार्यक्रम र उपायहरू पनि अवलम्बन गर्नु पर्दछ। उल्लेखित प्रावधानहरू सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपालको हकमा बाध्यात्मक रहेका छन् र ती प्रावधानहरू नेपाल कानून सरह लागू हुने विषय हुन।

१९. मानव अधिकारको यस व्यवस्था अनुसार तत्कालीन नेपालको अन्तरिम संविधानको प्रस्तावनाले नागरिक स्वतन्त्रता, मौलिक

अधिकार, मानव अधिकार समेतका मुल्य मान्यता प्रति पुर्ण प्रतिबद्धता व्यक्त गरेको छ। धारा १२ मा सम्मानपुर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गरेको छ । यस सम्मानपुर्वक बाँच्न पाउने शब्दको अर्थ रोग, भोग र शोकमा सधैभरि बाँच्ने परिस्थिति होईन। यस्तो परिस्थितिबाट मुक्त भई मर्यादित रुपमा बाँच्न पाउने अवस्थाको सुनिश्चित हुनु हो। ...।

२०. संविधान, कानून, नीति, योजना र कार्यक्रममा व्यवस्था भए बमोजिमको अधिकारको संरक्षण गर्नु गराउनु राज्यको दायित्व भएपनि ... राज्यबाट ती दायित्व व्यवहारमा कार्यान्वयन भयो भएन भन्ने प्रश्न अहम् हुन आउँदछ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षणको सन्दर्भमा राज्यले प्रवाह गरेको सेवा सहज रुपमा उपलब्ध (Availability), सहज पहुँच (Accessibility), स्विकार्यता र अनुकुलन (Acceptability and Adaptability) एवम् गुणस्तरीय (Quality) हुनुपर्दछ। तर प्रस्तुत घटनामा पत्थरकला कामीले चरम गरिबीको शिकार भई आफनो संरक्षकत्वमा रहेका श्रीमान र दुई नाबालक सन्तानको गाँस, बास र कपासको व्यवस्था स्वयंमूले गर्नुपर्ने बाध्यात्मक अवस्थामा खाद्य अभावले थप संकट पैदा भई ... स्वास्थ्यमा प्रतिकुल असर परेको देखिन्छ। परिणाम, सोही कारण निज बिरामी भई ज्यान गुमाउनु परेको देखियो । यस अवस्थामा ... कुनै व्यक्ति विशेष दोषी नभएपनि राज्य र तिनका संयन्त्रले पीडितको भोक विरुद्धको अधिकारको संरक्षण गर्न नसकेको र समयमै त्यसको अध्ययन गरी उनिहरूको अधिकार उल्लघंन हुनबाट बचाउन ...भूमिका निर्वाह गर्न नसकेको देखियो। जसको कारण खाद्यान्न अभाव र सोबाट निजको स्वास्थ्यमा परेको प्रतिकुल प्रभावबाट निज पत्थरकला बिरामी भई मिति २०६४/११/१४ गते ज्यान गुमाउन बाध्य भएकी हुँदा ... निजको संविधान र अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेको सम्मानपुर्वक बाँच्न पाउने अधिकारको हनन् भएको देखियो । तसर्थ मानव अधिकार हनन्‌बाट पीडित भई मृत्यु भएकी निज पत्थरकला कामीको कानून बमोजिमको हकवालाहरूलाई रू.५०,०००।- क्षतिपुर्ति स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने ठहर्छ।

२१. यो निर्णयको कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सिफारिस गरी सोको जानकारी पीडित तथा उजूरकर्तालाई समेत दिनु र उजूरी फाइल अभिलेख शाखामा नियमानुसार बुझाइदिनु।

.......... .......... ..........
सदस्य सदस्य सदस्य

........... ............
सदस्य अध्यक्ष

**पम्फा देवी मैनाली**
मानव अधिकार अधिकृत

इति सम्वत् २०७८ साल मंसीर १२ गते रोज १ शुभम् .................................

# राष्ट्रिय मानव अधिकार आयोग

माननीय अध्यक्ष श्री तप बहादुर मगर
माननीय सदस्य डा. सुर्य प्रसाद शर्मा ढुङ्गेल
माननीय सदस्य श्री मिहिर ठाकुर
माननीय सदस्य श्री मनोज दुवाडी
माननीय सदस्य श्री लिली हजूर बस्न्यात (थापा)

**निर्णय**
**सम्वत २०५९ सालको क्षेत्रीय कार्यालय, जनकपुरको उजुरी नं. ३८२।**

## विषय: बलात्कार मुद्दामा प्रभावकारी अनुसन्धान नभएको ।

**पीडितको शरीरमा Abrasion on multiple placed, Swollen lower lip, Bite marks in neak, Bruise on Ant.chest भनी उल्लेख भएको अवस्था, आयोगको कार्यालयमा विज्ञहरूसंग भएको छलफल, घटनापछि पीडितको शरीरको मुख, घाँटी, स्तन र स्तनको वरपरको भाग, पाखुरा, गोडा समेतमा देखिएका घाउचोट, नीलडाम र मानसिक रुपमा केटा(पुरुष) मान्छे देखेमा डराउने, नबोल्ने, एक्लै बस्न रुचाउने, ठुलो स्वरले कोही बोल्यो भने डराउने, नुहाउन नमान्ने, लुगा फेर्न नमान्ने, राति नसुत्ने, एक्लै बरबराउने जस्ता समस्या रहेका विशेषज्ञ संस्थाबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएको व्यहोरा र विशेषज्ञहरू सँगको छलफलमा उल्लिखित लक्षणहरू यौन दुर्व्यवहारका लक्षणहरूसँग सम्बन्धित हुनसक्ने भनी प्राप्त सुझावहरूबाट समेत पीडित माथि यौनजन्य अपराध भएको होईन भनी भन्न सकिएन।**

- प्रकरण नं. ५६

**सशस्त्र प्रहरी बलले आयोग समक्ष आफ्ना कर्मचारीको संलग्नता नरहेको भनी तथ्य र प्रमाणगत रुपमा किटानी गर्न नसकेको अवस्था, घटना हुनासाथ विभिन्न सञ्चार माध्ययमहरूमा प्रकाशित समाचारहरू, आर्थिक, सामाजिक, साँस्कृतिक र परिस्थितिजन्य अवस्थाको विश्लेषणबाट यी पीडितले बिना आधार र कारण पूर्वाग्रही भएर सशस्त्र प्रहरी, त्यसमा पनि पाँचजना प्रहरी माथि आरोप लगाउनु पर्ने कुनै अवस्था नदेखिनु, पीडितले संख्या नै यकीन गरी पाँचजना प्रहरीले नै घटना घटाएको भनी किटानी गर्नु समेतका तथ्यहरूबाट अनुसन्धान गर्ने निकायको लापरवाहीको कारण प्राविधिक रुपमा बलात्कार भएको यकीन गर्न नसकेको भएपनि अन्य परिस्थितिजन्य प्रमाण र सम्भाव्यताको सिद्धान्त (principle of probability) को आधारमा समेत प्राप्त प्रमाणले पीडितमाथि सशस्त्र प्रहरीका कर्मचारीबाट बलात्कार भएको होईन भनी निष्कर्षमा पुग्न सकिएन।**

- प्रकरण नं. ५७

**सञ्चार माध्यमहरूमा घटनाको सम्बन्धमा सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणका पाँच जना कर्मचारीको संलग्नता भएको भनी व्यापक रुपमा प्रकाशित तथा प्रशारित गरेका समाचारहरू, ती समाचारहरूको सशस्त्र प्रहरी बलबाट तत्काल खण्डन हुन**

नसकेको अवस्था, यति गम्भीर आरोपमा सो गणका प्रमुखले छानबिन र जाँचबुझ गर्नेतर्फ देखाएको उदासीनता, पीडितले निरन्तर पाँच जना सशस्त्र प्रहरीले आफुमाथि घटना घटाएको भनी आरोप लगाई रहेको र उनीहरूलाई देखें भने अहिलेपनि चिन्दछु भनी आयोग समक्ष गरिदिएको बयान र पीडितसँग सशस्त्र प्रहरीप्रतिको कुनै पूर्वाग्रहता रहेको तथ्य स्थापित हुन नसकेको जस्ता तथ्यले यस घटनामा नाम र पद खुल्न नसके पनि माथि उल्लिखित सशस्त्र प्रहरी गणका पाँच जना कर्मचारीहरूको संलग्नता नरहेको भन्न सकिएन।

- प्रकरण नं. ५९

महिलामाथि बलात्कार र बलात्कार पछि ज्यान मर्नसक्ने सम्मको अपराध भई सशस्त्र प्रहरीलाई आरोप लागेको विषयमा सशस्त्र प्रहरीको छानबिन अपेक्षित र अनिवार्य विषय हो। बलात्कार जस्तो फौजदारी अपराधको विषय प्रचलित कानून बमोजिम गम्भीर प्रकृतिको संवेदनशील घटना र विषय हो। यस्ता घटनामा कानूनलाई सहयोग गर्नु जो कोही व्यक्ति वा निकायको दायित्व पनि हो। तर यस घटनामा अनुसन्धान गर्ने, गराउने कार्यमा सशस्त्र प्रहरीले नै नेपाल प्रहरीसँग समन्वय गरेको नदेखिएको। नेपाल प्रहरीले पत्राचार गरे या नगरे पनि आरोप लागि सकेपछि सनाखत गराउने विषयमा सशस्त्र प्रहरीका गणपति स्वयम्ले चासो दिई घटना भएको दिन गणमा उपस्थित भएका प्रहरीहरूको विवरण सहित सनाखत गराउन नेपाल प्रहरीसँग समन्वय गर्नुपर्नेमा त्यसतर्फ पनि चासो दिएको नदेखिएको। आन्तरिक छानबिन गरी त्यसको प्रतिवेदन नेपाल प्रहरी र तालुक निकायलाई उपलबध गराई कर्तव्य पुरा गर्नुपर्नेमा त्यसो गरेको पनि नदेखिएकोले यस घटनामा सशस्त्र प्रहरीबल छिन्नमस्ता गणले आफ्नो कर्तव्य पालना गर्न नसकी कर्तव्य विमुख भएको देखियो।

- प्रकरण नं. ६०

प्रहरीले घटना भएको १३ दिनपछि मिति २०५९/४/१२ गते आन्तरिक छानबिन बोर्ड गठन गरेको, जाहेरी समयमा नै दर्ता नगरेको, जाहेरवालाले जाहेरी दिएको तिथि मितिहरू मिले नमिलेको नहेरिएको, यति संवेदनशील र जघन्य अपराधको घटनामा प्रहरी प्रतिवेदनको आधारमा पनि जाहेरी दर्ता गरिने अभ्यासलाई वेवास्ता भएको, सनाखत गराउने सम्बन्धमा उदासीनता देखाएको, सामान्यतः चौबीस घण्टाभित्र परीक्षण गरिनु पर्ने पीडितको भेजाइनल स्वाव परीक्षण गर्न घटना भएको चौध दिनपछि मात्र अस्पतालमा पत्राचार गरेको र समयमा नै भेजाइनल स्वाव परीक्षण हुन नसक्दा निजमाथि भएको बलात्कारको प्राविधिक प्रमाण सुरक्षित हुन नसकेको जस्ता तथ्यबाट अनुसन्धान कार्यमा जिल्ला प्रहरी कार्यालय महोत्तरी गम्भीर हुन सकेको देखिएन।

- प्रकरण नं. ६२

महिला विरुद्धको हिंसा/यौन हिंसामा तत्काल नमूना लिने, परीक्षण गर्ने, प्रतिवेदन तयार गर्ने समेतका विधि र प्रकृया सम्बन्धमा

**चिकित्सकहरूको मानवीय संवेदनशीलता र सजगता अति महत्वपूर्ण पक्ष हो । तर यस घटनामा चिकित्सकबाट गम्भीरता नदेखाउँदा घटनाको महत्वपूर्ण प्रमाण भेजाइनल स्वावको परीक्षण घटना भएको करिब दुईहप्ता पछिमात्र भई मेडिको लिगल सिद्धान्तको परिपालना नभएको स्पष्ट हुन आयो ।**

- प्रकरण नं. ६४

१. मेरो श्रीमान ... मिति २०५९।३।३२ गते काम गर्न विराटनगर गएको र म नाबालक छोराहरू तथा नाबालक भाइको साथमा सुतिरहेको अवस्थामा राती ११ः३० बजेको समयमा मेरो होटेलमा दिउँसो ४ बजे चिया चुरोट खाएर जाने सशस्त्र प्रहरी गणका पाँच जना प्रहरीहरू आई ढोका खोल भने । मैले नखोलेपछि निजहरू पाँचै जनाले मेरो बाँसको फाटकलाई जर्बजस्ती तोडी भित्र पसी मेरो मुख र आँखामा पट्टी बाँधी बोकेर घरभन्दा पश्चिमपट्टीको मकै बारीमा लगी पहिलो पटक तीन जनाले बलात्कार गरे । त्यसपछि उनीहरूले पश्चिमट्टीको खोलामा लगी पुनः ३/४ जनाले सामूहिक बलात्कार गरेर खोलाको पश्चिम तर्फको जङ्गलमा फालिदिएपछि म बेहोश भएँ । भोलीपल्ट दिउँसो घरगाउँलेहरू मिली सो ठाउँबाट उठाई बर्दिबासको ... को क्लिनिकमा लगी सामान्य उपचार गरी जनकपुर अञ्चल अस्पताल लगेका र त्यहाँ उपचार हुन नसक्ने भएपछि काठमाडौको टिचिङ अस्पतालमा लगी उपचार गरेको कुरा १७ दिनपछि मेरो होस खुलेपछि थाहा पाएँ । यसै बीचमा मेरो बुवा ... ले मिति २०५९।४।३० गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरेको पनि मैले होस खुलेपछि नै थाहा पाएकी हुँ । मैले उपचार पछि मिति २०५९।५।३० मा घर फर्केर जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उपरोक्त सबै विवरण खुलाई बयान समेत दिएकी छु । विपक्षीहरूलाई देखेमा म राम्ररी चिन्दछु । सशस्त्र प्रहरी गणका विपक्षीहरूले मलाई सामूहिक करणी गरी ज्यान मार्ने उद्योग समेत गरेको हुँदा मैले दिएको बयानको आधारमा निजहरूलाई पत्ता लगाई हदैसम्मको कार्वाही गरिपाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी मिति २०५९।६।३ गते ... ले दिएको उजूरी पनि मिसिल संलग्न रहेछ ।

२. उजूरी दर्ता भएपछि आयोगबाट मिति २०५९।६।९ गते ... सशस्त्र प्रहरी बलको प्रधान कार्यालय, स्वयम्भु, काठमाडौ र गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा प्रेषित पत्र मिसिल संलग्न रहेछन् । पत्रमा घटनाको सम्बन्धमा के कसो भएको हो ? निज ... लाई बलात्कार गर्ने पाँच जना सशस्त्र प्रहरीलाई कुन कानून अन्तर्गत के कारवाही भएको छ ? हालसम्म भएको कारवाहीको यथार्थ विवरण यथाशीघ्र आयोगमा उपलव्ध गराइदिनु भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ । उल्लिखित निकायहरूबाट कुनै जवाफ प्राप्त नभए पछि आयोगबाट पुनः मिति २०५९।९।१७ र मिति २०५९।१०।२२ गते ... प्रेषित ताकेता पत्रहरू पनि मिसिल संलग्न रहेछन् ।

३. गृह मन्त्रालयबाट मिति २०५९।१०।२८ गते

... आयोगमा प्राप्त जवाफ मिसिल संलग्न रहेछ। जवाफमा ... ले मिति २०५९।४।३० मा जाहेरी दिएको, ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान गरिएको। मिति २०५९।५।३१ गते पीडित ... नै उपस्थित भई मिति २०५९।३।३२ गते राती सशस्त्र प्रहरी गणका पाँच जनाले आफुलाई घरबाट जंगलमा लगी बलात्कार गरी छाडेको हुँदा कारवाही गरिपाउँ भनी कागज गरेको। सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्र.ना.उ. शरद कुमार शर्माको संयोजकत्वमा एक छुट्टै अनुसन्धान टोली गठन गरी आवश्यक अनुसन्धान भैरहेको। सशस्त्र प्रहरी गण बर्दिवासका जवानहरूलाई झिकाई निज पीडितबाट सनाखत गराउनु पर्ने भएकोहुँदा प्र.प.का.अ.अ.विभागमा अनुरोध गरिएकोमा विभागबाट सशस्त्र प्रहरी प्रधान कार्यालय, हल्चोक काठमाडौंलाई आवश्यक सहयोगका लागि पत्राचार भएको। अनुसन्धान कार्य तदारुकताका साथ पूरा गरी कारवाही चलाउन उक्त कार्यालयलाई निर्देशन दिइएको भन्ने समेत व्यहोरा उल्लेख रहेछ।

४. सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट पनि मिति २०५९।१०।२२ गते ... मार्फत आयोगमा प्राप्त जवाफ पनि मिसिल संलग्न रहेछ। उक्त पत्रको जवाफमा गणमा ठूलो संख्यामा कर्मचारीहरू कार्यरत रहेको र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा एकै पटक सनाखतको लागि उपस्थित गराउन नसकिने हुनाले पीडित पक्षलाई साथमा लिई जि.प्र.का.महोत्तरीबाट अनुसन्धान अधिकृत सनाखतको लागि सम्पर्क गर्न आएमा आवश्यक व्यवस्था मिलाउने भनी यस कार्यालयको च.नं. ४३९ मिति २०५९।७।१५ गतेको पत्रद्वारा मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रुद्र बाहिनी पत्लैया र सशस्त्र प्रहरी बल छिन्नमस्ता गण बर्दिबासलाई निर्देशन दिईएको भन्ने समेत उल्लेख भएको रहेछ।

५. आयोगबाट मिति २०६१।२।१२, च.नं. ४३८० मार्फत सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई प्रेषित पत्र मिसिल संलग्न रहेछ। उक्त पत्रमा उक्त मुद्दा कुन् चरणमा रहेको छ, के कस्तो कारवाही भैरहेको छ, थप जानकारी उपलव्ध गराउनु भन्ने समेतको व्यहोरा उल्लेख भएको देखियो।

६. प्रस्तुत उजूरीमा आवश्यक निर्देशनको लागि तत्कालीन आयोगका सम्बन्धित माननीय सदस्य समक्ष पेश हुँदा घटना पुरानो भएकोले शिघ्रताशीघ्र यस मुद्दालाई अग्र सूचीमा राखी अनुगमन, अनुसन्धान गरी रिपोर्ट साथ निर्णयको लागि मिसिल केन्द्रमा पठाइदिन मिसिल क्षेत्रीय कार्यालय जनकपुरमा पठाइदिनु भन्ने समेत मिति २०६७।४।२६ मा आदेश भएको। उक्त आदेशानुसार मिति २०६७।४।२६, च.नं. ११९ को पत्र मार्फत आयोगको क्षेत्रीय कार्यालय, जनकपुरमा मिसिल पठाइएकोमा उक्त कार्यालयमा २०६७।११।१३ मा पत्र दर्ता भएको। आयोगको क्षेत्रीय कार्यालय, जनकपुरबाट जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई मिति २०७१।१।१७ मा फिल्डबाटै गरिएको पत्राचारको फोटोकपी

मिसिल संलग्न रहेको । उक्त पत्रमा अन्य उजूरीहरूको अतिरिक्त प्रस्तुत उजूरीको सम्बन्धमा थप जानकारी माग भएको रहेछ ।

७. जिल्ला प्रहरी कार्यालय, महोत्तरीले मिति २०७१।२।१, च.नं. ३०३० को पत्र मार्फत आयोगलाई जानकारी उपलब्ध गराउँदा जवाफमा सशस्त्र प्रहरीका जवान पाँचले ज.ज.क. गरेको, निजहरूको नाम थाहा नभएको, देखेमा चिन्न सकिने भनी पीडित ... को कागज समेतबाट खुलेको, प्रतिवादी पत्ता लगाउन सनाखत कार्यको लागि आवश्यक निर्देशन र पहल हुन मजकुर प्र.प.का.प्र.म.नि.को सचिवालय काठमाडौंको च.नं. ३११ मिति २०५९।७।१२ गतेको पत्रद्वारा श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक काठमाडौंमा पत्राचार भएकोमा उक्त कार्यालयबाट कुनै जानकारी प्राप्त नभएको भन्ने समेतको व्यहोरा उल्लेख भएका रहेछ ।

८. प्रहरीको अनुसन्धान यथास्थितिमा रहेको र पीडितले नेपाल सरकारबाट कुनै क्षतिपूर्ति वा राहत प्राप्त नगरेको व्यहोरा मिसिलमा जनाई केन्द्रीय कार्यालयमा मिसिल प्राप्त हुँदा आवश्यक निर्णयको लागि आयोगका सम्बन्धित तत्कालीन माननीय सदस्यसमक्ष पेश हुँदा माननीय सदस्यबाट मिति २०६७।४।२६ गते भएको पूर्वआदेश अनुसार स्थलगत अनुसन्धान गरी सो को प्रतिवेदन, सम्बन्धित निकायको प्रतिक्रिया समेत मिसिलमा संलग्न नदेखिँदा सो कार्य सम्पन्न गरी प्रतिवेदन सहित सक्कल फाइल अबिलम्ब केन्द्रीय कार्यालयमा निर्णयको लागि पठाउन क्षेत्रीय कार्यालय जनकपुरमा पठाइदिनु भनी मिति २०७३।१।१४ मा पुनः आदेश भएको रहेछ । आदेशानुसार केन्द्रीय कार्यालयबाट मिति २०७३।१।१५ गते ... क्षेत्रीय कार्यालयमा मिसिल फिर्ता पठाइएको रहेछ ।

९. आयोगको क्षेत्रीय कार्यालय, जनकपुरबाट मिति २०७४।२।१७, च.नं. फिल्ड मार्फत सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, छिन्नमस्ता गण, बर्दिबास र जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई प्रेषित पत्र मिसिल संलग्न रहेछ । उक्त पत्रमा पीडकहरूको पहिचान गरी कारवाही अघि बढाइएको छ, छैन ? पीडितहरूले दायर गरेको मुद्दा सम्बन्धमा तहाँ कार्यालयबाट के कस्तो कारवाही अघि बढाइएको छ ? यस विषयमा यथार्थ विवरण सहितको प्रतिवेदन तीन दिन भित्र आयोगमा पठाइदिनु भन्ने समेतको व्यहोरा उल्लेख भएको । प्रस्तुत टोलीले पीडित ... लाई भेट्न बर्दिबास पुग्दा निज धेरै अगाडी सिन्धुली जिल्लामा बसाई सराई गरी गई सकेको जानकारी भएको भनी कार्य प्रगति प्रगतिको संक्षिप्त विवरणमा जनाएको रहेछ ।

१०. उल्लेखित कार्यालयहरूले कुनै जवाफ नदिएको । आयोगबाट मिति २०७६।६।८, च.नं. ५० मार्फत इलाका प्रहरी कार्यालय, बर्दिबास, महोत्तरी र जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई प्रेषित पत्र मिसिल संलग्न रहेको । पत्रमा अनुसन्धानको पछिल्लो प्रगति विवरण, आरोपित सशस्त्र प्रहरीहरूको सनाखत गरिए नगरिएको विवरण र प्रहरी

नायव उपरीक्षक शरद कुमार शर्माको संयोजकत्वमा गठन भएको अनुसन्धान टोलीको प्रतिवेदन उपलव्ध गराइदिनु भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ । सो पत्र बमोजिम ईलाका प्रहरी कार्यालय, बर्दिबासले मिति २०७६।६।१३, च.नं. ५४८ मार्फत आयोगमा पेश गरेको विवरण तथा माग भएका कागजातहरू मिसिल संलग्न रहेको । पत्रमा वारदातमा संलग्न अभियुक्तहरूको पहिचान हुन नसकेको, पीडकहरूको सनाखत प्रयोजनको लागि निज पीडित सम्पर्कमा आई सनाखत गरेको नदेखिएको भन्ने समेत उल्लेख भएको रहेछ । साथै ... प्र.ना.उ. शरद कुमार शर्माको प्रतिवेदन पनि प्राप्त भई मिसिल संलग्न रहेछ । सो प्रतिवेदनमा देहायका कुराहरू उल्लेख भएका रहेछन् :

- ... को सम्बन्धमा स्थलगत निरीक्षण समेत गरी बुझ्दा आफ्नो पसल घरमा चिया नास्ता तथा मदिरा समेत विक्रि वितरण गरी बसेकी ... मिति २०५९।४।१ गते दिएँसो निजको घरदेखि पश्चिम तर्फको जंगलमा चोटपटक समेत लागि अचेत अवस्थामा भेटिएकी र निजलाई उठाई उपचार व्यवस्था मिलाइएको, निज के कसरी उक्त स्थानमा सो अवस्थामा पुगिन् भन्ने सम्बन्धमा पीडितका ... र ... को भनाई रहेको ।
- मिति २०५९।३।३२ गते राती खाना खाई पीडित ... को घरमा सुतेको र बिहान उठ्दा ... घरमा नरहेकी र दोकान .. बन्द रहेको, पछि ... को घरदेखि पश्चिमको जंगलमा अचेत अवस्थामा फेला परी उपचारको लागि पठाएको, के कसरी निज सो स्थानमा उक्त अवस्थामा पुगिन् भन्ने सम्बन्धमा थाहा नपाएको भन्ने ... को भनाई रहेको ।
- मिति २०५९।३।३२ गते बेलुका ...को दोकान अगाडी ट्रकहरू रोकी राखेका र ट्रकका चालकलाई ... ले आज म एक्लै छु, बसौं भनी ...ले तानी बसाएको भन्ने ... ले गरेको कागजबाट देखिएको ।
- निजको घर दोकान तथा निज अचेत अवस्थामा फेला परेको घटनास्थल समेतको निरीक्षण हुँदा बर्दिबास बजारको पश्चिम किनारामा निज ...को चिया नास्ता तथा मदिरा समेत विक्रि गर्ने दोकान रहेको, उक्त दोकान घर देखि करिब १५० मिटर पश्चिमतर्फ निजले लगाउने गरेको मेक्सी फेला परेको र ... अचेत अवस्थामा फेला परेको स्थान वरीपरी मडारिएको झारपात देखिएको ।
- ...को उपचार भैरहेको जनकपुर अञ्चल अस्पताल तथा उपचारमा संलग्न चिकित्सक समेतसँग बझ्दा मिति २०५९।४।१ गते निजलाई कुटपीटबाट घाइते परेको भनी अस्पताल भर्ना गरी उपचार भैरहेको र निजको छाती तथा घाँटी वरीपरी समेत चोटपटकहरू लागेको र निज ... होसमा नरहेको बुझिएको । योनीबाट रगत नबगेको, योनी नच्यातिएको, योनी नसुन्निएको र

घाउचोट नदेखिएको, निजले लगाएको लुगा अस्पताल आउँदाको समयमा नच्यातिएको, शरीरको धेरै भागमा घाउचोट देखिएको, शरीरका सबै भागहरू कमजोर तथा विभिन्न भागमा टोकाईको दाग देखिएको भन्ने डाक्टरी प्रतिवेदनमा उल्लेख भएको ।

- निज ...को उपचार काठमाडौमा भैरहेको भन्ने बुझिएको, निजको भाई ... समेत निजसँगै गएको बुझिएकोले ...को होस आएपछि निज र निजको भाई... को समेत बयान गराउने व्यवस्थाका लागि राय पेश गरेको ।

११. ईलाका प्रहरी कार्यालय, बर्दिबासमा रहेको प्रस्तुत घटनासँग सम्बन्धित मिसिल अध्ययन गर्दा देहायका तथ्यहरू पाइएको भनी अनुसन्धान टोलीले पेश गरेको प्रतिवेदनमा उल्लेख भएको । प्रतिवेदनमा उल्लेख भएका कुराहरू देहाय बमोजिम रहेछन् :

- मिति २०५९।४।१६ गते ... का बुवा .... सँग ईलाका प्रहरी कार्यालय, बर्दिबासका प्रहरीले बकपत्र गराएको । सो बकपत्रमा पीडित ... को छोरा ... ले दिदी ... माइस्थान गा.वि.स.को जंगलमा घाइते अवस्थामा छ भनेपछि घटनास्थलतर्फ गएको । ... लगायत ७/८ जनाले बोकी ल्याउँदै गरेका । घाइतेलाई टेम्पोमा राखी स्थानीय मेडिकलमा देखाउँदा उपचार हुन नसकी जनकपुर अञ्चल अस्पताल लिई गएको हुँ । निजलाई राती के कुन् समयमा को कस्ले के उद्देश्यले कुटपीट गरे थाहा भएन । जर्बजस्ति करणी गरेको भन्ने पनि मलाई थाहा छैन भन्ने समेत उल्लेख भएको ।
- सोही मितिमा पीडितकी ... आमा ... ले गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा ... छोरीलाई हेर्दा पेटीकोट मात्र लगाएको अचेत अवस्थामा देखेको । तत्काल टेम्पुमा राखी बर्दिबास बजारको ... को क्लिनिकमा ल्याई उपचार गराउँदा त्यहाँ उपचार हुन नसकी सोही दिन जनकपुर अञ्चल अस्पतालमा ल्याई भर्ना गराई उपचार गराईरहेको । निजको ओठ काटिएको छ, शरीरका विभिन्न अङ्गहरूमा भित्री चोट लागेको छ, उनलाई को कस्ले किन त्यस प्रकार घाईते बनाइदिएको हो भन्ने थाहा छैन भन्ने समेत उल्लेख भएको ।
- प्रहरीको मिसिलमा निज ... को पति ... ले गरेको बकपत्र संलग्न रहेको । उक्त बकपत्रमा ....म कामको सिलसिलामा विराटनगर गएर फर्कंदा मेरो कान्छा ससुरा ... ले घटनाको बारेमा जानकारी गराएको । निजले बताए अनुसार मेरो घरभन्दा करिब १ किलोमिटर पश्चिम राजमार्ग छेउको जंगलमा अचेत अवस्थामा लडिरहेको अवस्थामा फेला परेको र आफन्तहरूले बर्दिबास स्थित क्लिनिकमा उपचारको लागि लगेकोमा त्यहाँबाट उपचार हुन नसकी जनकपुर ल्याई हाल उपचार भैरहेको

छ । अस्पतालमा आई श्रीमतिलाई हेर्दा अचेत अवस्थामा देखें । अनुहार तथा घाँटी र छाती वरीपरी स–साना चोटपटक लागेको देखिएको भन्ने समेत उल्लेख भएको ।

- ...सँगै सुतेका निजका ... ले प्रहरी समक्ष गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा ... बिहान उठ्दा दिदी ... सो ठाउँमा नरहेको, खोजतलास गर्दा नपाइएको, १ गते दिनको करिब २:३० बजेको समयमा ... लाई अचेत अवस्थामा फेला पारी उपचारको लागि पठाएका हौं । मलाई यस भन्दा पहिला कसैले मार्छु भनी बन्दुक देखाएको, तेर्स्याएको होइन, छैन। १ गते बिहान तेरो ... खोई भनी प्रहरीले सोधेको होइन । मिति ०५९।४।१ मा तहल्का पत्रिकामा छापिएको कुराहरू मैले भनेको होइन भन्ने समेतको व्यहोरा उल्लेख भएको ।
- ... का भाई ... ले प्रहरी समक्ष गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा .... लाई घटना स्थलमा गएर हेर्दा पीडित नाङ्गै ... र केही बोल्न नसक्ने अचेत अवस्थामा देखि निजको घरमा आई रातो रङको पेटीकोट र सारी लिई गई लगाइदिएर बुवा आमालाई खबर गर्न गएको । गाउँलेहरू समेत भई स्थानीय मेडिकलमा उपचारको लागि लिई गएको । त्यहाँ उपचार हुन सक्दैन भनेपछि जनकपुरतर्फ लिएर गएको हो । निजलाई को कस्ले कुटपीट गरे थाहा भएन । जर्बजस्ति करणी समेत गरेको भन्ने सम्बन्धमा पनि मलाई यकीन थाहा भएन । साँझमा ... को घरमा आउँदा नाम थाहा नभएका गाउँको दिदीले तिम्रो दिदीको मेक्सी भप्सी पुलको पश्चिमपट्टि छ, लैजाउ भनेकोले मेक्सी ल्याइ राखेको छु भन्ने समेत उल्लेख भएको । सोही बयानमा होटेल अगाडी पट्टि एलपी ट्रकहरू रोकी राखेको थियो, राती कतिबजे गयो, थाहा भएन, के कस्तो परिबन्दबाट उक्त घटना भएको हो भनी थाहा छैन भन्ने समेत ... को भनाई रहेको ।
- प्रहरी समक्ष सामूहिक रुपमा तीन जना व्यक्तिहरूले गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्र मध्ये ... को बकपत्रमा ... गाउँलेहरू समेत मिलि घटनास्थलबाट उठाएर राजमार्गमा निकाल्दा बेहोस भएकी, मुखमा ठाउँ ठाउँमा छाला खुइलेको, सम्पूर्ण शरीर सुन्निएको अवस्थामा मैले देखेको हुँ । घटनास्थल नजिकै भप्सी खोलाको पुल नजिकै पीडितले लगाउने गरेको कालो रंगको म्याक्सी भेटिएको, सँगै रहेका गाई चराउने साथी ... ले हातमा भएको लाठीले उक्त कपडा हेर्दा सेतो रंगको ब्रा र १०० दरको नोट १ थान, १० को नोट ५ थान र रित्तो ढालको खोल १ थान समेत फेला परेको, कपडा र पैसा पीडितको भाईले लिएर गएको हो भन्ने समेत उल्लेख भएको । यस्तै, ... ले गरिदिएको बकपत्रमा समेत प्रायः समान

व्यहोराहरू उल्लेख भएको ।

- ... जङ्गलमा पेटीकोट मात्र लगाएर नाङ्गै, पेटीकोट पनि मास्तिर फर्केको, गुप्ताङ्ग समेत देखिएको, दुवै स्तन वरीपरी घाउखत, अनुहारमा घाउखत भई बेहोस अवस्थामा देखेको हुँ भन्ने समेत ... ले गरेको बकपत्रमा उल्लेख भएको ।
- मिति २०५९।४।१४ गते ... ले प्रहरी समक्ष गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा ... म लगायत पाँच जना मैले चलाई ल्याएको मारुती भेनमा र अर्को गाडीमा ४।५ जना बसी ८।९ जना पुनः जनकपुरतर्फ गएकोमा महेन्द्र नगरमा पनि कबाडी ढाट रहेकोले पूजा पाठ गरी सो रात महेन्द्र नगरमा नै बास बसेका हौं । उक्त राती बर्दिबासको कबाडी ढाटमा आउँदा यकीन नम्बर थाहा नभएको २ वटा ट्रक अर्जुन ट्रेडर्स अगाडी रोकी राखेको थियो । ...लाई को कस्ले कुटपीट तथा ज.ज.क. गरे मलाई थाहा भएन भन्ने समेत उल्लेख भएको ।
- ..., ... र ... ले गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा काम बिशेषले २०५९।४।१ मा पुनः बर्दिबासमा आउँदा ...लाई घरमा सुतिरहेको अवस्थामा नमालुम व्यक्तिले घरबाट उठाई केही पर लगी कुटपीट गरी मरणासन्न अवस्थामा फालिदिएको भन्ने कुरा हल्ला सुनेको हो । पेट्रोल पम्प नजिक नम्बर थाहा नभएको एक ट्रक रोकी पार्क गरिरहेको थियो भन्ने समेत उल्लेख भएको ।
- प्रहरी समक्ष ... ले २०५९।४।१३ गते गरिदिएको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा निज पीडित ... का बुवा ... ले भनेपछि घटनाको बारेमा जानकारी पाएको हुँ । निजलाई जर्बजस्ति करणी गरेको नभई कुटपीट गरेको भन्ने सुनी थाहा पाएको हुँ । घटना के कसरी भएको हो, थाहा छैन भन्ने समेत उल्लेख भएको ।
- मिति २०५९।४।१४ गते अर्जुन ट्रेडर्सका ... ले प्रहरी समक्ष गरेको बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा ... निज ... लाई अचेत अवस्थामा फेला पारी उपचारको लागि जनकपुर अञ्चल अस्पतालमा लगेको भन्ने थाहा पाएको हुँ । निजले १/२ महिना अगाडी देखी मेरो पेट्रोल पम्प देखि अन्दाजी ३०० मिटर पश्चिम राजमार्ग देखी उत्तरतर्फ छाप्रे घरमा होटेल खोली बस्ने गरेको हो । विगत २०/२५ दिन पहिले निज ...को होटेल अगाडी राजमार्गमा ४।५ वटा ट्रक पार्क गरी चालकहरूले खाना खाने गरेका थिए । उल्लेखित दिनहरूमा गस्तीमा आएका सशस्त्र प्रहरीहरूले राजमार्गमा गाडीहरू पार्क गर्न मिल्दैन भनी सम्झाई बुझाई गरी चालकहरूलाई समेत कान समाती उठबस गराई सो पश्चात गाडीहरू उक्त होटल अगाडी रोक्न छोडेको थियो । घटना भएको राती

करिब २०:३० बजेको समयमा निजको होटेल अगाडी १/२ वटा नम्बर थाहा नभएको एलपी ट्रक पार्क गरिराखेको देखेको थिएँ। उक्त ट्रकहरू कुन् समयमा कहाँ गए थाहा भएन भन्ने समेत उल्लेख भएको।

- प्रहरी समक्ष ... ले मिति २०५९।४।१४ गते गरेको बकपत्र मिसिल संलग्न रहेको। उक्त बकपत्रमा ... घटनास्थलमा जाँदा ... मरेको जस्तो, रातो पेटीकोट लगाएको, पेटीकोट पुरै माथि कम्मरतर्फ उल्टिएको र गुप्ताङ्ग समेत खुल्ला रहेको, स्तन खुल्ला रहेको, मुख बन्द, दुवै आँखा खुल्ला रही सेतो देखिएको, बोलाउँदा नबोल्ने, निज रहेको ठाउँमा सानो भिक्सको कटानी बिरुवा रहेको, उक्त ठाउँको भूईमा माटो खोम्रिएको र केही चल्ने चट्पटाउने मात्र गरिरहेको देखेको हुँ भन्ने समेत उल्लेख भएको।
- जनकपुर अञ्चल अस्पतालले मिति २०५९।४।१३ मा तयार गरेको घाउजाँच प्रतिवेदनमा Abrasion on multiple placed, Swollen lower lip, Bite marks in neak, Bruise on Ant. chest, weakness of all, Abrasion on both ... भनी विवरणहरू उल्लेख भएको।
- जनकपुर अञ्चल अस्पतालले मिति २०५९।४।१ गते ... इलाका प्रहरी कार्यालय, बर्दिबास, महोत्तरीलाई प्रेषित पत्र मिसिल संलग्न रहेको उक्त पत्रमा ... Physical Assult बाट पीडित भई मिति २०५९।४।१ देखि २०५९।४।१४ सम्म उपचार गराएकी र मिति २०५९।४।१४ मा Better center मा उपचार गराउनको लागि रेफर गरिएको तथ्य अभिलेखबाट देखिएको। योनीबाट रगत बगेको छैन, योनी च्यातिएको छैन, योनी सुनिएको र घाउ चोट देखिएको छैन। अस्पताल ल्याउँदाको बखत निजले लगाएको लुगा च्यातिएको थिएन। शरीरको धेरै भागमा घाउ चोट देखिएको छ भन्ने समेत उल्लेख भएको।
- जनकपुर अञ्चल अस्पतालको स्वास्थ्य प्रयोगशाला प्रतिवेदन मिसिल संलग्न रहेको। उक्त प्रतिवेदनको स्याम्पल ग्रहण मिति २०५९।४।१४ र प्रतिवेदन तयार भएको मिति २०५९।४।१६ उल्लेख भएको। प्रतिवेदनमा Spermatozoa not seen, pus cell 8-10 Hpf भन्ने उल्लेख भएको।
- यसैगरी प्रहरीको अनुसन्धान फाइल अध्ययन गर्दा क्षेत्रीय प्रहरी ईकाइ कार्यालय, जनकपुरधामबाट मिति २०५९।४।१३, च.नं. ६५ मार्फत जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई प्रेषित पत्र साथ संलग्न समाचार प्रकाशित पत्रिकाको फोटोकपी मिसिल संलग्न रहेको। पत्रमा, भए गरेको के हो ? विशेष चासो राखी वास्तविकता बुझी दोषी प्रहरी माथि कडा भन्दा कडा प्रहरी कार्वाही गरी भए गरेको नतिजा यथाशीघ्र यस कार्यालयमा दिनु भन्ने

समेतको व्यहोरा उल्लेख भएको ।

- घटनाका सम्बन्धमा विभिन्न स्थानीय पत्र पत्रिकाहरूमा समाचार प्रकाशित भएको । प्रकाशित समाचारहरू मिसिल संलग्न रहेको । पत्रिकाहरू मध्ये तहल्का नेपाल भन्ने पत्रिकालाई पटक-पटक धम्की आएको र पत्रकार महासंघद्वारा विरोध गरेको भन्ने समेत समाचारहरू प्रकाशित भएको ।
- ... ।
- मिति २०५९।४।२८ मा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा घटनाको विवरण र पीडित पक्षबाट आवश्यक पहलको लागि उक्त संस्थामा पर्न आएको निवेदनको व्यहोरा समेत खोली आवश्यक अनुसन्धानको लागि पत्राचार गरेको ।
- "बर्दिवास सामूहिक बलात्कार र वास्तविकता एक संक्षिप्त प्रतिवेदन" शीर्षकमा मानव अधिकार संस्था समाज उत्थान केन्द्र समेतका कम्तिमा ८ वटा संस्थाका प्रतिनिधिहरूले तयार गरेको प्रतिवेदन मिसिल संलग्न रहेको । उक्त टोलीले राती ११ बजे घरमा सुतिरहेको बेला जवर्जस्ती ...लाई घरबाट उठाएर जङ्गलमा लगी गरिएको यो सामूहिक बलात्कार अमानवीय, घृणित र निन्दनीय रहेको, संकटकाल होस या युद्धकाल, जुन्सुकै अवस्थामा पनि मानिसको शान्तिपूर्वक बाँच्न पाउने अधिकार अहरणीय हुने, यो अक्षम्य अपराध समेत भएकोले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कार्वाही गर्नुपर्ने, घाइतेलाई उपचारको व्यवस्था गर्नुपर्ने भन्ने समेत प्रतिवेदनको निष्कर्ष तथा सुझाव रहेको ।
- त्रि.वि.फरेन्सिक मेडिसिन विभागको मिति २०५९।४।३१ को घाउ जाँच परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको । उक्त प्रतिवेदनमा शारीरीक र मानसिक परीक्षण गर्दा अन्य विवरणहरूको अतिरिक्त कमजोर, अरुको सहायता बिना उभिन नसक्ने, कुनै प्रतिक्रिया नजनाउने, नबोल्ने कुरा उल्लेख भएको । यस्तै, घाउखतहरूको सम्बन्धमा ५ वटा बुँदामा विवरण खुलाइएको । मुख, दायाँ गाला, घाँटी, पाखुरा, गोडाहरूमा समेत घाउखत रहेको भन्ने समेत उल्लेख भएको ।
- मिति २०५९।४।२६ मा प्रहरी समक्ष निज ... ले सामूहिक जर्बजस्ति करणी मुद्दामा दिएको पूरक जाहेरी मिसिल संलग्न रहेको । उक्त जाहेरीमा ... ढोका खोली हेर्दा तिनै दिउँसो खाजा खाई गएका प्रहरीहरूलाई देखि उनीहरूको मनसाय गलत लागेकोले ढोका बन्द गर्न खोज्दा उनीहरू जबरजस्ती भित्र पसी मलाई समाती कसैले मुख थुन्ने, कसैले हात, कसैले खुट्टा पक्री झुण्ड्याउँदै घर बाहिर लगे । घरमा भएको छोरा र भाई दुवै सानै भएको हुँदा केही गर्न सकेनन् । ती प्रहरीले मलाई मेरो घरभन्दा पश्चिम

उत्तरतर्फ पर्ने जंगलमा लगी उनीहरूले लगाएको बुटले जथाभावी कुटपीट गरेर सामूहिक रुपमा जबरजस्ती करणी गरेका थिए । उक्त पीडा सहन नसकी म बेहोश भएँछु भन्ने समेत उल्लेख भएको ।

- प्रहरीले ट्रक चालक ... लगायत अन्य गाडीहरूमा सवार ..., ..., ... र ... सँग लिएको बयान पनि मिसिल संलग्न रहेको ।
- शुरू उपचार गर्ने क्लिनिकका ... ले मिति २०५९।५।१६ गते निज ... क्लिनिकमा आउँदा पूर्णरुपमा बेहोस अवस्थामा आएकोमा यहाँ रोग छुट्याउने साधन नभएकोले प्राथमिक उपचार गरी थप उपचारको लागि जनकपुर अञ्चल अस्पतालमा रेफर गरिएको भनी दिएको जवाफ मिसिल संलग्न रहेको ।
- मिति २०५९।५।३१ मा ... ले प्रहरी समक्ष दिएको लिखित बकपत्र मिसिल संलग्न रहेको । उक्त बकपत्रमा मेरो आँखा बन्द गर्नुभन्दा अगाडी नै मैले निजहरूलाई देखेको र निजहरूको बोलीचाली समेतबाट मैले निजहरूलाई चिन्नैं । सबैजनालाई देखेमा चिन्दछु भन्ने समेत उल्लेख भएको ।
- जिल्ला प्रहरी कायालय, महोत्तरीले मिति २०५९।७।३, च.नं. १८९६ मार्फत प्रहरी प्रधान कार्यालय, अ.अ.विभागमा अनुसन्धान कार्यमा सहयोगार्थ विषयमा प्रेषित पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा ... निज ... ले सशस्त्र प्रहरीका कर्मचारीहरूलाई देखेमा चिन्दछु भनी बताएकोले अनुसन्धान कारवाही अगाडी बढाउन सशस्त्र प्रहरीका कर्मचारीहरूको सनाखत गर्न आवश्यक निर्देशन र पहल गरिपाउँ भन्ने समेत उल्लेख भएको ।
- प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयको मिति २०५९।७।१२, च.नं. ३११ मार्फत प्रहरी प्रधान कार्यालयबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोक, काठमाडौमा प्रेषित अनुसन्धानको लागि प्रहरी कर्मचारीहरू उपस्थित गराउने सम्बन्धमा प्रेषित पत्र मिसिल संलग्न रहेको ।
- छिन्नमस्ता सशस्त्र प्रहरी गण, बर्दियाले मिति ०५९।९।२९, च.नं. ८०८ मार्फत जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा प्रेषित पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा गणका जवानहरूलाई सनाखत गर्नुपर्ने भए सम्पर्क राख्न आएका पीडित तथा अनुसन्धान अधिकृतहरूलाई आवश्यक व्यवस्था मिलाउन मजकुर सशस्त्र प्रहरी बल प्रधान कार्यालय, प्रशासन विभागबाट लेखी आएको भन्ने समेतको व्यहोरा उल्लेख भएको ।
- सशस्त्र प्रहरी बल छिन्नमस्ता गण, बर्दिबासको मिति २०६१।२।२२, च.नं. १४५५ मार्फत जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई प्रेषित पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा उक्त मुद्दाको

अनुसन्धान कार्य के भैरहेको छ, उक्त मुद्दा किनारा लागि सकेको छ छैन ? किनारा लागि सकेको भए दोषी उपर के कार्वाही भयो, सो समेतको विवरण ७ दिन भित्र पठाइदिनु भन्ने समेतको व्यहोरा उल्लेख भएको । उक्त पत्रका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, महोत्तरीले सशस्त्र प्रहरी बल छिन्नमस्ता गण, बर्दिबासलाई उक्त अपराध घटना को कस्ले गरेका हुन् भन्ने हालसम्म यकीन नभएकोले अनुसन्धान कार्य जारी नै रहेको, मुद्दा किनारा लागिनसकेको भन्ने समेत उल्लेख भएको ।

- सशस्त्र प्रहरी बल राजस्व भन्सार गस्ती, भिठ्ठामोडको मिति २०६२।५।२, च.नं. ०९ को जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई प्रेषित पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा प्रस्तुत मुद्दाको मिसिलको फोटोकपी माग भएको र जिल्ला प्रहरी कार्यालय, महोत्तरीले मिति २०६२।५।१०, च.नं. १३७ मार्फत उक्त कार्यालयलाई माग भएको मिसिल कागजात पठाएको ।
- जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान हुँदै आएको प्रस्तुत मुद्दा जिल्ला प्रहरी कार्यालय, महोत्तरीको मिति २०७३।५।३१, च.नं. ६७९ को पत्र मार्फत ईलाका प्रहरी कार्यालय, बर्दिबास महोत्तरीबाट अनुसन्धान हुनेगरी सक्कल मिसिल सो कार्यालयमा पठाइएको ।

१२. सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणका तत्कालीन गणपति तथा पूर्व अतिरिक्त महानिरीक्षक श्री प्रकाश ओझालाई आयोगद्वारा मिति २०७९/३/१३ मा बन्द सवाल प्रेषित गरिएको । उल्लेखित बन्द सवालको सम्बन्धमा प्रकाश ओझाबाट प्राप्त लिखित जवाफको व्यहोरा यस प्रकार रहेछः

- मिति २०५९/२/३२ मा मैले बर्दिबास चोक नजिक पसल गरी बस्ने ... लाई जबरजस्ती करणी भयो भनी सुनें। निजलाई व्यक्तिगत रुपले चिन्जान नभएपनि एउटा राष्ट्रसेवक भएकोले सो स्थानमा गएँ र घटना स्थलमा भेला भएको जनसमुदायसँग अपराध बारे छलफल समेत गरेको थिएँ । म पुग्दा निज पीडित महिलालाई उपचारार्थ अस्पताल लगिएको भन्ने बुझिन आयो। उक्त समयमा जम्मा भएका जनसमुदाय मध्ये कसैले पनि यो घटना सशस्त्र प्रहरी कर्मचारीबाट भएको हुनसक्ने शंका समेत गरेका थिएनन्।
- ... साहलाई बलात्कार भयो भन्ने कुरा (रातको घटना) भोलीपल्ट बिहान थाहा पाई गएको र स्थानीयसँग गफ समेत भएकोले तत्कालै गणमा आई कार्यरत सुवेदार मेजर (बरिष्ठ नायव निरीक्षक) हवल्दार मेजर र बरिष्ठ सशस्त्र प्रहरी हवल्दारलाई बोलाई कार्यरत सिनियर स.प्रहरी नायव उपरीक्षक, फिल्ड अफिसर (दिन अर्थात् २४ घण्टाको लागि राखिएको सशस्त्र प्रहरी निरीक्षक) समेतलाई साथमा राखी हाम्रो सशस्त्र

प्रहरीबल बर्दिवासबाट जाने उजुरी रहेको स्ट्याण्डबाई अन्य कर्मचारीहरू समेतलाई आन्तरीक छानबिन गरी रिपोर्ट पेश गर्न आदेश दिएको थिएँ। यहि रिर्पोटमा उल्लेखित अपराधमा सशस्त्र प्रहरीको संलग्नता नरहेको Reporting भएको थियो।

- उक्त घटनाको केही दिन पश्चात पत्रपत्रिकामा समेत सो घटना आएपछि मेरो मजकुर कार्यालयबाट थप अनुसन्धान भएकोमा मैले पनि पदिय हैसियत अनुसार आन्तरिक छानबिन कमिटी बनाएको थिएँ । लिखित भए सोही कार्यालयमा कार्यालय कपीको रुपमा हुन सक्छ।
- उक्त घटना अपराध भएको समयमा द्वन्द्वकाल रहेकोले सशस्त्र प्रहरी बल छिन्नमस्ता गणको कमाण्ड सुरक्षित नभएको एवं आन्तिरिक छानबिनबाट कोही कसै उपर शंका गर्ने ठाउँ नदेखिएको।
- उक्त घटनामा अपराध भएको भनिएको स्थान नेपाल प्रहरीको ईलाका प्रहरी कार्यालयबाट अन्दाजी १.५ कि.मि., छिन्नमस्ता गणबाट अन्दाजी ५ कि.मि. र जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट करिब २५ कि.मि. मा रहेको साथै ज्यानमार्ने उद्योग र जबरजस्ती करणी मुद्दा नेपाल प्रहरीको अनुसन्धान दायारामा पर्ने। सशस्त्र प्रहरीको अनुसन्धानमा कुनै भुमिका नरहने हुँदा जाहेरीमा उल्लेख (मैले जनगुनासोबाट सुनेकोले) भएपछि सशस्त्र प्रहरी कर्मचारी (शंकित अपराधी भएमा) नेपाल प्रहरीबाट अनुसन्धान गर्न सनाखत गर्न टोली आएमा तत्कालै सम्पूर्ण कर्मचारीलाई सनाखत परेडमा राख्ने आन्तरिक आदेश दिई नेपाल प्रहरीमा समेत सो सम्बन्धमा पत्राचार गरिएको।
- उक्त गण भरखरै मात्र स्थापना भएको, द्वन्द्व बढ्दै गएकोले विभिन्न चरणमा जग्गा सुरक्षाको दृष्टिकोणले नेपाल सरकारद्वारा अधिकरण गर्नुपर्ने अवस्था विद्यमान भएकोले नेपाल प्रहरीका जिल्ला प्रमुख, प्रमुख जिल्ला अधिकारी, ईलाका प्रहरी प्रमुख र अन्य कर्माचारीहरू समेतको विभिन्न मितिमा सशस्त्र प्रहरीगण हाता भित्र मिटिङ्ग छलफल भईरहेको तर उक्त छलफल अघि, पछि र छलफलका क्रममा पनि यो घटना सम्बन्धी कोही कसैले प्रश्न नउठाएको।
- म सशस्त्र प्रहरीको उपरीक्षक भएकोले घटनाको अनुसन्धानको पक्षमा मेरो कानूनी हैसियत नभएको तर आन्तरिक छानबिन तत्कालै गरिएको र नेपाल प्रहरीको अनुसन्धान गर्नसक्ने अधिकारी प्रहरी निरीक्षक र ईलाका प्रहरी कार्यालय घटनास्थलबाट १.५ कि.मी. मै रहेकोले अनुसन्धान टोलीलाई सहयोग गर्ने तर आफैं अनुसन्धान प्रकृयामा संलग्न हुन नमिल्ने । मैले मेरो काम कर्तव्यप्रति कार्य उदासिनता देखाएको छैन । निज

... वास्तविक पीडित भएको तथ्य र अनुसन्धानले पूर्णता पाउन नसकेको कुरालाई नकार्न नमिल्ने ।

१३. पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री प्रकाश ओझा मिति २०७९ साल असार १३ गते बयानको लागी आयोगमा उपस्थित हुनु भएको, घटनाको सम्बन्धमा सबै जानकारी दिएको, भने बमोजिम लिखत उतार भएपश्चात हस्ताक्षर गर्न नमानेकाले प्रमाणित लिखित बयानमा खुलाइएको मुख्य व्यहोरा यस प्रकार रहेकोः

- घटना भएको भोलीपल्ट मलाई ती महिला माथि भएको अपराधको बारेमा जानकारी भयो । मेरो Public relation राम्रो भएको कारण सर्वसाधारण/चिनजानका व्यक्तिहरूबाट थाहा भयो । यद्यपी राष्ट्रिय मानव अधिकार आयोगबाट पठाईएका कुनै पत्र मैले प्राप्त गरेको छैन । मैले घटनाका बारेमा जानकारी प्राप्त गरेपछि १५ वर्षसम्म नेपाल प्रहरीमा सेवा गरी सशस्त्र प्रहरीमा गएको हुँदा नेपाल प्रहरीमा आफ्नै चिनजानका साथीभाई कार्यरत थिए र कसरी अनुसन्धान गर्ने भन्ने कुरा मलाई अवगत नै थियो । त्यसैले नेपाल प्रहरीका सम्बन्धित अनुसन्धान अधिकृत र जिल्ला प्रहरी प्रमुखलाई बिरामीको उपचार खर्च कस्ले गरेको छ, बुझ्नु भन्ने समेतका क्लूहरू दिएको थिएँ । मैले गणका मेरा ड्युटी अधिकृत तथा सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीलाई नेपाल प्रहरीका अनुसन्धान अधिकृत अनुसन्धानको क्रममा आएमा सबै प्रकारका सहयोग गर्न निर्देशन दिएको थिएँ । त्यसबेला बर्दिबासमा ईलाका प्रहरी कार्यालयले अनुसन्धान गर्दथ्यो, तर मिसिल अध्ययन गर्दा जि.प्र.का. महोत्तरीबाट अनुसन्धान भएको रहेछ, किन यसो गरियो थाहा छैन । मैले मेरो तर्फबाट जे गर्नु पर्ने हो गरे । ती महिला उपचार गर्दागर्दै हेर्नपनि गएको थिएँ । उनी वास्तविक पीडित हुन् भन्ने कुरा स्पष्ट थियो । नेपाल प्रहरीले अनुसन्धान गर्नुपर्ने यो विषयमा मेरो जे जति सहयोग उपलब्ध भयो मेरो पदीय हैसियत बमोजिम थियो ।
- यो घटनामा मैले आन्तरीक अनुसन्धान गर्न जरूरी सम्झिनँ । किनभने यो अपराधजन्य घटना हो र नेपाल प्रहरीको क्षेत्राधिकार भएको विषयमा मैले छानबिन गर्न कुनै समिति बनाईनँ । थोरै कर्मचारी थिए । कतै जानसक्ने अवस्था पनि थिएन र कुनै कर्मचारी outing भएको पनि थिएनन् । यसैले नेपाल प्रहरी उपस्थित भएमा सहयोग गर्ने भनेको ।
- संकटकाल लागेको अवस्था थियो । सशस्त्र द्वन्द्वको अवस्था थियो । यो विषय शंका गर्ने वा नगर्ने भन्ने विषय भन्दा पनि अनुसन्धान कै विषय हो । अनुसन्धानको दायित्व कस्को हो भन्ने कुरामा नेपाल प्रहरीको विषय हो भन्ने कुरा स्पष्ट छ । छानबिनका क्रममा दोषी देखिए कानून बमोजिम कारवाही भैहाल्छ ।

मेरो दायित्व अनुसन्धानमा सहयोग गर्नु हो, नेपाल प्रहरीसंग आवश्यक समन्वय र छलफल गरेकै थिएँ । त्यस समयको घटनामा सबै कुरामा मलाई सम्झना छैन । तथापी मेरो क्षेत्राधिकार अन्तर्गत समन्वय गरेको हो ।

- निज महिला पीडित हुन् । उनको न्याय वा हितका विषयमा सम्मानित आयोगबाट जेजस्तो निर्णय गर्छ त्यो मेरो लागि सधैं स्वीकार्य हुन्छ । उनको उपचार पनि हुनुपर्छ, राज्यले गरिदिनु पर्छ । अपराधीको पनि पहिचान हुनुपर्दछ र कारवाही हुनुपर्दछ ।

१४. ... ईलाका प्रहरी कार्यालय, ... का प्रहरी ... ईलाका प्रहरी कार्यालय, ..., ... को मिति २०७९।३।७, च.नं. ३८४७ को पत्रसाथ ऐ. ८ गते आयोगमा उपस्थित भई दिएको बयानमा निम्न कुराहरू खुलाइएकोः

- केस (उजुरी/जाहेरी) मैले आयोगबाट पनि अवगत गरें र ई.प्र.का.बर्दिबासमा कार्यरत रहँदा मिसिलको अध्ययन गर्दा पनि केही अवगत भएको थियो । मैले उक्त मिसिल प्राप्त गर्दा करिब १६ वर्ष बितिसकेको थियो । मैले जिम्मेवारी लिएपछि उक्त मिसिल अध्ययन गर्दा प्रहरीको प्रारम्भीक अनुसन्धान त्रुटी देखिएको थियो । प्रहरीले घटना थाहा पाए लगत्तै वा जाहेरी परे लगत्तै घटनास्थलको मुचुल्का गर्नुपर्नेमा गरेको छैन । बरामदी मुचुल्का पनि गरेको देखिएन । अर्को त्रुटी तत्कालीन अवस्थामा प्रहरीले गठन गरिएको शरद कुमा शर्मा (प्र.ना.उ.) को नेतृत्वको समितिले दिएको प्रतिवेदन पनि अपूरो रहेको देखियो । वहाँको समितिले घटनास्थलको अनुसन्धान गरी यो यो कार्य गर्नु भनी सुझाव दिएको देखिएन ।
- पीडित मार्फत बयान गरिएका चालकहरूको सनाखत गराउनु पर्नेमा त्यो कार्यपनि गरिएको छैन । यसरी त्रुटी माथि त्रुटी हुँदै आएको रहेछ । अर्कोकुरा पीडितले आरोप लगाएका व्यक्तिहरू सशस्त्र प्रहरीमा कार्यरत रहेको र देखेमा चिन्दछु भनेको पनि रहिछिन् । तत्काल सनाखत गर्ने गराउने कार्यमा तत्कालीन जि.प्र.का. प्रमुखको दायित्व हो । यो कार्य अविलम्ब सम्पादन गर्नुपर्ने थियो । घटनाको समयमा अनुसन्धान हुन नसक्नुमा प्रमुख कारणहरू यिनै हुन् । यसरी यस्तो अवस्थामा प्राप्त भएको घटनाको अनुसन्धान कसरी गर्न सकिन्थ्यो होला र । यसको लागि दुवै प्रहरी संगठनको बीचमा समन्वय, दक्ष जनशक्ति र जनशक्तिलाई यथोचित समय उपलब्ध हुनुपर्दथ्यो ।
- जब मैले उजुरी/जाहेरी अनुसन्धान अधिकृतको जिम्मेवारी लिएँ, यो त केवल "तोक्ने" प्रकृया जस्तो मात्रै भयो । तैपनि मैले केही गर्ने विचार गरेको थिएँ । तत्कालीन सशस्त्रका गणपति प्रकाश ओझा सरसंग भेटेर केही कुरा गर्ने, सशस्त्र प्रहरीलाई पत्राचार गर्ने जस्ता कुराहरू मनमा आएको थियो तर

यी कार्य पनि सम्पादन हुन सकेन। कारण के हो भने त्यतिवेला संघ र प्रदेशको निर्वाचन थियो। निर्वाचनमा खटाईएको कारण यो केसलाई संवेदनशील भएर ध्यान दिन सकिन। गर्न सक्ने कार्यहरूपनि सम्पादन गर्न नसकेको कारण आज आएर धैरै दुःख लागेको।

- यसरी कानूनले निर्धारण गरेको दायित्व पुरा नहुँदा पीडितको न्यायको ढोका बन्द भएको कुराले मलाई दुःख अनुभूति भयो। प्रहरीलाई कुनै घटनाको अनुसन्धान गर्ने जिम्मेवारी दिइसकेपछि अनुसन्धान पूर्ण नभई अन्यत्र सरुवा गर्न नमिल्ने नियम वा अभ्यास नभएकै कारण थुप्रै घटनाहरूको अनुसन्धान निष्कर्षमा पुग्न सकेका छैनन्। यो केशको सन्दर्भमा पनि यो कुरा जिम्मेवार रहेको छ। प्रकाश ओझा सर नेपाल प्रहरीबाटै गएको व्यक्ति हनुहुन्छ। सशस्त्र प्रहरी राज्यकै सुरक्षा निकाय पनि हो र जुनसुकै फौजि संगठन भएपनि संगठनलाई आरोप लागेपछि आन्तरिक रुपमा छानबिन गर्ने अभ्यास अनुरुप सशस्त्र प्रहरीले पनि आन्तरिक रुपमा बोर्ड गठन गरी छानबिन गर्नु पर्दथ्यो। गरेको थियो पनि कि ? तर मिसिलमा यो कुरा देखिंदैन। गरेको थिएन भने यो कुरा सशस्त्र प्रहरीको गैर जिम्मेवार पूर्ण कार्य हो, गरेको भए छाबिनबाट के देखियो भनी नेपाल प्रहरीलाई जानकारी गराउनु पर्दथ्यो। यो कुरा गरेको नदेखिँदा सशस्त्र प्रहरीको उत्तरदायित्व पनि जिम्मेवार देखिन्छ।
- १६ वर्ष अघि सम्पादन गनुपर्ने कार्य १६ वर्षपछि कुन शिराबाट गर्ने भन्ने कुरामा म अन्यौलग्रस्त थिएँ। अहिले आएर "एकै पटक पीडितलाई भेटेर थप कुनै जानकारी ग्रहण गर्न सकिन्थ्यो कि, सशस्त्र प्रहरीसँग लेखपढी गरेको भए सायद अनुसन्धानले नयाँ बाटो लिन्थ्यो कि" भन्ने कुरा चाहिं अनुभूति भयो। यसरी समन्वय नगर्नु नहुनु एक अनुसन्धान अधिकृतको हैसियामा कमजोरी स्वीकार गर्दछु।
- इच्छाशक्ति र समन्वय/सहयोग भएमा अझैपनि दोषी पहिचान हुनसक्छ जस्तो लाग्छ। प्रकाश ओझा सरसंग समन्वय गरे त्यतिवेलाको गणमा को को कार्यरत रहेका थिए भन्ने खुल्न सक्छ। सशस्त्रले आन्तरिक रुपमा छानबिन गरेको हुनपर्छ भन्ने विश्वास लाग्छ र छानबिनबाट के देखियो भन्ने कुरा नेपाल प्रहरीलाई जानकारी वा सूचना दिनुपर्छ। यसो भयो भने सम्भवतः अनुसन्धान पुर्ण हुन सक्छ। अर्को कुरा न्यायको अनुभूति दिलाउँन पीडितलाई क्षतिपुर्ति उपलब्ध गराउन राज्यलाई सम्बन्धित निकायबाट सिफारिस हुनुपर्दछ। अनुसन्धानमा कहाँ कहाँ त्रुटी भएको छ, त्रुटी गर्ने निकायका प्रमुख, अनुसन्धान अधिकृतहरू सबैलाई आयोगले छलफलको लागि बोलाई वैकल्पिक न्यायको बारेमा चर्चा गर्न उपयुक्त होला जस्तो लाग्छ। व्यक्तिगत रुपमा पीडितलाई सहयोगको लागि मैले

के गर्न सक्छु त्यो गर्न तयार छु।

- कुनैपनि कार्यालय प्रमुख स्वयमूले उजुरी /जाहेरी/ मिसिलको अन्तरवस्तु नबुझिकन मिसिल अरुलाई बुझाउनु वा अनुसन्धान अधिकृत तोक्नु चाहिं औपचारिकता पुरा गर्नु जस्तै हो। मलाई अनुसन्धान अधिकृत तोक्नु भन्दा अगाडी करिब ११ महिना मिसिलको अध्ययनबाट कुनै अनुन्धान अधिकृत तोकिएको छैन । जहाँसम्म कार्य उदासिनताको कुरा छ, यसमा मेरो भनाई के छ भने कार्य उदासिनता जानी जानी, थाहा पाएर गरिने कार्य हो जस्मा कुनै सकरात्मक परिणामको अपेक्षा गरिंदैन । मैले पीडितले न्याय नपाओस् वा अपराधी उम्किन सकुन् भनी कुनै विचारले कार्य अगाडी नबढाएको होईन । उक्त मिसिल मेरो जिम्मामा करीव १० महिना रह्यो। मिति २०७४/४/१७ मा जिम्मा लगाईयो भने २०७५/२/११ मा त मेरो सरुवा भयो । यति छोटो अवधिमा, यही बीच निर्वाचन समेत परेकोले त्यता खटिनु पर्‍यो त्यस्तो अवस्थामा केसको अन्तरवस्तु बझ्ने मौका नै पाइएन । ई.प्र.का. मा त्यस समयमा प्रत्येक दिन ९/१० वटा मुद्दाहरू आइरहन्थे । प्रशासनिक/न्यायिक/ प्रकृया पुर्‍याउन जलेश्वर पुग्नुपर्ने भएकाले श्रोत साधन र समय समेत मिलाउन गाह्रो हुन्थ्यो । त्यसैले कार्य उदासिनता नभई काममा त्रुटी भएको मान्दछु।

१५. मिति २०७९/३/७ गते आयोगको अनुसन्धान समिति समक्ष पीडित ... ले घटनाको सम्बन्धमा दिएको थप जानकारी यसप्रकार रहेछः

- मिति २०७९/३/५ मा ईलाका प्रहरी कार्यालय बर्दिबासबाट प्रहरीहरूले बोलाए । उनीहरूले मलाई घटना भएको स्थान चिनाउन लगाए । मैले चिनाईदिएँ । त्यसअघि (आयोगको टोलीले यस अघि मलाई भेटेर गएको भोलीपल्ट) प्रहरीहरूले मलाई बोलाएर ४ जना मानिसहरू चिन्न लगाए। मलाई उनीहरू घटनामा संलग्न जस्तो लागेन। २० वर्ष पछि चिन्न सकिनँ। नचिनेपछि उनीहरू नै हुन् भनी बोलेर पाप गर्न पनि मन लागेन। आफुले त दुःख पाएँ पाएँ, अरुलाईपनि दुःख दिन मन पनि लागेन । कस्ले घटना घटनाएको भनी अस्ती घटनास्थल देखाउन बोलाउँदा सोधे । मैले सशस्त्र प्रहरी नै भनें । अरुकुरा धेरै सोधेनन् । मैले आफैले एक वर्ष अघि पुषमा आगोले पोलेको कुरा चाहिं बताएँ । त्यसबेला मलाई आगोले हिपबाट तिघ्रासम्मको भागमा (पछाडि पट्टी) पोलेको थियो। तर त्यो कारणले मलाई खास समस्या परेन।
- नागरिकताको लागि अहिले कुरा बुझें। अब नागरिकता बनाउँछु। मलाई कान्छो छोराले बढी माया गर्छ । २३ वर्षको भयो। ... नागरिकताको लागि एकजना मेडम आइरहनु भएको छ। केही थप जानकारी भएमा आयोगलाई उपलब्ध

गराउनेछु।

१६. जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख नारायण कुमार आचार्यले मिति २०७९।३।२८ मा आयोगमा उपस्थित भई गरिदिनु भएको बयान मिसिल संलग्न रहेको । उक्त बयानमा देहायका कुराहरू उल्लेख भएको रहेछ :

- शुरूमा इलाका प्रहरी कार्यालय, बर्दिबासबाट घटनाको बारेमा मौखिक जानकारी हुन आएको थियो । उक्त कार्यालयको जानकारी प्राप्त भएपछि आन्तरिक रुपमा छानबिन टोली गठन गरेको हो । जाहेरी नै ढिला गरी प्राप्त भएको हो। त्यस समयमा रेडियो नेपाल, बर्दिबास (ई.प्र.का. बर्दिवासबाट करीव ५०० मिटर टाढा), सिन्धुलीको भिमान लगायतका स्थानहरूमा माओवादी आक्रमण भएको थियो। यस्तै गौशालामा बैंक लुटेको, सर्पल्लो भन्ने स्थानमा माओवादीले दिन दहाडै एकजना प्रहरी मारिदिए । यी लगायत महोत्तरीमा थुप्रै ठाउँहरूमा माओवादीका कृयाकलापहरू भैरहेका थिए । महोत्तरीको सदरमुकाम जलेश्वरमा नेपाल टेलिभिजनमा पनि आक्रमण भएको थियो । ईलाका प्रहरी कार्यालय, बर्दिबास स्वयम् पनि सशस्त्र प्रहरीको क्याम्प भित्र बसेर कार्य सम्पादन गर्दै आएको थियो । यसैले ईलाका प्रहरी कार्यालय, बर्दिबासबाट घटनाको अनुसन्धान गर्ने वा मुद्दा चलाउने अवस्था थिएन।
- प्र.ना.उ.को प्रतिवेदन अनुसार पीडित बेहोस अवस्थामा रहेको, बयान दिने अवस्थामा नरहेको तथा प्रतिवेदनमा चिकित्सकको रिपोर्ट अनुसार जबर्जस्ती करणी भएको भन्ने कुनै यकीन ठोस प्रमाण प्राप्त नभएको तर शरीरको धेरै भागमा घाउचोट र टोकाई देखिएकोमा पीडित अञ्चल अस्पताल, जनकपुर र काठमाडौंको शिक्षण अस्पतालमा उपचारत रहेकीले तत्कालै कानूनी कारवाही बढाउन केही अप्ठ्याराहरू थिए। तरपनि मेरो कार्यालयबाट सत्यतथ्य बुझी आवश्यक कारवाहीको लागि सरकारी वकील कार्यालयलाई जानकारी गराएको थियो । घटना भएको विभिन्न सूत्रबाट खबर प्राप्त भएपछि २०५९/४/१२ मा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्र.ना.उ. शरद कुमार शर्मालाई सत्यतथ्य बुझी प्रतिवेदन पेश गर्ने भनी अनुसन्धानको लागि खटाईएकोमा निजले अनुसन्धान गरी प्रतिवेदन पेश गरेको देखिन्छ । तर मिसिलमा प्रकृति मुचुल्का संलग्न नगरेको कुरा अहिले आयोगबाट जानकारी पाएँ। सामान्यतया घटनाको प्रकृति मुचुल्का फाइल संलग्न हुनुपर्ने हो । किन भएन वा भएर पनि आयोगलाई किन दिइएन ? वा अन्य कारण भए नभएको भन्ने बारे मलाई जानकारी नभएको हो । घटनास्थलको प्रकृति मुचुल्का गराउने तथा फाइल राख्ने दायित्व निजै मुद्दा फाँटका इन्चार्ज

लगायत अनुसन्धान अधिकृतहरूको भएको हुँदा यसमा निजहरूले नै प्रष्ट गराउनुपर्ने । निजहरूले प्रकृति मुचुल्का गराएको रहेछ भने कार्यालयमै मेरो तोक सहितको कागजात हुनुपर्ने थियो । त्यस अवधिमा कार्यालयमा मेरो उपस्थिति भए नभएको समेत मलाई याद छैन ।

- अदालतले प्रहरी उपरीक्षकलाई नभई अनुसन्धान अधिकृतलाई नै बोलाउने गर्दछ । तसर्थ यो मुद्दासँग सरोकार र जानकारी राख्ने प्र.ना.उ. शरद कुमार शर्मा, तत्कालीन ई.प्र.का बर्दिवासका इन्चार्ज प्र.नि. प्यारासिंह योञ्जन तथा अपराध अनुसन्धान शाखाका प्र.नि. राधाकृष्ण बिडारी, प्र.नि. केशवराज बस्नेत लगायत म पछिका कार्यालयका अन्य प्रमुखहरू तथा अपराध अनुसन्धान अधिकृतहरूलाई समेत बुझिपाउँ । घटना भएको जानकारी प्राप्त हुनासाथ माथि उल्लेख भएअनुसार आवश्यक अनुसन्धान कार्यको लागि मैले कार्यालय प्रमुखको हैसियतले बोर्ड गठन गरी प्रकृया अगाडी बढाएकै हो । ई.प्र.का. बर्दिवासबाट सूचना प्राप्त भएपछि तत्कालै सत्यतथ्य बुझी प्रतिवेदन पठाउन मौखिक आदेश भएको थियो । शान्ति सुरक्षा र फरक-फरक मुद्दाको जाहेरी, चिकित्सकको प्रतिवेदन अनुसार बलात्कार भएको भन्ने पुष्टि हुनसक्ने आधारहरू थिएनन् । अनुसन्धान अगाडी बढाउन अनुसन्धान अधिकृत तोकिदिएपछि निजको पनि जिम्मेवारी हुन्छ । सुरक्षा चुनौतीहरूको कारण सबै विषयमा कार्यालय प्रमुखले सुपरीवेक्षण गर्ने परिस्थिति थिएन । यसैकारण अनुसन्धान तत्कालका लागि प्रभावकारी नभएको जस्तो लाग्यो ।
- प्रकाश ओझा नेपाल प्रहरीबाटै सशस्त्र प्रहरीमा गएको हो । मेरो चिनजान थियो । तत्कालको परिस्थितिमा नेपाल प्रहरीको सुरक्षामा समेत सशस्त्र प्रहरीको सहयोग आवश्यक थियो । द्वन्द्वकाल भएकोले दुवै प्रहरी बलले एकअर्कासँग समन्वय गरी द्वन्द्व नियन्त्रण र शान्ति सुरक्षा कायम गर्ने परम कर्तव्य जिम्मेवारी भएको, हामीहरूको आ-आफ्नो कार्यक्षेत्र, अधिकार अलग अलग भएकोले आ-आफ्नो जिम्मेवारी स्वतन्त्रपूर्वक निर्वाह गर्दै आएका थियौं र शान्ति सुरक्षाको अवस्था संवेदनशील भएकोले नेपाली सेना तथा सशस्त्र प्रहरीबलसँग समन्वय गरी आ-आफ्नो कार्य गरेका थियौं । आफ्नो कर्तव्य पालनको सिलसिलामा कसैबाट प्रभावित हुने कुरै आउँदैन । यसरी म कसैबाट प्रभावित भएको थिइनँ । छिन्नमस्ता सशस्त्र प्रहरी गण (बल) बर्दिवास कै प्रहरीहरूले नै घटना गराएको भन्ने जाहेरी भएपनि पीडितका बाबुको जाहेरीमा भने सशस्त्र प्रहरीबाट त्यस्तो घटना भएको भन्ने यकीन किटानी नभएकोले सशस्त्र प्रहरीबाट नै घटना भएको भन्न सकिने अवस्था थिएन । ... तथा निजका पिता ... ले जाहेरीमा फरक फरक कुरा

(ज्यान मार्ने उद्योग र सामुहिक ज.क.) उल्लेख गरेकाले विस्तृत अनुसन्धानको आवश्यकता रहेको तर सोका लागि शान्ति सुरक्षाको अवस्थाले सहज परिस्थिति नभएको । शान्ति सुरक्षासँग सम्बन्धित सबै निकायहरूमा मौखिक तथा आवश्यकता अनुसार लिखित रुपमा समन्वय गर्ने प्रचलन रही आएको छ । त्यसमा पनि माओवादी द्वन्द्वकाल भएकोले विशेष सावधानीका साथ जिल्ला, अञ्चल, क्षेत्र र प्र.प्र.का. लगायत सम्बन्धित सबै निकायहरूमा मौखिक, लिखित जाहेरी गर्नुका साथै समन्वय राख्नुपर्ने हुन्छ र सो गरी आएको थियो । साथै नेपाली सेना तथा सशस्त्र प्रहरीबलसँग आवश्यक सहयोग, समन्वय गरी जिल्लामा शान्ति सुरक्षा गर्ने काम सफलताका साथ सम्पन्न गरेको थिएँ ।

- सनाखत गर्न आएमा सनाखतको लागि सहयोग गर्ने भन्ने सशस्त्र प्रहरीको पत्र प्राप्त हुँदा कार्यालयमा केही कारणवश मेरो उपस्थिति थिएन जस्तो लाग्छ किनकि त्यो पत्रमा मेरो तोक आदेश छैन । कसले तोक लगाए मलाई थाहा छैन । मिसिलमा भएका सम्पूर्ण जानकारी मलाई छैन । किटानी जाहेरीमा उल्लेख भएअनुसार सशस्त्र प्रहरी बलका जवानहरूको सनाखत गराउन आदेश पाउन मजकुर कार्यालयमा लेखापढी गर्दागर्दै ६ महिना पछि सनाखत गर्न आउनु भनी जि.प्र.का. मा पत्र लेखेकोबारे यस आयोगबाट थाहा पाएँ । त्यसपछि महोत्तरीमा मेरो कार्यावधि धेरै बाँकी थिएन । सम्भवतः बर्दिवास क्षेत्रमा त्यस बखत माओवादीको द्वन्द्व चरम अवस्थामा रहेको हुँदा सशस्त्र प्रहरी बलबाट सनाखत गराउने सम्बन्धको पत्र बारे तत्काले कारवाही गर्न सम्भव नभएको हुनसक्छ । साथै घटना घटेको करिब ६ महिनापछि छिन्नमस्ता सशस्त्र प्रहरी गणबाट प.सं. ०५९/६०/३१, च.नं. ८०८ मिति २०५९/९/२९ गते अनुसन्धान टोली उपस्थित हुने पत्र प्राप्त भएको बारे पनि आयोगबाट थाहा पाएको । वर्षात र कच्ची बाटोको अवस्था (सम्भावित धरापको खतरा) ले तत्काले जलेश्वरबाट बर्दिवास गई सनाखत गर्ने कार्यगर्न सुरक्षाको दृष्टिकोणले सम्भव थिएन होला । त्यस समयमा माओवादीबाट बर्दिवास रेडियो स्टेशनमा बम बिस्फोटन, गौशालाको बैंक लुटी मानिस पनि मरेको, गौशाला सँगैको जंगलमा माओवादी र सशस्त्र प्रहरीको दोहोरो भिडन्त भएको साथै त्यसताका सिन्धुलीको प्रहरी ईकाई भिमान लगायत नजिकैका जिल्लाहरूको विभिन्न स्थानहरूमा वम बिस्फोटन गराई धनजनको क्षति गराएकोले अवस्था अत्यन्तै गम्भिर र नाजुक भई पीडितलाई साथै लिई जाने अवस्था नै थिएन होला ।

- अनुसन्धानको क्रममा परेका २ वटा

उजुरीहरूमा पीडित पक्ष र चिकित्सकको भनाई फरक-फरक आएकोले आवश्यक छानबिन भैरहेको अवस्था भएको हुँदा तत्कालै कसैलाई पनि आरोपित भनी यकीन गर्न नसकिएको हुनसक्छ । साथै किटानी जाहेरी, उजुरी, दरखास्त लामो समयपछि जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा प्राप्त भएको । उक्त समयमा माओवादीको द्वन्द्व चरम उत्कर्षमा पनि थियो । प्रहरी कार्यालय प्रमुख भई काम गर्दा दैनिक काम कारवाही भन्दा पनि सम्पूर्ण जनताको शान्ति सुरक्षालाई विशेष ध्यान दिनुपर्ने भई कार्य व्यवस्तता बढेको थियो ।

- प्र.ना.उ. शरद कुमार शर्माको प्रतिवेदनमा मिति २०५९/३/३२ गतेको बेलुका ...को दोकान अगाडी ट्रकहरू रोकिराखेका र ट्रक चालकलाई ...ले आज म एक्लै छु बसौँ भनी ...ले तानी बसाएको कुरा निजको घरछेउ हुँदै भैंसी चराउन आउने ...को कागजबाट देखिएको भनी उल्लेख गरेका छन् । यसरी यो घटना सशस्त्र प्रहरीबाट वा ट्रक चालकहरूबाट वा अन्य कसैबाट भएको बारे विस्तृत अनुसन्धानको आवश्यकता देखिन्थ्यो । तर मेरो कार्यकालमा अनुसन्धान पूर्ण रुपले सम्पन्न भई नसकेको अवस्था देखिँदा अभियोजनको पक्षबाट दोषी यकीन हुनसक्ने अवस्था नभएको । त्यसपछि मेरो सरुवा भैसकेको अवस्था हुँदा उक्त अनुसन्धान कारवाही अगाडी बढाउने जिम्मेवारी त्यसपछिका प्रहरी प्रमुखहरू तथा अपराध अनुसन्धान अधिकृतहरूको समेत हुने व्यहोरा सर्वविदितै छ । कार्यालय प्रमुखको हैसियतले मेरो नैतिक जिम्मेवारी भएपनि सो घटनामा सम्पूर्ण छानबिन गरी आवश्यक कानूनी कागजात, मुचुल्का आदि बनाउने जिम्मेवारी निज प्र.ना.उ.तथा मुद्दा फाँटकै हुने हुँदा मैले अनुसन्धानमा कुनै हस्तक्षेप गरेको थिएन र नियमित प्रकृयाबाट अगाडी बढेका थियो ।

१७. जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रहरी नायव उपरीक्षक शरद कुमार शर्माले २०७९।३।२८ मा आयोगमा उपस्थित भई गरि दिएको बयान मिसिल संलग्न रहेको । उक्त बयानमा देहायका कुराहरू उल्लेख भएको :

- मिति २०५९/४/१२ मा यस घटनाको लागी सत्यतथ्य बुझ्ने जिम्मा मलाई लगाईएको हो । कुनैपनि घटनाको जाहेरी प्राप्त भएपछि कार्यालय प्रमुखको तोक लागेपछि मात्र दर्ता हुने प्रकृया हो । दर्ता प्रकृया सम्बन्धमा मुद्दा फाँटले हेर्ने हो । प्रहरीमा जाहेरी परेपछि विधिवत दर्ता नभएपनि अनुसन्धान प्रकृया अघि बढाउने प्रचनल छ । मलाई घटनाको सत्य तथ्य बुझी प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिईएको हुँदा सोही बमोजिम आफुले बुझेसम्मको प्रतिवेदन बुझाएको ।

- म जिल्ला प्रहरी कार्यालय महोत्तरीको प्रमुख नभई प्रमुखको निर्देशन बमोजिम काम गर्ने हो । किन जि.प्र.का.महोत्तरीले अनुसन्धान गराएको भन्ने कुरा थाहा भएन । यो प्रश्न गर्ने अधिकार पनि मातहतको कर्मचारीलाई हुँदैन । प्रतिवेदनमा समितिका सबैले सहीछाप गर्ने प्रचलन छैन । जस्को नेतृत्वमा हो उसैले मात्र सहीछाप गर्ने हो । मलाई सत्यतथ्य बुझ्ने मात्रको जिम्मा लगाईएको हुँदा मैले देखे जाने सम्मको बुझेर प्रतिवेदन गरेको छु । मुचुल्का गर्ने जिम्मेवारी मलाई थिएन र मैले गर भनी निर्देशन दिन पनि मिल्दैन । यो सबै अनुसन्धान अधिकृतले गर्ने हो । मैले तत्काल भेटिएको सत्यतथ्य बुझेर घटनास्थलको विषय, मेडिकल रिर्पोटको विषय र पीडित भनिएकी ... काठमाडौंमा उपचारत छिन् भन्ने बुझिन आएको हुँदा कहाँ कुन अस्पतालमा उपचारत छिन्, बुझ्न र घटनाको समयमा साथै रहेको पीडितको भाई ... को बयान लिन र ... आएपछि निजको समेत बयान लिने सुझाव आफ्नो प्रतिवदेनमा दिएको छु । घटनास्थलको मुचुल्का गर्ने, स्केच गर्ने, घटनास्थलमा प्राप्त सामानहरू बरामद गरी मुचुल्का गर्ने, घटनास्थल कर्डन गर्ने लगायतको कार्यहरू मेरो जिम्मेवारी अन्तर्गत नपरेको व्यहोरा जानकारी गराउन चाहन्छु । मेरो प्रतिवेदन मैले यथाशक्य छिटो कार्यालयमा बुझाएको हुँ । प्रतिवेदन पेश भएपछि थप केही गर्नुपर्ने देखिएको भए थप निर्देशन भए बमोजिम काम गर्ने थिएँ । त्यसो पनि भएन । त्यसैले मैले जाने बुझेसम्मको काम गरी प्रतिवेदन बुझाएको हुँ ।
- तत्कालीन समयका सशस्त्र प्रहरी बल छिन्नमस्ता गणका गणपति श्री प्रकाश ओझा सरसँग मेरो सम्बन्ध राम्रै थियो । त्यस्तो असहज मान्नु पर्ने कुनै कारण पनि थिएन । आपसी समन्वयमा काम गर्न नसकिने अवस्था पनि थिएन । सशस्त्र प्रहरी बलका केही कर्मचारीहरूलाई आरोप लागेपछि उक्त कार्यलयसँग समन्वय गरी अनुसन्धान गर्नुपर्ने भन्ने कुरा सत्य हो । तर किन समन्वय हुन सकेन मैले जान्दिनँ । मलाई तत्काल सत्यतथ्य बुझी प्रतिवेदन बुझाउने सम्मको जिम्मेवारी रहेकोले प्रतिवेदन बुझाएपछि उक्त मुद्दाको अनुसन्धान प्रकृया कहाँ पुग्यो त्यो मलाई थाहा भएन । यो पनि मुद्दा शाखाले नै हेर्ने विषय भयो । मेरो जिम्मेवारी भनेको प्रतिवेदन नबुझाउँदा सम्मको हो । त्यस पछि यस मुद्दाको अनुसन्धान प्रकृयामा म संलग्न रहिनँ । सनाखत गराउने जिम्मेवारी पनि अनुसन्धान अधिकृतको हो । सनाखत गराउने नगराउने निर्णय पनि इन्चार्जले गर्ने हो । त्यसमा पनि मैले साउन मै प्रतिवेदन बुझाएपछि मेरो जिम्मेवारी सकियो । त्यसैले २०५९/९/२९ को विषय मलाई थाहा पनि भएन । म यो केसको अनुसन्धान

अधिकृत होईन। मेरो जिम्मेवारी भनेको घटनाको तथ्यसत्य बुझी यथासक्य छिटो प्रतिवेदन बुझाउने हो । त्यसमा थप निर्देशन भए काम गर्ने हो त्यो भन्दा बढी मेरो जिम्मेवारी हुँदैन । मलाई दिएको जिम्मेवारी मैले पुरा गरेपछि कार्य उदासिनता कसरी भन्ने ? मैले मेरो प्रतिवेदनमा शुरूमा उपचार गराउन लैजाने ... लाई बुझ्न खोज्दा निज भारतमा भएको कारण बुझ्न नसकिएको, घटना भएको रातमा ...को पसल छेउमा केही ट्रकहरू रोकिएर बसेको र ट्रक डाइभरलाई ...ले म आज एक्लै छु यतै खाना खाऔं भनी खाना बनाएको भनी पसल छेवैका ... ले दिएको बयान, अनुसन्धानलाई थप सहयोग हुन्छ भन्ने हिसाबले थप बुझ्नु पर्ने व्यक्तिहरू समेत खुलाई आफ्नो राय सहितको प्रतिवेदन समयमै बुझाएको हुँदा मैले कार्य उदासिनता देखाएको छैन।

१८. निज पीडित ... को उपचारमा संलग्न रहेका तत्कालीन जनकपुर अञ्चल अस्पतालमा कार्यरत चिकित्सकहरूलाई आयोग टुरमुकाम जनकपुरबाट मिति २०७९।३।६ मा निजहरूसँग सम्बन्धित सवालहरूको जवाफ माग गरी पत्राचार भएको। मिति २०७९।४।६ मा तीन जना र मिति २०७९।४।१२ मा एक जना चिकित्सकको जवाफ प्राप्त भएको । (अ) उपचारको लागि भर्ना भए लगत्तै Physical Assult का विभिन्न चोटपटकहरू उल्लेख गरेपनि निजको यौनाङ्ग परीक्षण नगरिएको । (आ) २०५९।४।१ मा भर्ना भएको बिरामीको २०५९।४।१४ मा मात्र Vaginal Swab संकलन गरिएको । (इ) फरक फरक विषयका चिकित्सकहरू उपचारमा संलग्न भएपनि निज पीडित माथि बलात्कार भएको हुनसक्ने तर्फ आपसी समन्वय गरी परीक्षण गर्नेतर्फ ध्यान नगएको भन्ने सवालमा डा. रामलखन साह, डा. कुलदिप पण्डित, डा. रामनरेश पण्डित र डा. मिथिला शर्मा अधिकारीको लिखित जवाफ मिसिल संलग्न रहेको।

उपचारमा संलग्न रहेका चिकित्सकहरूको जवाफमा बर्दिबास ईलाका प्रहरी कार्यालयद्वारा तत्कालीन जनकपुर अंचल अस्पतालमा उपचारार्थ भर्ना भएको ... को सम्बन्धमा घाउ खत जाँचको लागि POLICE CASE FORM तथा यौनाङ्ग परीक्षणका लागि छुट्टै चिठ्ठी पठाएकोमा तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट डा. लखनलाल साहज्यूले तीन सदस्यीय सम्मिलित चिकित्सकहरूको बोर्ड गठन गर्नु भएको थियो। हामी संलग्न चिकित्सकहरू सोही मितिमा निज ... को घाउ खत जाँच गरी POLICE CASE FORM मा लेखेको तथा यौनाङ्ग सम्बन्धी सोधिएका बुँदागत सवालहरूको जवाफ सोही पत्रको पछाडिपट्टी लेखी अस्पताल प्रशासनलाई बुझाएका थियौं । मिति २०५९/४/१४ बर्दिवास ईलाका प्रहरी कार्यालयको पत्रानुसार तत्कालीन मेडिकल सुपरिटेन्डेन्टज्यूले गठन गर्नु भएको बोर्डमा हामी संलग्न चिकित्सकहरूले अह्राए बमोजिम यौनाङ्ग जाँच तथा VAGINAL SWAB संकलन गरेका थियौं भन्ने समेत

उल्लेख भएको ।

१९. यस्तै तत्कालीन मे.सु. को जवाफमा ... मिति २०५९/४/१ मा तत्कालीन जनकपुर अञ्चल अस्पतालमा उपचारको लागि भर्ना भएकी थिइन्। म निज ... को उपचारमा संलग्न थिईंन । च.नं. १५ मिति २०५९/४/१३ मा इलाका प्रहरी कार्यालय बर्दिबासबाट घाउ खत जाँच गर्न केश फाराम र बुँदागत प्रश्नहरू सहित यौनाङ्ग परीक्षण गरिदिन पत्र पठाएको थियो । सो कार्य सम्पादनको लागि तीन जनाको चिकित्सकीय मेडिकल बोर्ड गठन गरिदिएको थिएँ । बरिष्ठ स्त्री रोग विशेषज्ञ डा. मिथिला शर्मा अधिकारी, मेडिसिन विशेषज्ञ डा. कुलदिप पंडित र स्त्री रोग विशेषज्ञ डा. राम नरेश पंडित बोर्डका सदस्यहरू थिए । ईलाका प्रहरी कार्यालय बर्दिबासबाट मिति २०५९/४/१४ च.नं. १५ मा पठाईएको पत्र पाउना साथ सो कार्य सम्पादनको लागि मेडिकल बोर्ड गठन गरेको थियो । सो बोर्डले तत्कालै भेजाइनल स्वाव संकलन गरेका थिए । म निज ... को उपचारमा संलग्न थिइन । इलाका प्रहरी कार्यालय बर्दिबासको च.नं. १५ मिति २०५९/४/१३ को पत्र पाउना साथ मेडिको लिगल जाँच गर्न मोडिकल बोर्ड गठन गरेको थिएँ र सो बोर्डले समन्वय गरी समयमै जाँच रिपोर्ट पेश गरेको थियो । बोर्डले केश फाराम र बुँदागत प्रश्नहरूको जवाफ सहित यौनाङ्ग परीक्षण रिपोर्ट पेश गरेको थियो । तीन सदस्यीय मेडिकल बोर्डले पेश गरेको रिपोर्टको आधारमा मैले च.नं. ४३, मिति २०५९/४/१४ को पत्र इलाका प्रहरी कार्यालय बर्दिबासलाई पठाएको थिएँ । मेडिको लिगल परीक्षण कार्य सम्बन्धित विशेषज्ञहरूबाट मात्रै गराईनु पर्दछ। यसको लागि हरेक सरकारी जिल्ला, प्रादेशिक तथा क्षेत्रीय अस्पतालहरूको Forensic विशेषज्ञहरूको दरबन्दी सृजनाको व्यवस्था हुनुपर्दछ भन्ने समेत उल्लेख भएको ।

२०. आयोगबाट च.नं. ८०७ मिति २०७९/२/२३ मा यातना पीडित सरोकार केन्द्र, बाँसबारी,काठमाडौंमा उजुरी व्यहोरा उल्लेख गरी निज पीडित महिलालाई के कस्तो अवस्थामा उपचार गराईयो र निजको शारिरीक र मानसिक के कस्तो असर र प्रभाव परेको थियो खुलाईपठाई दिन पत्राचार भएकोमा ... सो संस्थाबाट मिति २०७९/३/३१ गते इमेल मार्फत देहाय बमोजिमको जवाफ प्राप्त भएको ... रहेछ ः

- महोत्तरी जिल्ला ... होटेल गरी बस्ने ... लाई मिति २०५९/३/३२ मा सशस्त्र प्रहरीको तत्कालीन छिन्नमस्ता गणका पाँच जना अपरिचित प्रहरी कर्मचारीहरूले घर भन्दा पर लगी सामुहिक जबरजस्ती करणी गरी अचेत अवस्थामा छोडी गएको र भोलिपल्ट मानिसहरूले फेलापारी उपचार गर्न जनकपुर अञ्चल अस्पतालमा लगेको भन्ने जानकारी भएको र त्यहाँ उपचार हुन नसकी काठमाडौंको त्रि.वि. शिक्षण अस्पतालमा सिफारिस गरी पठाएको भन्ने जानकारी प्राप्त भएपछि यातना पीडित सरोकार केन्द्रका चिकित्सक

र मनोविमर्श सहितको टोली गई निरन्तर संस्थाले सेवाप्रदान गरेको र मिति २०५९/३/३० मा डिस्चार्ज गरेको थियो ।

- डिस्चार्ज गरेपछि संस्थाको आवासीय गृहमा राखी थप उपचार गरिएको थियो । उक्त अवस्थामा निजमा शारिरीक तथा मानसिक समस्याहरू देखिएको थियो । शारीरिक समस्यामा मुख, घाँटी, स्तन वरीपरी, पाखुरा गोडा समेतमा घाउ, चोटपटक नीलडाम रहेको थियो । साथै मासिक समस्यामा केटा मान्छे देखे डराउने, नबोल्ने, एक्लै बस्न रुचाउने, ठुलो स्वरले कोही बोल्यो भने डराउने, नुहाउन नमान्ने, लुगा फेर्न नमान्ने, राति नसुत्ने, एक्लै बरबराउने जस्ता समस्या देखा परेका थिए । उक्त समस्याको लागि संस्थाबाट निरन्तर मनोविमर्श सेवा प्रदान गरिएको ।

२१. सशस्त्र प्रहरी बल, नं. ३७ रिजर्भ गण हे.क्वा. पकली सुनसरीको मिति २०७९।४।७, च.नं. ३१ को पत्र मार्फत बयानका लागि मिति २०७९।४।८ मा आयोगमा उपस्थित हुनु भएका तत्कालीन राजस्व भन्सार गस्ती भिठ्ठामोड, महोत्तरीका प्रहरी निरीक्षक बद्री नारायण चौधरीले दिएको बयान मिसिल संलग्न रहेको । उक्त बयानमा देहायका कुराहरू उल्लेख भएका रहेछन् ः

- म राजस्व भन्सार गस्ती, भिठ्ठामोडमा २०६२/४/११ देखि २०६२/७/११ सम्म कार्यरत थिएँ । तत्कालीन अवस्थामा मलाई यस घटनाको सम्बन्धमा अनुसन्धान गर्न भनी कुनै समिति वा अनुसन्धान अधिकृतको जिम्मेवारी दिईएको थिएन । म त्यतिबेला भिठ्ठामोडमा अस्थायी बेशपतिको रुपमा कार्यरत थिएँ । मिति २०६२।५।१०, च.नं. १३७ को पत्र मैले नै लेखेको हुँ । त्यति बेला द्वन्द्वको समय थियो । धैरै बाहिर हिंड्ने डुल्ने जस्तो समय थिएन । हामी जिल्ला प्रहरी कार्यालय, महोत्तरी भन्दा २०० मिटर मात्र परको दुरीमा बसेका थियौं । त्यसैले  मजकुर कार्यालयबाट भएको मौखिक आदेशको कारण यो पत्र लेखें कि, ठ्याक्कै याद भएन घटना अलि पुरानो भयो । मैले उक्त मिसिल (जिल्ला प्रहरी कार्यालय, महोत्तरी बाट प्राप्त भएको मिसिल) मजकुर कार्यालय सशस्त्र प्रहरी बल छिन्नमस्ता गण वा सशस्त्र प्रहरी बल बाहिनी कार्यालयमा बुझाएको हुन सक्छ ।  सशस्त्र प्रहरी बल एउटा अनुशासित संगठन भएकोले मजकुर कार्यालयको मौखिक आदेश पनि मान्नुपर्छ सोही बमोजिम गरेको हुनुपर्छ, ठ्याक्कै सम्झन सकिन । घटना २० वर्ष पुरानो हो त्यसैले सम्झन गाह्रो भयो । राजश्व भन्सार अस्थायी वेश भिठ्ठामोड महोत्तरी  थियो । त्यस पश्चात सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय भयो । त्यसपछि सशस्त्र प्रहरी राजश्व भन्सार गुल्म भयो । हाल सशस्त्र प्रहरी बल राजश्व एवं भन्सार (वि.ओ.पि.) भएको छ । कार्यालयको नाम नै फेर्दै

गएको कारण कागज पत्र फेला पार्न गाह्रो भएकोले ठ्याक्कै जवाफ दिन नसकेको मात्र हो । गैर जिम्मेवार भएको होईन । म यस बारेमा बुझ्दै छु । त्यसबेलाको कर्मचारीहरूसँग सम्पर्क गरी सत्य तथ्य खुल्न आएमा म अवश्य पेश गर्नेछु भन्ने समेत उल्लेख भएको ।

२२. सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिबासको मिति २०७९।४।१९, च.नं. ११५ मार्फत आयोगमा प्राप्त भएको पत्र मिसिल पनि संलग्न रहेछ । उक्त पत्रमा देहायका व्यहोराहरू उल्लेख भएका रहेछन्ः

- सो घटनाको बारेमा आन्तरिक छानबिन कमिटि बनाएको भन्ने सम्बन्धमा सशस्त्र प्रहरी बल, नेपालको २०७५ सालमा भएको संगठन व्यवस्थापन तथा सर्वेक्षण (Q&M) मा तत्कालीन स.प्र. बल छिन्नमस्ता गण खारेज भई सो गणको उक्त समयमा भएका अभिलेखहरू स. प्रबल, नेपाल छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा रहेकोमा अभिलेखहरू खोजी कार्यको लागि सशस्त्र प्रहरी उपरीक्षक अशोक कुमार शाक्यको अध्यक्षतामा १५ सदस्यीय खोजतलास समिति गठन गरी यस बाहिनी तथा मातहत कार्यालयहरूमा समेत व्यापक रुपमा खोजतलास गर्दा उक्त घटनासँग सम्बन्धित छानबिन समिति गठन गरिएको भन्ने व्यहोराका कुनैपनि पत्र र छानबिन प्रतिवेदन लगायत अन्य तत्कालीन समयका पुराना अभिलेखहरू फेला नपरेको हुँदा माग भए बमोजिमको छानबिन प्रतिवेदन कहिँकतै भेटिन नआएको ।
- मजकुर सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानव श्रोत विभागको मिति २०७९।३।२९ गतेको पत्रादेशानुसार स.प्र.बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको मिति २०७९।३।३२ गतेको पत्रद्वारा सशस्त्र प्रहरी उपरीक्षक लेखनाथ खनालको अध्यक्षतामा ५ सदस्यीय छानबिन समिति गठन गरी उक्त घटना विस्तृत रुपमा छानबिन, अध्ययन अनुसन्धान र विश्लेषण गरी सत्य तथ्य सहितको छानबिन प्रतिवेदन तयार गरिएको हुँदा उक्त छानबिन समितिको प्रतिवेदन साथ संलग्न गरी पठाइएको ।
- **छानबिन समितिको निष्कर्ष** : उक्त घटनाबारे स्थानीय जनप्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपालका बहालवाला तथा अवकाश प्राप्त कर्मचारीहरू, संचारकर्मीहरू, सरोकारवाला संघसंस्था, पीडित, निजका आफन्तहरू र जाहेरवालासँग सहकार्य, समन्वय, सोधपुछ, अन्तरक्रिया र बयान लिनुका साथै सम्बन्धित मुद्दाको मिसिल अध्ययन, ईलाका प्रहरी कार्यालय, बर्दिबास, जिल्ला सरकारी वकील कार्यालय महोत्तरी र उच्च सरकारी वकील कार्यालय जनकपुरसँग परामर्श एवं तत्कालीन स.प्र.बल छिन्नमस्ता गणका (हाल खारेज भैसकेको) अभिलेखहरू राखिएको सशस्त्र प्रहरी

बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा तत्कालीन समयको पुराना अभिलेखको खोजबिन गर्ने सहितको छानबिन, अध्ययन/अनुसन्धान गरी प्राप्त भएका उपरोक्त तथ्यहरूको विश्लेषण गर्दा सो घटना पश्चात तत्कालीन समयमा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट गठन भएको छानबिन समितिले गरेको अध्ययन अनुसन्धानबाट को कस्ले पीडितमाथि त्यस्तो कार्य गऱ्यो यकीन नभएको भन्ने प्रतिवेदन दिएको, जाहेरवाला पीडित तथा प्रहरीमा कागज गर्ने कुनैपनि व्यक्तिबाट सशस्त्र प्रहरीको कुनै पनि कर्मचारी माथि किटानी जाहेरी नदिएको, घटना स्थलको नजिकमा सशस्त्र प्रहरी क्याम्प भएकै कारण सशस्त्र प्रहरीहरूले नै यस्तो गऱ्यो होला भन्ने अनुमानको आधारमा केही व्यक्तिहरूले आफ्नो धारणा बनाएको, घटना भएको २० बर्षसम्म भएको अनुसन्धानबाट समेत त्यस घटनामा को को संलग्न भएको भन्ने कुरा खुल्न नआई मुद्दाको अनुसन्धान तथा अभियोजन गर्ने पक्षले नै प्रतिवादीको यकीन नभई प्रतिवादी पत्ता नलागेको, कसमाथि मुद्दा चलाउने हो यकीन नभएको भनी मुद्दा तामेलीमा समेत राखिसकेको अवस्थामा तत्कालीन छिन्नमस्ता गणका सशस्त्र प्रहरी कर्मचारीहरूले नै त्यस्तो कार्य गरेको हो भन्ने आरोपको पुष्टि गर्ने विश्वसनिय ठोस आधार प्रमाणहरू यस छानबिनको क्रममा कहीँ कतैबाट खुल्न नआएको हुँदा सशस्त्र प्रहरी कर्मचारीहरू माथि लगाइएको आरोप तथ्यमा आधारित नदेखिँदा सत्य हो भन्न सक्ने अवस्था नरहेको ।

२३. ईलाका प्रहरी कार्यालय, बर्दिबासको मिति २०७९।४।१८, च.नं. १६६ को ईमेल मार्फत प्राप्त हुन आएको पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा देहायका व्यहोराहरू उल्लेख भएकोः

- सनाखतको लागि छिन्नमस्ता सशस्त्र प्रहरी गण बर्दिबास महोत्तरीलाई तत्काल मातहत समेतमा कार्यरत रहेका सशस्त्र प्रहरी कर्मचारीहरूको फोटो सहितको अभिलेख उपलव्ध गराइदिन भनी मिति २०७८।११।११ गते पत्राचार गरिएको ।
- तत्काल पीडितको प्राथमिक उपचार गर्ने मेडिकल संचालन गरी बस्ने ... को घटना विवरण कागज गरिएको ।

मिति २०७८।११।२२ गते सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालयको च.नं. २१४१ को पत्रद्वारा तत्कालको समयमा कार्यरत रहेका स.प्र.नि. राम प्रसाद रिजाल, कृति बहादुर श्रेष्ठ, चङ्ग बहादुर तामाङ समेतलाई उपस्थित गराएकोमा मिति २०७८।११।२७ गते पीडितलाई यस कार्यालयमा भिकाई सो घटनामा संलग्न रहेका व्यक्तिहरू मध्ये उल्लेखित स.प्र.नि. हरू हो होइन भनी सनाखत गराउँदा निजहरू वारदातमा संलग्न

होइन भनी घटना विवरण कागज तथा निजहरूले प्राप्त गरेको तालिमको अवस्थामा रहेको पाइएको ।

- तत्कालको समयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको विवरण उपलव्ध नगराएकोले पुन माग गर्न मिति २०७९।३।७ गते पत्राचार गरिएको । प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादी यकीन नखुलेको हुँदा पछि खुली आएका बखत कानून बमोजिम हुने गरी मिति २०७९।३।८ गतेको च.नं. २८४९ को पत्रद्वारा मिसिल कागजात तामेलीमा राख्ने निर्णयको लागि जिल्ला सरकारी वकील कार्यालय, महोत्तरीमा पठाइएकोमा तामेलीको निर्णय पर्चा हालसम्म प्राप्त नभएको ।
- तत्कालीन राजस्व भन्सार गस्ती भिट्ठामोडका स.प्र.नि. बद्री नारायण चौधरीले मिति २०६०।५।२ मा मिसिल उपलव्ध गराइदिन भनी पत्राचार गरेको देखिँदा निजले मिसिल कागजात के कुन प्रयोजनको लागि माग गरेको भन्ने सम्बन्धमा बुझ्दा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट राजस्व भन्सार कार्यालय नजिक पर्ने भएकोले सो समयमा माओवादी द्वन्दकालको अवस्था रहेकोले एक्लै दुक्लै हिँड्डुल गर्ने अवस्था समेत नरहेकोले गण, बाहिनी तथा केन्द्रको मौखिक आदेशानुसार मैले पत्र लेखेको हुँ भनी २०७९।४।१ मा कागज गरिदिएको ।

२४. जिल्ला सरकारी वकील कार्यालय महोत्तरी, जलेश्वरले मिति २०७९।५।१६, च.नं. ५५० मार्फत आयोगमा प्रेषित पत्र मिसिल संलग्न रहेको । उक्त पत्रमा ... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नखुलेको ज्यान मार्ने उद्योग र जर्बजस्ति करणी मुद्दामा पीडित ... लाई क्षतिपूर्ति दिलाउँने सम्बन्धमा आवश्यक कारवाही अगाडी बढाउनु भनी श्री उच्च सरकारी वकील कार्यालय जनकपुरको च.नं. ३०४८ मिति २०७९।३।१९ को पत्रबाट निर्णय निकासा भई आएकोले सोही बमोजिम गर्नु हुन प्राप्त निर्णयको प्रतिलिपी सहित सक्कलै मिसिल ईलाका प्रहरी कार्यालय, बर्दिवास, महोत्तरीमा पठाइएको भन्ने समेत उल्लेख भएको ।

२५. यौनजन्य हिंसाका कारण पीडितहरूमा उत्पन्न हुने मनोवैज्ञानिक प्रभाव/असरका सम्बन्धमा यातना पीडित सरोकार केन्द्रका चिकित्सक र मनोविमर्श सहितको टोली गई निरन्तर सेवाप्रदान गरेको र २०५९/३/३० मा डिस्चार्ज गरेको र उक्त संस्थाबाट घटनाका सन्दर्भमा प्राप्त भएको पत्रमा निज ... को शारिरीक तथा मानसिक समस्याहरू देखिएको थियो । शारीरिक समस्यामा मुख, घाँटी, स्तन वरीपरी, पाखुरा गोडा समेतमा घाउ, चोटपटक नीलडाम रहेको थियो साथै मासिक समस्यामा केटा मान्छे देखे डराउने, नबोल्ने, एक्लै बस्न रुचाउने, ठुलो स्वरले कोही बोल्यो भने डराउने, नुहाउन नमान्ने, लुगा फेर्न नमान्ने, राति नसुत्ने, एक्लै बरबराउने जस्ता समस्या देखा परेका थिए भन्ने समेत उल्लेख भएको ।

२६. ... यस्तै प्रकारका हिंसाबाट पीडित महिलाहरूको सन्दर्भमा आयोगबाट यौनजन्य हिंसा तथा जर्बजस्ति करणी सम्बन्धी घटनाहरूमा न्यायमा पहुँच विषयमा मिति २०७९ साउन ५ गते राष्ट्रिय मानव अधिकार आयोगको सभाहलमा आयोजित छलफल कार्यक्रममा देहाय बमोजिमका संस्था तथा विशेषज्ञहरूले निम्न बमोजिमका विचारहरू व्यक्त गर्नु भएको थियो :

- **टी.पि.ओ. नेपाल** (**मनोसामाजिक परामर्श संस्था**) : यौनजन्य हिंसा तथा जवर्जस्ती करणीका घटनाहरूमा परेका व्यक्तिहरू शारीरिक र मानसिक रुपमा विक्षिप्त हुने । सामाजिक र आर्थिक रुपमा पनि प्रताडित भएको हुने । सानो उमेरमा हिंसामा परेका बालबालिकालाई आफु माथि हिंसा भएको हो भन्ने नै जानकारी नहुने । उनीहरूलाई लामो समय मनोसामाजिक परामर्श गरिसकेपछि र उनीहरूको केशहरूलाई केलाउँदै जाँदा हिंसा भएको भन्ने पहिचान हुने । एकपटक हिंसामा परेको व्यक्ति सामाजिक संरचना कै कारण पटक-पटक हिंसामा पर्ने । उनीहरू माथि लगाईने लान्छनाले पीडितले आफ्ना कुराहरू बाहिर ल्याउन नसक्ने अवस्था रहेको । हालसम्म prevention र response गर्ने संयन्त्र सक्रिय नभएको । पीडितलाई सहज वातावरणमा आई उनीहरूको कुरा सुन्न र महशुस गर्न सक्ने बनाउनका लागि हिंसा पीडित मैत्री हुन यस्ता संयन्त्र आवश्यक देखिने ।

- **डा. ..., कान्ति बाल अस्पताल** : हिनतावबोधका कारण हिंसा पीडित ढिलो आइपुग्ने । सामाजिक मूल्य मान्यताका कारण खुलेर आउने अवस्था नभएको । पीडितलाई मनोवैज्ञानिक हिसाबले बलियो बनाउनका लागि महिला हिंसा सम्बन्धी एकद्वार प्रणाली (ओसीएमससी) मा कर्मचारीको अपर्याप्तता रहेको । ओसीएमसीलाई कसरी सम्वृद्ध बनाउने भन्ने सवालमा सबै जिम्मेवार हुनुपर्ने । जर्बजस्ति करणी तथा हिंसाको सिकार भएका व्यक्तिमा लामो समय मनोबैज्ञानिक असर रहिरहने र कतिपय जीवनभर व्यक्त गर्न नसक्ने । कतिपयले राम्रो मनोवैज्ञानिक परामर्श पाएमा लामो समयपछि व्यक्त गर्ने हुँदा मेडिकोलिगल सम्बन्धी प्रमाण अपर्याप्त भएको अवस्थामा समेत परिस्थितिजन्य प्रमाण र मनोवैज्ञानिक चिकित्सकको प्रमाण लिनुपर्ने । मनोवैज्ञानिक परामर्श गरी पीडितलाई उजुरी दर्ता गर्न उत्प्रेरित गर्न लामो समय लाग्ने हुदाँ उजूरीदर्ता गर्ने हदम्यादलाई हटाइनुपर्ने । पीडितलाई न्याय प्राप्तिको क्रममा हिनताबोध हुने वातावरण अन्त्य गर्नुपर्ने ।

- **डा. ..., पाटन अस्पताल** : ओसिएमसिमा आउनेहरूको case study गर्दा महिला तथा बालबालिकाहरू पटक पटक हिंसामा पर्ने गरेको । पीडितको अध्ययन गर्दा आफु यौनजन्य हिंसामा परेको विषयमा नै थाहा नहुने पनि

देखिने। पीडित माथि गरिने अनावश्यक judgement र लाञ्छनाका कारण पीडितहरू आफु माथि हिंसा भएको विषयमा खुलेर बाहिर आउन नचाहने र नसक्ने । महिला तथा बालबालिका माथि गरिबी अवस्थाको गलत फाइदा उठाई यौनजन्य हिंसा तथा जबर्जस्ती करणी गर्ने गरेको पाइने । जब संकट र विपदको अवस्थामा आधारभूत आवश्यकता पुरा गर्नुपर्ने अवस्थामा पनि महिला तथा बालबालिका हिंसामा पर्ने गरेको । पीडितलाई न्याय दिनका लागि मनोसामाजिक ट्रमाबाट भएका तथ्यहरू लाई प्रमाणको रुपमा लिनु पर्ने । पीडितलाई न्याय दिनका लागि केही केशहरूमा हदम्याद नराख्नु नै उपयुक्त हुने।

- **डा**. ..., **फरेन्सिक मेडिसिन** : कानूनले guide नगरेको तर practice ले मात्रै प्रमाणको परीक्षण हुँदै आएको । यौनजन्य हिंसा र जबर्जस्ती करणीका मेडिकोलिगल केसका लागि स्पष्ट guideline बनाउनुपर्ने । यौनजन्य हिंसा र जबर्जस्ती करणीका केसमा समय सीमा फरक फरक हुनुपर्ने । मनोसामाजिक असरलाई शर्तमा राख्ने हो भने हदम्याद नराख्नु नै ठिक हुने, कानूनको पुनरावलोकन गर्नका लागि विशेष अध्ययन पनि गर्नुपर्ने।

२७. उल्लेखित विशेषज्ञ निकाय तथा व्यक्तित्वहरूको भनाईहरूले निज ... पीडितमा देखिएका शारिरीक र मनोवैज्ञानिक अवस्थाहरूले निजमाथि बलात्कार भएको तथ्यलाई नकार्नुपर्ने अवस्था देखिँदैन भने मेडिकोलिगल सम्बन्धमा वृहत सुधार गर्नुपर्ने अवस्था विद्यमान देखिन्छ।

२८. आयोगद्वारा गठित अनुसन्धान समितिले पेश गरेको प्रतिवेदन मिसिल संलग्न रहेको। तत्कालीन सशस्त्र प्रहरी छिन्नमस्ता गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक श्री प्रकाश ओझा, जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक श्री नारायण कुमार आचार्य, प्र.ना.उ. श्री शरद कुमार शर्मा, ईलाका प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षक श्री बासुदेव थापा, सशस्त्र प्रहरी बल, राजस्व भन्सार गस्ती, भिठ्ठामोडका तत्कालीन सशस्त्र प्रहरी निरीक्षक श्री बद्रि नारायण चौधरी, उपचारमा संलग्न तत्कालीन जनकपुर अञ्चलका चिकित्सकहरू डा. लखनलाल साह, डा. मिथिला शर्मा अधिकारी, डा. राम नरेश पण्डित र डा. कुलदीप पंडितको लिखित जवाफ, ईलाका प्रहरी कार्यालय, बर्दिबास महोत्तरीमा अनुसन्धान भैरहेको मिसिलको प्रतिलिपी अध्ययन, ... को शारीरिक, मानसिक, सामाजिक, आर्थिक अवस्थाको अवलोकन तथा निजका भनाईहरू, पीडितको पिता ... को भनाई, यातना पीडित सरोकार केन्द्र र आयोगद्वारा आयोजित कार्यक्रममा उपस्थित भई विचार व्यक्त गरेका विज्ञहरूको भनाई/सुझावहरू समेतको आधारमा समितिको देहाय बमोजिम निष्कर्ष रहेको :

- निज ... लाई मिति २०५९।३।३१ गते निजले सञ्चालन गर्दै आएको होटेलबाट

रातको समयमा अपरिचित व्यक्तिहरूले नियन्त्रणमा लिई केही पर जंगलमा लगी सामूहिक जर्बजस्ति करणी गरी मरणासन्न अवस्थामा फालेको । मिति २०५९।४।१ मा निजलाई निर्वस्त्र अवस्थामा गोठालाहरूले फेला पारी जनकपुर अञ्चल अस्पताल लिएर गएको । घटनाका सम्बन्धमा स्थानीय पत्र पत्रिकाहरूले समाचार सम्प्रेषण गरेको । स्थानीय मानव अधिकाकर्मीहरूबाट अनुगमन भएको। जनकपुर अञ्चल अस्पतालमा उपचारको लागि भर्ना भएको करीव दुई हप्ता पश्चात भेजाइनल स्वाव लिईएको। थप उपचारको लागि निजलाई काठमाडौ लगिएको । घटना पश्चात बाबु ... ले कर्तव्य ज्यानमा जाहेरी दिएको र उपचारबाट फर्किएपछि निज पीडितले पनि जाहेरी दिएको । निजको जाहेरीमा नाम पहिचान नभएको तर हुलिया खुलाईएका सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणका कर्मचारीहरूलाई आरोप लगाइएको।

- प्राविधिक रुपबाट बलात्कार सम्बन्धी विषयमा मुद्दा चलाउन नसकेपनि ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता गर्नु, हदम्याद सकिनु केही समय अगाडी भएपनि घटनास्थल अवलोकन गरी मुचुल्का गर्नु र सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणमा तत्काल कार्यरत रहेका मध्ये हाल सेवारत रहेका तीन जना कर्मचारीहरूलाई भएपनि सनाखतको लागि उपस्थित गराउनु, आयोगसँग दुवै प्रहरी संगठनहरूको समन्वयात्मक भूमिकालाई सकारात्मक रुपमा लिइएको।
- उक्त घटनाको बारेमा समाचारपत्रहरूमा समाचार प्रकाशित भएपछि जिल्ला प्रहरी कार्यालयबाट प्र.ना.उ. श्री शरद कुमार शर्माको संयोजकत्वमा आन्तरिक छानबिन समिति गठन भएको र उक्त समितिले केही दिन पश्चात नै प्रतिवेदन बुझाएको । छानबिन बोर्डले झारा टार्ने प्रवृत्तिबाट प्रतिवेदन बुझाएको र उक्त प्रतिवेदनमा कार्यालय प्रमुखले कुनै सुझाव र आदेश नदिएको।
- प्रहरी ऐन लगायत प्रचलित ऐन बमोजिम नेपाल प्रहरीको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत विषयमा नेपाल प्रहरीले प्रारम्भीक अनुसन्धान नगरेको र गरिएको अनुसन्धान अपूर्ण तथा त्रुटीयुक्त रहेको। बलात्कार र ज्यानमार्ने उद्योग जस्तो गम्भीर प्रकृतिको घटनामा संवेदनशील भई अनुसन्धान गर्नुपर्नेमा अनुसन्धान नगरेको साथै सशस्त्र प्रहरी बलका कर्मचारीहरू विरुद्ध अनुसन्धान गर्न हिम्मत नगरेकोले उक्त कार्य न्यायमा इन्कार गरे सरह देखिएको।
- अनुसन्धान प्रकृयामा संलग्न रहेको जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालयले तालुक निकायहरू, अञ्चल प्रहरी कार्यालय, जनकपुर, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी

बल, पत्लैया स्थित बाहिनी, सशस्त्र प्रहरी बल, प्रधान कार्यालयसँग समेत प्रभावकारी समन्वय नगरेको र तालुक तत्तत् निकायहरूबाट समेत मातहत निकायहरूको सुपरीवेक्षण नगरेको, अनुसन्धानमा के कस्ता चुनौतीहरूको सामना गरिरहेको छ भन्ने सन्दर्भमा कुनै चासो नदेखाएको ।

- अनुसन्धान अधिकृत तोक्ने प्रकृयागत कार्यहरूबाहेक हालसम्म कार्यरत जिल्ला प्रहरी कार्यालय, महोत्तरीका सम्पूर्ण कार्यालय प्रमुखहरूले अनुसन्धानको हकमा कुनै पनि कार्य नगरेको ।
- निज ... मिति २०५९।४।१ गते देखि अस्पतालमा भर्ना भई उपचार गराएको देखिएको, प्रहरीले मिति २०५९।४।१२ मा आन्तरिक छानबिन बोर्ड गठन गरेको पाइएपनि जाहेरी ढिला गरी दर्ता गरेको, जाहेरीमा जाहेरवालाले कहिले जाहेरी दिएको भन्ने मिति नखुलेकोमा तिथि मितिहरू मिले नमिलेको नहेरिएको, यस्ता संवेदनशील घटनाहरूमा प्रहरी प्रतिवेदनको आधारमा पनि जाहेरी दर्ता गरिने अभ्यास रहेको र प्रहरीको स्वविवेकले जाहेरी दर्ता गर्नुपर्नेमा ढिला गरी दर्ता गरिएको ।
- सनाखत गराउन आएमा सहयोग गर्ने भनी सशस्त्र प्रहरी बलबाट लिखित रुपमा पत्र प्राप्त भएपनि सनाखतको लागि कुनै चासो नदेखाएकोले जिल्ला प्रहरी कार्यालय, महोत्तरी र ईलाका प्रहरी कार्यालय, बर्दिबास महोत्तरीले कार्य उदासिनता देखाएको ।
- बलात्कार भए नभएको सम्बन्धमा मिति २०५९।४।१३ गते मात्र अस्पताललाई पत्राचार गरेको, विलम्ब गरी पत्राचार गरेको कारण पीडितको भेजाइनल स्वाव परीक्षणको परिणाम नेगेटिभ आएकोले प्राविधिक रुपबाट निजमाथि बलात्कार भएको प्रमाण नष्ट भएको ।
- तत्कालीन गणपति प्रकाश ओझाले नेपाल प्रहरीलाई सहयोग र समन्वय गरेको प्रमाणहरू पेश गर्न नसकेको, सशस्त्र प्रहरी ऐन/नियमावली बमोजिम महिलाको विषयलाई गम्भीरतापूर्वक ग्रहण नगरेको, छानबिनमा सशस्त्र प्रहरीको कुनै पनि भूमिका नहुने भनी दायित्वबाट उन्मुक्ति लिन खोजेको । वहाँको जवाफमा विश्वास गर्ने आधारहरू नभएको ।
- सशस्त्र प्रहरीले आन्तरिक रुपमा छानबिन गरेको प्रमाणित हुने आधार र प्रमाणहरू नभएको ।
- सशस्त्र प्रहरी बल, राजस्व भन्सार गस्तीले आफ्नो दायित्व भित्र नपर्ने विषयमा नेपाल प्रहरीबाट सम्बन्धित मिसिलको प्रतिलिपि झिकाएकोमा मिसिल झिकाउनु पर्ने कारण, मिसिल झिकाई सकेपछि पेश गरेको निकाय र त्यसको परिणाम समेत खुलाउन नसकेको ।
- द्वन्द्वको कुनै सम्बन्ध नै नरहेको यस घटनालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा

सशस्त्र द्वन्द्वसँग जोड्न खोजिएको समेतका तथ्यहरूबाट सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणले कार्य उदासिनता देखाएको ।

- मरणासन्न अवस्थामा उपचारको लागि लगिएकी निज ... लाई शुरू जाँच परीक्षण गर्दा अन्य सबै घाउ चोटहरूको परीक्षण गरेको भएपनि निजको गुप्ताङ्गको परीक्षण नगरेको र मेडिकोलिगल सम्बन्धी उपयुक्त ऐन, कानून र निर्देशिकाहरूको अभावमा अपराध पुष्टि हुने प्रमाणहरू लोप हुनसक्ने भन्नेमा चिकित्सकहरू संवेदनशील भई पीडितको सर्वोत्तम हितमा ध्यान दिई चेक, जाँच, परीक्षण गर्नुपर्नेमा उक्त कार्य नगरेकोले चिकित्सकहरू मेडिकोलिगल दृष्टिकोणबाट संवेदनशील नबनेको ।
- ... ।

२९. आयोगबाट उल्लेखित प्रतिवेदनको मूल तथ्य, विश्लेषण, निष्कर्ष र सुझावहरूमा राय प्रतिक्रिया उपलब्ध गराइदिनु भनी मिति २०७९।६।४, च.नं. २८८ मार्फत गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश अस्पताल जनकपुर, महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथ, उच्च सरकारी वकील कार्यालय, जनकपुर र जिल्ला सरकारी वकील कार्यालय, महोत्तरीमा प्रेषित पत्र मिसिल संलग्न रहेको ।

३०. उल्लेखित मध्ये जिल्ला सरकारी वकील कार्यालयबाट पीडितका पक्षमा क्षतिपूर्तिको लागि प्रकृया अगाडी बढाउन सम्बन्धित प्रहरी कार्यालयमा पत्राचार भएको, सशस्त्र प्रहरी बलबाट तत्कालीन गणपति प्रकाश ओझालाई भविष्यमा सशस्त्र प्रहरी बल, नेपालमा विशेषज्ञको रुपमा कुनैपनि जिम्मेवारी नदिनेगरी अभिलेखीकरण गरिएको, यस्ता संवेदनशील विषयहरूमा अनुसन्धान र समन्वय प्रभावकारी रुपमा गर्न प्रहरी बलका सबै कार्यालयहरूमा परिपत्र गरिएको, सशस्त्र प्रहरी कर्मचारीको नै संलग्नता हो भनी हालसम्म खुल्न नआएको, त्यसबेलाका प्रायः कर्मचारीहरूले जागिर छोडिसकेको/अवकाश भइसकेको र तत्कालीन अवस्थामा विद्युतीय अभिलेखीकरणको व्यवस्था नभएको हुँदा आयोगलाई फोटो पठाउन असम्भव देखिएको भन्ने समेत राय प्रतिक्रिया प्राप्त भएका रहेछन् ।

३१. प्रस्तुत उजूरीमा निम्नलिखित विषयहरूमा मानव अधिकारको दृष्टिकोणबाट तथ्यगत र कानूनी विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आयो :

(क) सशस्त्र प्रहरी बलले उक्त घटनाको छानबिन गरेको थियो कि थिएन ? गरेको भए तालुक निकायमा जानकारी/पेश गरियो गरिएन ?

(ख) प्रभावकारी अनुसन्धान नभई करीव २० बर्षसम्म थप अनुसन्धान नगर्नुमा मुख्य दोष कस्को हो ? सम्बन्धित कर्मचारी नै दोषी हुने वा समग्रतामा सम्बन्धित निकायहरू नै दोषी हुने?

(ग) मेडिको लिगल सम्बन्धी सिद्धान्तहरू पालना गर्न चिकित्सकहरू/सम्बन्धित अस्पतालहरूको भूमिका के कस्तो हुने हो ?

(घ) पीडित ... को घटनामा के कस्ता सवालहरू जोडिएका छन् ? घटनाबाट निजको के कस्तो अधिकार उल्लंघन भएको छ ?

(ङ) पीडितले न्याय अनुभूति गर्न र दोषीलाई कारवाही तर्फ के कसो गर्दा उचित हुने हो ?

३२. सशस्त्र प्रहरी नियमावली २०५८ को नियम ५८ मा विशेष कामको लागि खटिएको सशस्त्र प्रहरी कर्मचारीले कुनै व्यक्ति आपराधिक कृयाकलापमा संलग्न भएको शंका लागेमा त्यस्तो व्यक्ति वा कृयाकललापलाई नियन्त्रणमा लिई अनुसन्धानको लागि सम्बन्धित निकायलाई बुझाउनुपर्ने समेतका व्यवस्थाहरू उल्लेख भएको पाइन्छ। प्रत्येक सशस्त्र प्रहरी आफूलाई वा आफ्नो टोलीलाई सुम्पिएको कामप्रति सचेत र सतर्क रहनु पर्ने, नियम ९८ मा प्रत्येक सशस्त्र प्रहरीले आफ्नो सेवा र पद अनुसारको आचरण पालना गर्नुपर्ने, नियम १०५ मा सशस्त्र प्रहरी कर्मचारीले मानव अधिकार र लैंगिक विषयमा संवेदनशील हुनुपर्ने भन्ने समेत उल्लेख भएको पाईन्छ।

३३. यस घटनामा सशस्त्र प्रहरीबाट प्रमुख दुई वटा कार्य भएको देखिन आयो। पहिलो, जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा विचाराधिन रहेको प्रस्तुत घटनाको अनुसन्धान मिसिलको प्रतिलिपी लिखित रुपमा माग गरी लिएको र दोश्रो, पीडितलाई लिई नेपाल प्रहरीको अनुसन्धान अधिकृत उपस्थित भएमा सनाखत गराउन सहयोग गर्ने भनी जवाफ दिएको। यी दुई कार्यहरू बाहेक सशस्त्र प्रहरीबाट नेपाल प्रहरीसँग सहयोग आदान-प्रदान र समन्वय भएको देखिएन।

३४. महिलामाथि बलात्कार र बलात्कार पछि ज्यान मार्ने सम्मको अपराध भएको र सशस्त्र प्रहरीलाई आरोप लागेको विषयमा सशस्त्र प्रहरीको छानबिन अपेक्षित र अनिवार्य विषय हो । बलात्कार र ज्यान मार्ने जस्तो गम्भीर फौजदारी अपराधको विषय प्रचलित कानूनहरूले संवेदनशील विषयको रुपमा लिएको छ । कानूनलाई सहयोग गर्नुपर्ने कर्तव्य जो कोही व्यक्ति तथा निकायको दायित्व कै विषय हो । संवेदनशील विषयमा अनुसन्धान गर्ने गराउने विषयमा नेपाल प्रहरीसँग समन्वय गर्नुपर्नेमा समन्वय नगरेको, नेपाल प्रहरीले पत्राचार गरेपनि नगरेपनि सनाखत गराउने विषयमा स्वयम्ले चासो दिनुपर्ने, उक्त दिन गणमा उपस्थित भएका व्यक्तिहरूलाई सनाखत गराउन नेपाल प्रहरीसँग समन्वय गर्नुपर्ने, विवरण उपलव्ध गराउनुपर्ने, आन्तरिक रुपमा आफैंले छानबिन गरी त्यसको प्रतिवेदन नेपाल प्रहरी र तालुक निकायलाई उपलब्ध गराउनुपर्ने सशस्त्र प्रहरीको कर्तव्य हो। उक्त कानूनी कर्तव्य सशस्त्र प्रहरीबलले पालना गरेको देखिँदैन र कर्तव्यबाट सशस्त्र प्रहरी विमुख भएको देखियो।

३५. सैनिक ऐन अन्तर्गतको कसूर बाहेक अन्य

प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कसूर गरेमा वा सो विषयमा सम्बन्धित निकायमा कसैको जाहेरी परेमा त्यस्तो जोहेरीमा नाम किटिएको वा सो अपराधमा संलग्न रहेको देखिएको जुनसुकै सैनिक कर्मचारीलाई अपराध अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायसमक्ष उपस्थित गर्नु गराउनु सम्बन्धित प्रहरी कार्यालय र सैनिक कार्यालय समेतको दायित्व हुने भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ। (ने.का.प. २०६९, अङ्क ६, निर्णय नं. ८८३७) । यो नजिर र प्रस्तुत घटनाको प्रकृतिको मूल मर्म समान नै देखिन्छ। सशस्त्र प्रहरी कर्मचारीलाई आरोप लगाई जाहेरी प्राप्त भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले अनुसन्धानको लागि एक अर्का निकायलाई सहयोग गर्नुपर्ने र कुनैपनि निकाय कुनैपनि बहाना वा परि स्थितिमा दायित्वबाट विमुख हुन नहुने भन्ने नै उल्लेखित सिद्धान्तको मर्म हो।

३६. यीनै सवालहरूमा सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणका तत्कालीन प्रमुख प्रकाश ओभ्फासँग लिईएको बयान अध्ययन गर्दा अनुसन्धान गर्ने दायित्व सशस्त्र प्रहरीको नभएको, आफूले नेपाल प्रहरीसँग समन्वय गरेको, कार्य उदासिनता नदेखाएको भन्ने समेतका व्यहोराहरू उल्लेख भएको पाइयो। अनुसन्धान गर्ने मुख्य दायित्व नेपाल प्रहरीको हुनेमा कुनै द्विविधा छैन तर सशस्त्र प्रहरी बल पनि राज्यकै सुरक्षा निकाय हो। उसको पनि प्रमुख कर्तव्य शान्ति सुरक्षा बहाल गर्नु नै हो । आफ्नै कर्मचारीहरूलाई आशंका गरेपछि आन्तरिक रुपमा छानबिन गर्नुपर्ने दायित्व सशस्त्र प्रहरीको होइन भन्न मिल्दैन। निजले एउटै प्रश्नमा २ फरक-फरक जवाफ दिनुले सशस्त्र प्रहरीको भूमिका गैर जिम्मेवार पूर्ण रहेकोमा विवाद छैन। आन्तरिक रुपमा छानबिन गरेको छ र छैन भन्नुले वहाँको गैर जिम्मेवारीतालाई पुष्टि गर्दछ। छानबिन गरेको भए प्रतिवेदन कहाँ छ, कस्लाई बुझाईयो, नेपाल प्रहरीलाई किन बुझाईएन ? गरिएको छैन भने किन गरिएन भन्ने जस्ता सवालहरू अनुत्तरित हुनुले निज सशस्त्र प्रहरी उपरीक्षकको भूमिका जिम्मेवारपूर्ण रहेको देखिएन।

३७. सामान्यतया फौजदारी अपराधका विषयहरू सशस्त्र प्रहरी बलको जिम्मेवारी भित्र पर्दैनन् । तर फौजदारी अपराधमा संलग्न व्यक्तिहरू फेला परेमा अनुसन्धानको लागि नेपाल प्रहरीलाई जिम्मा लगाउने दायित्व ऐन बमोजिम सशस्त्र प्रहरीको हो। यस घटनाको सन्दर्भमा आफूलाई प्रत्यक्ष रुपमा अधिकार नभएको विषयमा सशस्त्र प्रहरीबल राजस्व भन्सार गस्ती टोलीका प्रमुखले जिल्ला प्रहरी कार्यालय, महोत्तरीलाई पत्र लेखी मिसिलको प्रतिलिपी झिकाएको देखिन्छ। सशस्त्र प्रहरी बलले यदि आन्तरिक रुपमा छानबिन गरेको भए छानबिनको लागि सहयोगी हुने भएकोले मिसिल झिकाएको हुनसक्ने एउटै प्रयोजन हुन सक्छ। अन्यथा मिसिल किन झिकाइयो भन्ने कुराले सशस्त्र प्रहरी बलप्रति शंका गर्ने ठाउँ रहन्छ। जब कुनै कुराको औचित्य छैन भने त्यहीं कार्य गरेको पाइएमा त्यसको परिणामप्रति स्वयम् उत्तरदायी रहन्छ। यदि

अनुसन्धान गर्ने प्रयोजनले झिकाइएको थियो भने फेरि पनि प्रतिवेदनको नै कुरा आउँछ, जो सशस्त्र प्रहरी बलले आयोगलाई वा नेपाल प्रहरीलाई उपलव्ध गराउन सकेको छैन, अन्यथा किन झिकायो भन्ने प्रश्न कायमै रहन्छ ।

३८. यसै सन्दर्भमा मिसिल झिकाउने सशस्त्र प्रहरी बल, राजस्व भन्सार गस्तीका प्रमुख बद्री नारायण चौधरीले आयोगमा उपस्थित भई गरि दिएको बयानको अध्ययन गर्दा सशस्त्र द्वन्द्वको अवस्था भएको र भिठ्ठामोडमा रहेको वेश क्याम्प जिल्ला प्रहरी कार्यालयबाट नजिक पर्ने भएकोले गणले झिकाएको हुनसक्ने सम्भावनाको कुरा व्यक्त गर्नुभएको देखिन्छ । वहाँले झिकाउनु भएका मिसिल कागजात गणको आदेशले झिकाएको हो भने गणमा त अवश्य बुझाउनु भयो होला । त्यसबेला पनि सुरक्षा चुनौति त कायमै हुनु पर्थ्यो । गणलाई सुरक्षा चुनौति हुने, बेश क्याम्पलाई नहुने भन्ने होइन । तसर्थ वहाँको कुरामा सहमत हुने अवस्था देखिँदैन । उक्त मिसिल औचित्य स्पष्ट नभएको अवस्थामा असम्बन्धित व्यक्तिले झिकाएको पाईएको हुँदा असल नियतले उक्त कार्य गरिएको थियो भनी शंका रहित तरिकाबाट पुष्टि हुन सक्दैन ।

३९. मुलतः अपराध रोकथाम, अनुसन्धान गर्ने, मुद्दा चलाउने जस्ता दायित्व कानूनद्वारा नेपाल प्रहरीलाई नै प्रदान गरिएको छ । प्रहरी ऐन, २०१२ को दफा १५ को उपदफा (ग), (घ) र (ङ) का प्रावधानहरू यस घटनासँग जोडिएका कानूनी प्रावधानहरू हुन् । जस अनुसार अनुसन्धान गर्ने प्रमुख दायित्व रहेको नेपाल प्रहरी यस घटनामा आफ्नो दायित्वबाट विमुख भएको देखियो । प्रारम्भीक रुपमा गर्नुपर्ने अनुसन्धानमा नै त्रुटी देखिएको छ । उक्त कुरा बयान लिइएका तत्कालीन अवस्थाका प्रहरी कर्मचारीहरूबाट पनि स्विकारिएको देखिन्छ ।

४०. जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक नारायण कुमार आचार्यले आयोगमा उपस्थित भई गरिदिनु भएको बयान अध्ययन गर्दा ईलाका प्रहरी कार्यालय, बर्दिबासलाई अनुसन्धान गर्ने अधिकार भएपनि जिल्ला प्रहरी कार्यालयबाट नै किन अनुसन्धान गरियो भन्ने सवालमा वहाँले दिएको आधार र कारणहरू स्वभाविक देखियो । सोही समयमा बर्दिबासबाट नजिकै रहेको भिमान प्रहरी चौकी, महोत्तरीका विभिन्न सरकारी स्वामित्वका भवन, स्टेशनहरूमा माओवादीबाट आक्रमण भएको, बर्दिबासमा रहेको प्रहरी चौकी समेत छिन्नमस्ता गणको क्याम्प भित्र राखी सञ्चालन गर्दै आएको भन्ने देखिँदा ईलाका प्रहरी कार्यालय, बर्दिबासबाट अनुसन्धान हुनसक्ने अवस्था देखिँदैन ।

४१. निजले आन्तरिक रुपमा बोर्ड गठन गरी छानबिनका लागि परिचालन गरेको, बोर्डले पनि प्रतिवेदन बुझाएकोमा उक्त प्रतिवेदन लगायत अनुसन्धान के कसरी अगाडी बढाइएको छ भनी सुपरीवेक्षण गर्न सकेको भने देखिँदैन । तत्कालीन सुरक्षा अवस्थाको कारण अनुसन्धानमा त्रुटी देखिएको

भन्ने वहाँको दावीसँग ... सहमत हुन सकिएन । किनभने आरोप सशस्त्र प्रहरीका कर्मचारीलाई लागेको छ, स्वयम् नेपाल प्रहरी सशस्त्र प्रहरी कै क्याम्पमा बसिरहेको अवस्थामा सशस्त्र प्रहरीका कर्मचारीहरू उपर अनुसन्धान गर्न कहीं जानुपर्ने परिस्थिति देखिँदैन । यस्तो अवस्थामा सशस्त्र द्वन्द्वको कारण देखाई अनुसन्धान नभएको भन्ने कुरा विश्वसनीय देखिँदैन । तत्काल कायम रहेको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ४ र ७ बमोजिमको दायित्वबाट नेपाल प्रहरी विमुख भएको स्पष्ट छ । कुनै विशेष कारण परेको भए आफू भन्दा माथिल्लो निकायसँग समन्वय गरी समस्या निवारणमा प्रयाश गर्नुपर्ने, दक्ष जनशक्ति नभए माथिल्लो निकायमा जाहेर गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने, सशस्त्र प्रहरीसँग निरन्तर समन्वय गर्नुपर्ने जस्ता कुराहरू ऐन, नियम निर्देशित हुन जरूरी छैन । कतिपय कार्यहरू नितान्त व्यवस्थापकीय ढंगबाट सम्पादन गर्नुपर्ने हुन्छ। यस्ता पद्धति अबलम्वन गर्नु कार्यालय प्रमुखको विशिष्ट गुण हो ।

४२. नेपाल सरकारको मातहतमा रहेको सेनामा कार्यरत व्यक्तिलाई फरार रहेको व्यक्ति वा अनुसन्धान गर्ने निकायको पहुँच बाहिरको व्यक्ति भनी अर्थ गर्न नमिल्ने भन्ने समेत सर्वोच्च अदालतबाट फैसला भएको पाइन्छ (ने.का.प.२०६९, अङ्क ६, निर्णय नं.) । यस घटनाका सन्दर्भमा ... विवेचना गर्दा सशस्त्र प्रहरी राज्यकै सुरक्षा निकाय भएको, सशस्त्र प्रहरीलाई नै आरोप लागेको अवस्थामा केवल सशस्त्र द्वन्द्वको कारण सशस्त्र प्रहरी, छिन्नमस्ता गणको सहयोग बिना जिल्ला स्थित नेपाल प्रहरी सुरक्षित रहने अवस्था थिएन भन्ने कुराले सशस्त्र प्रहरी उपर अनुसन्धान गर्न पहुँच नभएको भन्न मिल्ने अवस्था रहँदैन ।

४३. जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रहरी नायव उपरीक्षक शरद कुमार शर्माको नेतृत्वमा गठित बोर्डले घटनाको बारेमा बुझ्ने कार्य गरेपनि उक्त अनुसन्धान झारा टार्ने प्रकारको देखिन्छ। वहाँले दिएको बयान अध्ययन गर्दा वहाँलाई घटना स्थलको मुचुल्का गर्ने, प्रमाण संकलन गर्ने दायित्व नभएपनि आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नुपर्ने थियो । वहाँले प्रतिवेदन मार्फत दिएको राय चित्त बुझ्दो छैन । कार्यालय प्रमुखले बोर्ड गठन गरेर, बोर्डले प्रतिवेदन बुझाएर मात्र आफ्नो दायित्व पूर्ण भएको भनी लिएको दावीसँग सहमत हुन सकिँदैन । अनुसन्धान कुनै जिम्मेवार कर्मचारीको मात्र कार्य होइन । अनुसन्धानमा समूहगत कार्यहरूले नै सही निष्कर्षमा पुग्न सकिने भन्ने कुरा नेपाल प्रहरीसँग लामो अनुभव छ । अनुसन्धान तार्किक निष्कर्षमा पुग्न अनुसन्धान अधिकृत, अपराध अनुसन्धान शाखाका प्रमुख, कार्यालय प्रमुख, कार्यालय प्रमुखको अनुपस्थितिमा जिम्मेवारी बहन गर्ने कर्मचारी, तालुक निकाय सबैको समन्वय, सहकार्य र तदारुकता अनिवार्य शर्तहरू हुन् । त्यसैले एक व्यक्तिले अर्को व्यक्तिलाई देखाएर उन्मुक्ति पाउने अवस्था रहँदैन ।

४४. सनाखत गर्न आएमा सनाखत गर्ने कार्यमा सहयोग गर्ने भन्ने सशस्त्र प्रहरी बलको जवाफ

प्राप्त हुँदा हुँदै सनाखत नगर्नु यस घटनाको महत्वपूर्ण सवाल हो । जसलाई नेपाल पहरीले बेवास्ता (Ignore) गरेको स्पष्ट छ । किन सनाखत गरिएन भन्ने सवालमा केवल दुई वटा अवस्था रहन सक्ने यस घटनाको छानबिन समितिले महशुस गरेको छ । पहिलो, सशस्त्र प्रहरीबलकै संरक्षणमा रहनुपर्ने तत्कालीन परिस्थितिको आँकलन गरी नेपाल प्रहरीले सशस्त्र प्रहरीसँग कुनै चुनौति बहन गर्न नचाहेको, दोश्रो, सशस्त्र प्रहरी बलका कर्मचारी संलग्न रहेकोमा अनुसन्धान नगर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट सशस्त्र प्रहरी बलले नेपाल प्रहरीलाई दवाव दिएको । अन्यथा सनाखत गराउन नसकिने अवस्था देखिएन ।

४५. ...जाहेरी दर्खास्त परेपछि ज्यान सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र परेको मुद्दाका सम्बन्धमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ अनुसार मुद्दा चलाउनु पर्ने हो होइन भन्ने राय सहितको मिसिल प्रमाणहरू सरकारी वकील कार्यालयमा पठाउनुपर्ने र प्रहरीको राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गरी ऐ. ऐनको दफा १८ अनुसार मुद्दा चल्ने देखिएमा सरकारी वकीलले तोकिए बमोजिम अभियोग पत्र तयार गरी समयमै अदालतमा मुद्दा दायर गर्नुपर्ने समेतको विपक्षीहरूको कानूनी कर्तव्य रहने भनी नेपाल प्रहरी र सरकारी वकील को दायित्वको बारेमा सर्वोच्च अदालतले व्याख्या गरेको छ (ने.का.प. २०६४ अङ्क ६, निर्णय नं. ७८५७) । यस घटनाका सम्बन्धमा प्रहरीले सरकारी वकील समक्ष राय सहितको मिसिल पेश गर्नुपर्ने र सरकारी वकीलले अध्ययन गरी मुद्दा चलाउने वा नचालउने निर्णय गर्नुपर्ने कानूनी व्यवस्थाको हदसम्म उक्त व्याख्या सान्दर्भिक देखिन्छ ।

४६. हरेक कसूरको अनुसन्धान गरी कानून बमोजिम न्याय दिने दिलाउँने राज्यको आधार भूत कानूनी दायित्व हो । कसूर कार्य हुने तर अनुसन्धान नै नगर्ने वा गरेपनि असफल अनुसन्धान गर्ने वा नतिजामा पुऱ्याउन नसक्ने भनेको कानूनी राज्यका असफलताका द्योतक उदाहरणहरू हुन् । सफल अनुसन्धान गरी स्वच्छ र वैध अनुसन्धान गरी न्यायको अन्तिम विन्दुमा पुऱ्याउनु कानून कार्यान्वयन गर्ने निकायका आधारभूत उत्तरदायित्वका जिम्मेवारीहरू हुन् । तोकिएको अनुसन्धान अधिकारी वा अभियोजनकर्ताले आफ्नो कर्तव्य पूरा नगरे न्याय पराजित हुन्छ वा पीडितले उपचार नपाएको अनुभूति गरेको हुन्छ भने त्यसमा पीडितकै उत्तरदायित्वमा निजी अनुसन्धान वा अभियोजनको वैकल्पिक मार्ग समेत प्रशस्त गर्नुपर्ने (प्रकरण नं. ९), अपराध अनुसन्धान सरकारी वकीलको निर्देशनबाट अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत समक्ष आइपरेका कानूनी तथा प्रकृयागत बाधा अड्चनलाई फुकाई अनुसन्धानलाई विधि र प्रक्रिया अनुसार सम्पन्न गराई अपराधीलाई कानून बमोजिम दण्ड र पीडितलाई न्याय दिलाउँने र कानूनी शासनको सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउने नै

विधायिकी मनसाय देखिने (प्रकरण १२) (ने.का.प. भाग ५७, अङ्क ३) भनी धोजे भन्ने ध्वज धामी विरुद्ध जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर समेत भएको मुद्दामा सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। यस घटनाको सन्दर्भमा पनि प्रहरीले परिणाम आउने गरी अनुसन्धान नगरेको, सरकारी वकील कार्यालयले कुनै राय नदिएको अवस्था विद्यमान भएकोले पीडितको न्यायको सम्पूर्ण मार्गहरू बन्द भएको, पीडकले सजायबाट उन्मुक्ति पाएकोले सर्वोच्च अदालतबाट प्रतिपादित उक्त सिद्धान्त पालना हुन नसकी कानून शासनको उपहास भएको स्पष्ट छ।

४७. यसरी सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका जिम्मेवार कर्मचारीहरूको अनुत्तरदायी प्रवृत्तिले २० बर्ष पुग्न लाग्दा समेत अनुसन्धान हुन सकेको देखिँदैन। प्रभावकारी अनुसन्धान नहुँदा पीडितले न्यायबाट विमुख हुनु परेको कुरामा विवाद नै छैन भने पीडकले उन्मुक्ति पाइरहेको अवस्था छ। यसको लागि जिम्मेवार को हो ? भन्ने सवालको निरुपण गर्नु आवश्यक हुन्छ। यसतर्फ विचार गर्दा एउटै व्यक्तिलाई मात्र जिम्मेवार बनाएर सबै प्रश्नहरूको समाधान हुनसक्ने अवस्था छैन। किनभने फौजी संगठनहरूमा निश्चित समयपछि कर्मचारीहरूको सरुवा हुने अभ्यास रहेको पाइन्छ। एकै व्यक्तिले मात्र हेरेको विषय हो भने निजलाई जिम्मेवार बनाउन सकिन्छ। तर उक्त व्यक्तिको सरुवा भएर गएपछि जिम्मेवारी अर्को व्यक्तिमा हस्तान्तरण हुने प्रकृयागत विषय हुन्छ। मिति २०५९ साउन १ गते देखि २०७९ बैशाख सम्म २४ जना जिल्ला प्रहरी कार्यालय, महोत्तरीको प्रमुख भैसकेको देखिन्छ भने यस घटनाको अनुसन्धान गर्न कम्तिमा ८ जना अनुसन्धान अधिकृतहरू तोकिएको देखिन्छ। सशस्त्र प्रहरीबल, छिन्नमस्ता गणका गणपतिहरू पनि परिवर्तन भैसकेका छन्। जिल्ला प्रहरी कार्यालयले प्रारम्भीक अनुसन्धान प्रतिवेदन बुझाएको मिसिल संलग्न कागजातबाट देखिएपनि उक्त कार्यालयले कुनै जवाफ दिएको देखिँदैन। यसै सन्दर्भमा सरकारी वकील कार्यालय, महोत्तरीको उत्तरदायित्व समेत आकर्षित हुन्छ।

यतिमात्र नभएर तत्कालीन अञ्चल अस्पताल, जनकपुरका चिकित्सकहरूको भूमिका पनि जिम्मेवार देखिन्छन्। चिकित्सकहरूको लिखित जवाफ अध्ययन गर्दा मूल प्रश्नको जवाफ चित्तबुझ्दो ढंगले उल्लेख भएको देखिँदैन। अन्य घाउखत हेर्दा यौनाङ्गमा पनि चोटपटक लागेको हुनसक्ने तर्फ किन ध्यान दिईएन भन्ने सवालमा सबै चिकित्सकहरूको "म शुरू उपचारमा संलग्न नरहेको" भन्ने समान जवाफ दिएको पाईन्छ। तर मिसिल अध्ययन गर्दा शुरू उपचार गरेको कागजातमा तीनैजना चिकित्सकहरूको सही छाप रहेको छ। प्रहरीको पत्र प्राप्त भएपछि मात्र मेडिकोलिगल सम्बन्धी जाँच परीक्षण भएको देखिएबाट चिकित्सकहरूले सामान्य समझ (Common Sense) को प्रयोग नगरेको स्पष्ट छ। यद्यपी वहाँहरूको गलत मनसायबाट उक्त कार्य गरिएको थियो भनी पुष्टि हुने प्रमाणहरू फेला परेको छैन। अतः

प्रभावकारी अनुसन्धान हुन नसक्नु, पीडितले न्याय नपाउनु र पीडकले उन्मुक्ति पाउनुमा कुनै एक व्यक्ति जिम्मेवार छैनन् । यसकारण समग्रमा (क) सशस्त्र प्रहरी बल, तत्कालीन छिन्नमस्ता गण, महोत्तरी, (ख) सशस्त्र प्रहरी बल, राजस्व भन्सार गस्ती, भिठ्ठामोड, महोत्तरी, (ग) जिल्ला प्रहरी कार्यालय, महोत्तरी (घ) ईलाका प्रहरी कार्यालय, बर्दिबास, महोत्तरी र ङ) जिल्ला सरकारी वकील कार्यालय, महोत्तरी...यस घटनमा मुख्य दोषी देखिन्छन् । समयमै उचित निर्देशन, सुपरीवेक्षण र समन्वय नगरेको आधारमा (क) सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक, काठमाडौ, (ख) नेपाल प्रहरी, प्रधान कार्यालय, नक्साल, काठमाडौ र (ग) तत्कालीन अञ्चल प्रहरी कार्यालय, जनकपुर पनि नैतिक रुपमा उत्तरदायी रहेका देखिन्छन् ।

४८. निज ... के कस्तो तरिकाबाट पीडित भएकी हुन् भन्ने सम्बन्धमा अस्पतालमा उपचार गराएका कागजातहरू मध्ये जनकपुर अञ्चल अस्पतालले मिति २०५९।४।१३ गते तयार गरेको घाउजाँच प्रतिवेदनमा Abrasion on multiple placed, Swollen lower lip, Bite marks in neak, Bruise on Ant. chest, weakness of all, Abrasion on both भनी उल्लेख भएको पाइन्छ । प्रहरी समक्ष तत्काल बयान दिने साक्षीहरूको बयानको आधारमा निजमाथि बलात्कार भएको तथ्यहरूलाई नकार्न सकिँदैन । प्रहरीको अनुसन्धान मिसिल अध्ययन, चिकित्सकिय कागजातहरू, नेपाल प्रहरीसँग भएका छलफलहरूको आधारमा निज ...को शरीरमा देखिएका घाउखत बलात्कार भएको अवस्थासँग मेल खान्छन् । ... । उक्त घटनाबाट पीडितको होश नखुलेको, हिंडडुल गर्न नसक्ने, लामो समयसम्म बिरामी भई उपचारको लागि अस्पतालमा भर्ना भएको कारण ३५ दिनको हदम्याद व्यतित हुने भएकोले ज्यान मार्ने उद्योगमा जाहेरी दर्ता गरेको देखिन्छ । निजमाथि बलात्कार नभई ज्यान मात्र मार्ने अभिप्राय हुनलाई निजको कोही कसैसँग लेनदेन, भैं भगडा, रीस ईवी रहेको भन्ने बुझिँदैन । ज्यानै मार्नलाई मानिसलाई नग्न बनाउनु पर्दैन । घरबाट जंगलमा लैजानु पर्दैन । तसर्थ समग्र परि स्थितिले निजमाथि बलात्कार पश्चात हत्या गर्ने मनसायबाट अपराध गरेको स्पष्ट हुन्छ ।

४९. ....करणी भएको यकीन साथ भन्न नसकिने भन्ने शारीरिक परीक्षण प्रतिवेदनले उल्लेख गरेको देखिएपनि सो परीक्षण घटना भएको १० दिनपछि भएकोले सो प्रतिवेदनलाई मात्र निर्णयाधारको रुपमा ग्रहण गर्न सकिँदैन । जाहेरी, जाहेरवालको भनाई, पीडितको भनाई, बुझिएका मानिसहरूको भनाई समेत अन्य प्रमाणहरूले आपराधिक कार्यलाई स्थापित गरिरहेको अवस्थामा मनासिब समय भित्र नभएको परीक्षण प्रतिवेदनको राय अन्य प्रमाणहरूभन्दा भिन्न भएको अवस्थामा करणीको लक्षण नदेखिएको भन्ने परीक्षण प्रतिवेदन निर्णायक प्रमाणको रुपमा रहन नसक्ने भनी सर्वोच्च अदालतले 'क' कुमारीको मुद्दामा व्याख्या गरेको पाइन्छ (ने.का.प. २०६८, अङ्क

०४, निर्णय नं. ८५९९) । ... ।

५०. प्रस्तुत व्याख्यामा मुलतः अस्पतालबाट परीक्षण गरिएका प्रतिवेदन मध्ये यौनाङ्गको परीक्षणका सम्बन्धमा मूलभूत रुपमा परीक्षण कहिले गरिएको हो भन्ने कुरा महत्वपूर्ण हुने देखिन्छ । यस घटनासँग सान्दर्भिक रहेको यस व्याख्या अनुसार घटना भएको विलम्ब गरी (१४ दिन पछि मात्र) भेजाइनल स्वाव लिइएको, शुरू उपचार हुँदा यौनांगको जाँच परीक्षण नै नगरेको अवस्थाले ती प्रतिवेदनहरूको आधारमा मात्र निजलाई बलात्कार नभएको भनी मान्न सकिँदैन । दुई जना साक्षीहरूको बयान, घटनास्थलको अवस्थिति, यातना पीडित सरोकारकेन्द्रमा उपचारको क्रममा निजको शारीरिक र मानसिक रुपमा देखिएका लक्षणहरू, निजले जाहेरीमा उल्लेख गरेका कुराहरू, पटक-पटक प्रहरी समक्ष दिएको लिखित जानकारीहरूले निजमाथि बलात्कार भएको होइन भन्ने अवस्था देखिएन ।

५१. तत्कालका लागि प्रहरीले उक्त मिसिल तामेलीमा राख्ने निर्णय प्रस्ताव गरी जिल्ला सरकारी वकील कार्यालय, महोत्तरीमा पेश गरेको देखिन्छ । तामेलीमा राख्ने प्रस्ताव पेश गरेपनि उक्त घटनाको प्रभावकारी अनुसन्धान निरन्तर गरिरहनुपर्ने जरुरी छ । जबसम्म प्रहरीबाट अनुसन्धान हुँदैन तबसम्म पीडित न्यायबाट बञ्चित नै रहने अवस्था रहन्छ । पीडितले न्याय पाउने नपाउने भन्ने कुरा अनुसन्धान मै निहीत रहने हुँदा प्रभावकारी अनुसन्धान गर्नु प्रहरीको कानूनी कर्तव्य हो ।

५२. यस घटनालाई मेडिकोलिगलसँग सान्दर्भिक गरेर विवेचना गर्दा २० बर्ष अगाडीको मेडिकोलिगलको अभ्यासलाई वर्तमान अवस्थाको मेडिकोलिगल क्षेत्रको विकाससँग तुलना गर्दा २० बर्ष अगाडीको अभ्यासले यस्ता घटनाका पीडितहरूले न्याय पाउने कुरामा सन्देह नै रहन्छ । चिकित्सकीय ज्ञान, सीप र विवेकको अभावमा ...को शारिरीक परीक्षण भएको देखिँदैन । शरिरीक परीक्षणमा होस भएको बिरामी भएमा पीडितको सहमति लिनुपर्ने आवश्यक होला, जस्को होस नै छैन भने निजको सर्वोत्तम हितकोलागि (सर्वोत्तम हित भन्नाले शारिरीक र मानसिक स्वास्थ्यको चेकजाँच, उपचार मात्र नभई न्याय प्राप्तिको लागि प्रमाण लाग्ने तथ्यहरूको खोजी गर्नुपनि हो) तथ्य संकलन गर्नु पर्दछ । यस्तो अवस्थामा बिरामीको मञ्जुरी नलिइकन पनि चेकजाँच गर्दा चिकित्सकहरूलाई कुनै अपराध लाग्दैन । खासगरी यो विषय चिकित्सकको मानवीय विवेक प्रयोग गर्ने विषय हो । भेजाइनल स्वाव ढिलो गरी संकलन गर्दा पीडित व्यक्ति झन मर्कामा पर्नसक्ने खतरा रहन्छ । किनभने नमूना संकलनमा ढिला गर्दा खोजिएको प्रमाण फेला पर्दैन र प्रमाण फेला नपरेमा अपराध पुष्टि हुँदैन । त्यसैले नीतिगत तहमा नै कुन कुन विषयको नमूना संकलन कहिले वा कति दिनसम्म गरिसक्नुपर्ने हो ? समयमा नै नमूना संकलन गर्न सम्भव नभएमा के गर्ने ? होस नभएको बिरामीहरूको सन्दर्भमा गोप्य अङ्गहरूको चेकजाँच गर्न मिल्ने कि नमिल्ने ? नमिल्ने भए कस्को मन्जुरी लिनुपर्ने ? लिईएका नमूनाहरू कुन

प्रयोगशालामा परीक्षण गर्ने ? प्रयोगशालाको मापदण्ड कस्तो हुनुपर्ने ? नमूना लिने चिकित्सक र प्रयोगशाला प्राविधिकको योग्यता के कस्तो हुनुपर्ने ? बलात्कार तथा यौनजन्य हिंसामा परेका व्यक्तिहरूको मेडिकोलिगल जाँच परीक्षण गर्न नेपाल प्रहरीबाटै पत्राचार हुनुपर्ने कि नपर्ने ? जस्ता कुराहरू मेडिकोलिगलले सम्बोधन गर्न जरूरी हुन्छ । तसर्थ यस घटनाको सन्दर्भमा मेडिकोलिगलमा देखिएको गल्तीको लागि कुनै चिकित्सकलाई जिम्मेवार ठहऱ्याउनु भन्दा पनि संस्थागत सूधारमा जोड दिनु सान्दर्भिक हुने देखियो ।

५३. ... :–

५४. यसमा महोत्तरी जिल्ला तत्कालीन ... बजारको नजिकमा सामान्य होटल सञ्चालन गर्दै आएकी ... लाई सशस्त्र प्रहरी बल, नेपाल, छिन्नमस्ता गणका पाँच जना प्रहरीहरूले मिति २०५९/३/३२ गते रातको समयमा निजले सञ्चालन गरेको बाँसको भाटाले बारेको होटलबाट नियन्त्रणमा लिई होटल नजिक रहेको मकैबारीमा पुऱ्याई बलात्कार गरी पश्चिमतर्फ रहेको जंगलमा लगि मरणासन्न अवस्था बनाई छाडी हिंडेका, सो घटनामा निजका बाबु ... ले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा दोषीहरू पत्ता लगाई कानून बमोजिम कारवाही गरिपाऊँ भनी जाहेरी दिएकामा जिल्ला प्रहरी कार्यालयले सो जाहेरी उपर कारवाही अघि नबढाएकोले न्यायको लागि आवश्यक पहल गरिपाऊँ भनी मिति २०५९/६/३ गते पीडित ... बाट यस आयोगमा दर्ताहुन आएको उजूरी उपर छानबिन तथा अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेछ । मिसिल संलग्न अनुसन्धान प्रतिवेदनहरू, पीडितको बकपत्र, अनुसन्धान गर्ने गराउने कार्यमा जिम्मेवार प्रहरीहरूको बयान, साक्षीहरूको बकपत्र, विशेषज्ञहरूको राय समेतका कागजातहरूको अध्ययन विश्लेषणबाट पीडित ... लाई उजूरीमा उल्लेख भएबमोजिम निजले सञ्चालन गरेको होटलबाट मिति २०५९/३/३२ गते नियन्त्रणमा लिई होटल पश्चिमतर्फ रहेको मकैबारीमा पुऱ्याई यौनजन्य शोषण गरी मरणासन्न पारी जंगलमा नै छाडी हिंडेको तथ्यमा अस्वीकार गर्नुपर्ने अवस्था देखिन आएन । यस सन्दर्भमा घटनामा निजको मानव अधिकार उल्लंघन भएको हो होईन भनी निष्कर्षमा पुग्नु पर्ने देखियो ।

५५. उजूरीमा उल्लेख भएबमोजिम पीडित महिला ... जिल्लाकी स्थायी बासिन्दा भएकी, निजले ... सँग विवाह गरेकी, आफ्नो समुदाय बाहिरका व्यक्तिसँग विवाह गरेको भनी घरपरिवार (माइती) बाट अपहेलित भएकी, श्रीमानले खलाँसी र उनले बर्दिबासमा रहेको सशस्त्र प्रहरी बल छिन्नमस्ता गण नजिकमा सामान्य होटल सञ्चालन गरेर बसेकी, सो होटलमा सशस्त्र प्रहरी गणका प्रहरीहरू पनि चिया नास्ता गर्न आउने गरेकामा मिति २०५९/३/३२ गते दिनको करिब ४:०० बजे गणका पाँच जना प्रहरीहरूले निजको होटल पुगी अण्डा र चिया खाएका । चिया र अण्डा खाँदै उनीहरूले पीडित लक्षित गरी अश्लील इसारा

तथा आशयका बोली र व्यवहार देखाएका, पीडितले त्यसको विरोध गरेकी, पीडितको विरोधपछि ती प्रहरीहरूले "तँलाई देखाउँछौं" भन्दै होटलबाट फर्किएकामा रातको करिब ११:३० बजे पुनः पीडितको होटलमा पुगेर चिया मागेका, पीडितले 'होटल बन्द भईसक्यो चिया छैन' भन्दा किन छैन भन्दै उनीहरू होटलको ढोका खोली जर्बजस्ती भित्र प्रवेश गरी पीडितको हात खुट्टामा समाति होटलबाट बाहिर निकाली पश्चिमतर्फ रहेको मकैबारीमा पुऱ्याई पीडितलाई सामुहिक बलात्कार गरी मरणासन्न अवस्थामा पुऱ्याई त्यहाँबाट पश्चिम तर्फ रहेको जङ्गलमा पुऱ्याई छाडेका, सो घटनाको कारण पीडितको होस् धेरैदिनपछि खुलेपछि निजले आफुमाथि भएको घटना निजका बाबुलाई भनेपछि बाबु ... ले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दिएको देखियो । साथै जाहेरीमा कारवाही अघि नबढेपछि पीडित स्वयम्ले पनि यस आयोगमा उजूरी दिएको देखिन्छ ।

५६. उल्लिखित अवस्थामा पीडितको बाबुले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी, पीडितले यस आयोगमा दिएको उजूरी र लिखित बयानमा उल्लेख भएको व्यहोरा, सो बयानलाई समर्थन हुनेगरी घटना भएको अर्कोदिन मिति २०५९/४/१ गते गोठालाहरूले निजलाई मरणासन्न र कपडा च्यातिएर अर्द्धनग्न अवस्थामा जङ्गलमा भेटेको प्रत्यक्षदर्शीहरूको बयानमा उल्लेख भएको व्यहोरा, घटना भएको झण्डै बीस वर्षपछि पनि आफुलाई सशस्त्र प्रहरीका पाँच जना व्यक्तिले सामुहिक बलात्कार गरेका र देखें भने अहिलेपनि चिन्दछु भन्ने पीडितको लिखित भनाई, जाहेरीमा खुलाईएको प्रहरीहरूको हुलिया, जनकपुर अञ्चल अस्पतालदेखि त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज सम्मका मेडिकल प्रतिवेदनहरूमा पीडितको शरीरमा Abrasion on multiple placed, Swollen lower lip, Bite marks in neak, Bruise on Ant.chest भनी उल्लेख भएको अवस्था, आयोगको कार्यालयमा विज्ञहरूसंग भएको छलफल, घटनापछि पीडितको शरीरको मुख, घाँटी, स्तन र स्तनको वरपरको भाग, पाखुरा, गोडा समेतमा देखिएका घाउचोट, नीलडाम र मानसिक रुपमा केटा(पुरुष) मान्छे देखेमा डराउने, नबोल्ने, एक्लै बस्न रुचाउने, ठुलो स्वरले कोही बोल्यो भने डराउने, नुहाउन नमान्ने, लुगा फेर्न नमान्ने, राति नसुत्ने, एक्लै बरबराउने जस्ता समस्या रहेका विशेषज्ञ संस्थाबाट प्राप्त प्रतिवेदनमा उल्लेख भएको व्यहोरा र यस सम्बन्धमा आयोगले आफ्नो केन्द्रीय कार्यालयमा विशेषज्ञहरूसँग गरेको छलफलमा उल्लिखित लक्षणहरू यौन दुर्व्यवहारका लक्षणहरूसँग सम्बन्धित हुनसक्ने भनी प्राप्त सुझावहरूबाट समेत पीडित माथि यौनजन्य अपराध भएको होईन भनी भन्न सकिएन ।

५७. यस घटनामा सशस्त्र प्रहरी बलले आफ्ना कर्मचारीको संलग्नता रहे नरहेको सम्बन्धमा विश्लेषण गर्दा सशस्त्र प्रहरी बलले आयोग समक्ष आफ्ना कर्मचारीको संलग्नता नरहेको भनी तथ्य र प्रमाणगत रुपमा किटानी गर्न नसकेको अवस्था, घटना

हुनासाथ विभिन्न सञ्चार माध्ययमहरूमा प्रकाशित समाचारहरू, आर्थिक, सामाजिक, साँस्कृतिक र परिस्थितिजन्य अवस्थाको विश्लेषणबाट यी पीडितले बिना आधार र कारण पूर्वाग्रही भएर सशस्त्र प्रहरी, त्यसमा पनि पाँचजना प्रहरी माथि आरोप लगाउनु पर्ने कुनै अवस्था नदेखिनु, पीडितले संख्या नै यकीन गरी पाँचजना प्रहरीले नै घटना घटाएको भनी किटानी गर्नु समेतका तथ्यहरूबाट अनुसन्धान गर्ने निकायको लापरवाहीको कारण प्राविधिक रुपमा बलात्कार भएको यकीन गर्न हुन नसके पनि अन्य परिस्थितिजन्य प्रमाण र सम्भाव्यताको सिद्धान्त (principle of probability) को आधारमा प्राप्त प्रमाण समेतले पीडितमाथि सशस्त्र प्रहरीका कर्मचारीबाट बलात्कार भएको होईन भनी निष्कर्षमा पुग्न सकिएन ।

५८. यस घटनामा सशस्त्र प्रहरी छिन्नमस्ता गणमाथि त्यति ठुलो आरोप लागि रहँदा सो गणका तत्कालीन प्रमुख प्रकाश ओझाले आन्तरिक रुपमा छानबिन गर्न आवश्यक नठान्नु, प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कसूर गरेमा वा सो विषयमा सम्बन्धित निकायमा कसैको जाहेरी परेमा त्यस्तो जोहेरीमा नाम किटिएको वा सो अपराधमा संलग्न रहेको देखिएको जुनसुकै कर्मचारीलाई अपराध अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय समक्ष उपस्थित गर्नु, गराउनु पर्नेमा गणपतिबाट त्यसको विपरित आचरण र व्यवहार देखाउनु, सशस्त्र प्रहरीहरूको सनाखत सम्बन्धमा पीडितलाई गणमा पुऱ्याएमा मात्र सनाखत कार्यमा सहयोग गर्नसक्ने भनी जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पत्र प्रेषित गरेको देखिएपनि गणपतिले आयोगसमक्ष गरेको बयान तथा बन्द सवालमा सो विषयमा स्पष्ट गर्न नसक्नु, बिना आधार र कारण जिल्ला प्रहरी कार्यालय महोत्तरीमा रहेको यस घटनाको अनुसन्धान मिसिल सशस्त्र प्रहरी बल राजस्व भन्सार गस्ती, भिठ्ठामोडका प्रमुख (वेशपति) सशस्त्र प्रहरी निरीक्षक बद्रीनारायण चौधरीबाट मागिनु जस्ता तथ्यले घटनामा सशस्त्र प्रहरी बलबाट जिल्ला प्रहरी कार्यालयको अनुसन्धान कार्यमा पर्याप्त सहयोग भएको पाइएन । उल्लिखित आधार, तथ्य र प्रमाणको आधारमा यस घटनामा उजूरीमा उल्लेख भएबमोजिम सशस्त्र प्रहरी बल छिन्नमस्ता गण बर्दिबासमा कार्यरत तर नाम र पद खुल्न नसकेका पाँच जना प्रहरीको संलग्नता नरहेको भनी भन्न सकिएन । साथै यस्तो जघन्य आपराधिक घटनामा सशस्त्र प्रहरीले आन्तरीक छानबिन गरी कुनै कारवाही अघि बढाएको समेत नपाईंदा घटनामा सशस्त्र प्रहरी नियमावलीको नियम ९८ बमोजिम सेवा र पद अनुसारको आचरण पालना नभएको मात्र होईन नियम १०५ को व्यवस्था अनुसार मानव अधिकार र लैंगिक विषयमा पनि संवेदनशील हुन नसकेको देखियो ।

५९. यस्तो गम्भीर मानव अधिकार उल्लंघन हुनेगरी भएको घटनामा को कसको संलग्नता रहेको तर्फ विश्लेषण गर्दा सशस्त्र प्रहरी बलका कर्मचारीको संलग्नता नरहेको भनी स्वतन्त्र रुपले पुष्टि हुन सकेन । घटनाको

सम्बन्धमा सञ्चार माध्यमहरूमा सशस्त्र प्रहरी बल, छिन्नमस्ता गणका पाँच जना कर्मचारीको संलग्नता भएको भनी व्यापक रुपमा प्रकाशित तथा प्रशारित समाचारहरू, त्यस्ता समाचारहरूको सशस्त्र प्रहरी बलबाट तत्काल खण्डन हुन नसकेको अवस्था, सशस्त्र प्रहरी माथिको त्यति गम्भीर आरोपमा गणका प्रमुखले छानबिन र जाँचबुझ गर्नेतर्फ देखाएको उदासीनता, पीडितले निरन्तर पाँच जना सशस्त्र प्रहरीले आफुमाथि घटना घटाएको भनी आरोप लगाई रहेको र उनीहरूलाई देखेँ भने अहिलेपनि चिन्दछु भनी आयोग समक्ष गरिदिएको बयान र पीडितसँग सशस्त्र प्रहरीप्रतिको कुनै पूर्वाग्रहता रहेको तथ्य स्थापित हुन नसकेको अवस्था जस्ता तथ्यले यस घटनामा नाम र पद खुल्न नसके पनि माथि उल्लिखित सशस्त्र प्रहरी गणका पाँच जना कर्मचारीहरूको संलग्नता नरहेको भन्न सकिएन ।

६०. महिलामाथि बलात्कार र बलात्कार पछि ज्यान मर्नसक्ने सम्मको अपराध भई सशस्त्र प्रहरीलाई आरोप लागेको विषयमा सशस्त्र प्रहरीको छानबिन अपेक्षित र अनिवार्य विषय हो । बलात्कार जस्तो फौजदारी अपराधको विषय प्रचलित कानून बमोजिम गम्भीर प्रकृतिको संवेदनशील घटना र विषय हो । यस्ता घटनामा कानूनलाई सहयोग गर्नु जो कोही व्यक्ति वा निकायको दायित्व पनि हो । तर यस घटनामा अनुसन्धान गर्ने, गराउने कार्यमा सशस्त्र प्रहरीले नै नेपाल प्रहरीसँग समन्वय गरेको नदेखिएको । नेपाल प्रहरीले पत्राचार गरे या नगरे पनि आरोप लागि सकेपछि सनाखत गराउने विषयमा सशस्त्र प्रहरीका गणपति स्वयम्ले चासो दिई घटना भएको दिन गणमा उपस्थित भएका प्रहरीहरूको विवरण सहित सनाखत गराउन नेपाल प्रहरीसँग समन्वय गर्नुपर्नेमा त्यसतर्फ पनि चासो दिएको नदेखिएको । आन्तरिक छानबिन गरी त्यसको प्रतिवेदन नेपाल प्रहरी र तालुक निकायलाई उपलबध गराई कर्तव्य पुरा गर्नुपर्नेमा त्यसो गरेको पनि नदेखिएकोले यस घटनामा सशस्त्र प्रहरीबल छिन्नमस्ता गणले आफ्नो कर्तव्य पालना गर्न नसकी कर्तव्य विमुख भएको देखियो ।

६१. मुलतः अपराध रोकथाम, अनुसन्धान गरी मुद्दा चलाउने प्रक्रिया अघि बढाउने जस्ता दायित्व नेपाल प्रहरीको हो । प्रहरी ऐन, २०१२ को दफा १५(१)को खण्ड (ग), (घ) र (ङ) का प्रावधानहरूले अपराधको अनुसन्धान गर्ने प्रमुख दायित्व नेपाल प्रहरीको भएको स्पष्ट गरेको छ। सो बमोजिम नेपाल प्रहरीले दायित्व निर्वाह गर्नुपर्नेमा यस घटनामा प्रारम्भीक रुपमा नै नेपाल प्रहरीबाट अनुसन्धानमा त्रुटी गरी आफ्नो दायित्व निर्वाह गर्नबाट विमुख भएको देखिन्छ । घटनाको सूचना प्राप्त हुनासाथ अघि बढाउनु पर्ने प्रक्रियाहरू मात्र होईन पीडितको घटना केन्द्रीत स्वास्थ्य जाँचमा समेत समयमा नै ध्यान दिन सकेको पाइएन । जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख एवम् प्रहरी उपरीक्षक नारायणकुमार आचार्यले आन्तरिक रुपमा बोर्ड गठन गरी छानबिन अघि बढाएको देखिएपनि सो बोर्डले प्रतिवेदन प्राप्त भए पश्चात सन्तोषजनक रुपमा कुनै

कारवाही अघि बढाएको देखिएन । घटनाको अनुसन्धान तथा अभियोजनको सम्बन्धमा फौजदारी अपराध अनुसन्धानको विषय सशस्त्र प्रहरी बलको जिम्मेवारी होईन । तर पनि प्रचलित कानून विपरितका अपराधमा संलग्न व्यक्तिहरू फेला परेमा अनुसन्धानको लागि नेपाल प्रहरीलाई जिम्मा लगाउने दायित्वबाट भने सशस्त्र प्रहरी बल ऐन, २०५८ को दफा २४(२) बमोजिम सशस्त्र प्रहरीको पनि हो । उल्लिखित अवस्थामा संगठनभित्र नै छानबिन गरी त्यस्तो कार्य गर्न सक्नेमा त्यस्तो कार्य हुन नसक्दा कानूनी व्यवस्था बमोजिमको आचरण र व्यहार यस घटनामा सशस्त्र प्रहरीले प्रदर्शन गर्न सकेको देखिएन । साथै यस्तो जघन्य फौजदारी कसूरको अनुसन्धान गर्ने प्रमुख दायित्व रहेको नेपाल प्रहरीले अनुसन्धानमा गम्भीरताका साथ अनुसन्धान अघि बढाउन सकेको पनि पाइएन ।

६२. पीडित मिति २०५९/४/१ गते देखि अस्पतालमा भर्ना भई उपचार भईरहेकोमा प्रहरीले घटना भएको १३ दिनपछि मिति २०५९/४/१२ गते आन्तरिक छानबिन बोर्ड गठन गरेको, जाहेरी समयमा नै दर्ता नगरेको, जाहेरवालाले जाहेरी दिएको तिथि मितिहरू मिले नमिलेको नहेरिएको, यति संवेदनशील र जघन्य अपराधको घटनामा प्रहरी प्रतिवेदनको आधारमा पनि जाहेरी दर्ता गरिने अभ्यासलाई वेवास्ता भएको, सनाखत गराउने सम्बन्धमा सशस्त्र प्रहरी बलबाट भएको पत्राचार माथिको कारवाहीमा उदासीनता देखाएको, सामान्यतः चौबीस घण्टाभित्र परीक्षण गरिनु पीडितको भेजाइनल स्वाव परीक्षण गर्न घटना भएको चौध दिनपछि मिति २०५९/४/१३ गते मात्र अस्पताललाई पत्राचार गरेको र समयमा नै भेजाइनल स्वाव परीक्षण हुन नसक्दा निजमाथि भएको बलात्कारको प्राविधिक प्रमाण सुरक्षित हुन नसकेको जस्ता तथ्यबाट अनुसन्धान कार्यमा जिल्ला प्रहरी कार्यालय महोत्तरी गम्भीर हुन सकेको देखिएन । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रमुखले आयोगसमक्ष उपस्थित भई गरिदिनु भएको बयानमा सशस्त्र द्वन्द्वको कारण यस घटनाको अनुसन्धानले प्राथमिकता पाउन नसकेको आसय व्यक्त गर्नु र जाहेरी दरखास्तमा सशस्त्र प्रहरीको हुलिया खुलाइएकोमा त्यसतर्फ करवाही अघि बढाउन उदासीनता देखाउनुले पनि प्रहरीको भूमिका प्रभावकारी हुन सकेको देखिएन ।

६३. माथि उल्लिखित तथ्यहरूको आधारमा नेपाल प्रहरी तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ४ र ७ अनुकुलको कार्य गर्न नसकी आफ्नो दायित्वबाट विमुख भएको देखिन्छ । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका जिम्मेवार कर्मचारीहरूको अनुत्तरदायी प्रवृत्तिको कारण घटना भएको बीस वर्षसम्म अनुसन्धान हुन नसक्दा पीडित न्याय पाउनबाट विमुख र पीडकले निरन्तर उन्मुक्ति पाइरहेको देखिन्छ । जसको प्रमुख जिम्मेवारी जिल्ला प्रहरी कार्यालय महोत्तरीका तत्कालीन प्रमुख एवम् प्रहरी उपरीक्षक नारायणकुमार आचार्य र सशस्त्र

प्रहरी बल छिन्नमस्ता गणका तत्कालीन गणपति प्रकाश ओझाले लिनु पर्ने देखियो । यस बाहेक घटनामा महोत्तरी स्थित सशस्त्र प्रहरी बल, तत्कालीन छिन्नमस्ता गण बर्दिबास र सशस्त्र प्रहरी बल राजस्व भन्सार गस्ती भिट्ठामोड, जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय बर्दिबास महोत्तरी, जिल्ला सरकारी वकील कार्यालय महोत्तरी समेत जिम्मेवार देखिन्छन् । साथै समयमै उचित निर्देशन, सुपरीवेक्षण र समन्वय नगरेको आधारमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय र तत्कालीन अञ्चल प्रहरी कार्यालय जनकपुर धनुषा पनि कुनै न कुनै रुपमा जिम्मेवार रहेका देखिन्छ । घटनामा जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जिल्ला सरकारी वकील कार्यालयमा प्रारम्भीक प्रतिवेदन पठाएकोमा सो कार्यालयबाट राय उपलव्ध नगराईको अवस्थालले जिल्ला सरकारी वकील कार्यालय महोत्तरीले पनि यस घटनामा आफ्नो जिम्मेवारी पुरा गर्न नसकेको देखियो ।

६४. समयमा नै अनुसन्धान सम्बन्धी कार्यविधिगत प्रक्रिया अघि नबढ्नु र बढिसकेपछि पनि मेडिको लिगल सम्बन्धी ज्ञानको अभावमा घटनाको परीक्षण गर्ने चिकित्सकहरूबाट मेडिको लिगलसम्बन्धी सिद्धान्तहरूको पालना हुन नसकेको तथ्यले पीडितको न्यायप्राप्तिको बाटोमा अवरोध सिर्जना भएको देखियो । मेडिको लिगल सम्बन्धी परीक्षण र प्रतिवेदनको अभावमा अपराध पुष्टि हुने प्रमाणहरू लोप हुनसक्ने विषयमा चिकित्सकहरू संवेदनशील हुन सकेको देखिएन । तत्कालीन अञ्चल अस्पताल जनकपुरका चिकित्सकहरूबाट बलात्कार भएको भनी विभिन्न सञ्चार माध्ययमहरूमा व्यापक प्रचार-प्रसार भएको यस घटनाकी पीडितको अन्य घाउखत परीक्षण हुँदा महिलाको यौनाङ्गमा पनि चोटपटक लागेको हुनसक्ने सामान्य बुझाई (Common Sense) राखी परीक्षण नहुँदा यस्तो अवस्था देखिन आयो । खासगरी महिला र बालबालिकाहरू माथि हुने हिंसाबाट पीडितले न्याय प्राप्त गर्ने एक प्रमुख आधार मेडिको लिगल सम्बन्धी विषय महत्वपूर्ण भएपनि यस घटनामा चिकित्सकबाट त्यसतर्फ ध्यान दिन सकेको देखिएन । अपराध पीडितको हक संरक्षण गरी अनुसन्धानलाई वैज्ञानिक, भरपर्दो र प्रभावकारी बनाउने सन्दर्भमा यस विधिको पालना हुन सकेको पाइएन । महिला विरुद्धको हिंसा/यौन हिंसामा तत्काल नमूना लिने, परीक्षण गर्ने, प्रतिवेदन तयार गर्ने समेतका विधि र प्रकृयामा चिकित्सकहरूमा मानवीय संवेदनशीलता र सजगता अति महत्वपूर्ण पक्ष हो । तर यस घटनामा चिकित्सकबाट यस विष्यमा गम्भीरता नदेखाउँदा घटनाको महत्वपूर्ण प्रमाण भेजाइनल स्वावको परीक्षण घटना भएको करिब दुईहप्ता पछिमात्र भई मेडिको लिगल सिद्धान्तको परिपालना नभएको स्पष्ट हुन आयो ।

६५. उल्लिखित तथ्य र प्रमाणको आधारमा घटना हुनासाथ अनुसन्धान गर्नुपर्ने निकाय नेपाल प्रहरीबाट प्रभावकारी अनुसन्धान हुन नसक्दा र सशस्त्र प्रहरी बलबाट पहल

र समन्वय नहुँदा पीडित ... को शीघ्र न्याय पाउने अधिकारको चरम रुपमा उलंघन भई निजको जीवन, स्वतन्त्रता, समानता र मर्यादाप्रति राज्यका सम्बन्धित निकायको निरन्तर वेवास्ता हुँदै आएको देखियो। अतः यस घटनामा आयोग नेपाल सरकार सहित सम्बद्ध सबै निकायलाई निम्न बमोजिमको सिफारिस गर्ने ठहर गर्दछ।

(क) **नेपाल सरकारलाई**

१. यी पीडित माथि भएको घटनासँग मिल्दो प्रकृतिका (बलात्कार तथा यौनजन्य हिंसामा) घटनाका पीडितहरू बारा जिल्ला कलैयाकी ... र रामेछापकी ... लाई नेपाल सरकारबाट रू. ६००,०००/(छ लाख रुपैयाँ) उपलब्ध गराएको देखिँदा यी पीडित ... लाई पनि समानताको मुल्य, मान्यता र सिद्धान्तका आधारमा सोही बराबरको रकम तत्काल क्षतिपूर्ति स्वरुप उपलब्ध गराउन,

२. पीडितको दीर्घकालसम्म शारिरीक र मानसिक स्वास्थ्य उपचार आवश्यक देखिएको तर निजको आर्थिक अवस्था अति दयनीय भएकोले आजीवन निःशुल्क उपचारको व्यवस्था मिलाउन।

३. पीडित ... को श्रीमान् ..., छोरा ... को नागरिकता प्रमाणपत्र बनेको तर पीडितको नागरिकता नभएको, पीडितको श्रीमान्‌को मृत्यु भईसकेको र उनी आफैंले नागरिकता बनाउन सक्ने अवस्था नहुँदा सोही कारणबाट निज क्षतिपूर्ति पाउने अवस्थाबाट बञ्चित हुने अवस्था आउन नदिन शीघ्र नागरिकता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाउन।

४. आयोगबाट यस अघि पनि पटक-पटक भएका नीतिगत सिफारिस समेतलाई दृष्टिगत गरी मेडिको लिगल सम्बन्धी नियम, निर्देशिकाहरूमा समयानुकुल सुधार गरी सम्बन्धित सबै निकाय/संस्थाहरूमा परिपत्र गरी लागू गर्न र तत्कालको लागि सबै प्रदेश र दीर्घकालीन रुपमा हरेक जिल्ला अस्पलातमा विधिविज्ञान प्रयोगशाला (Forensic Lab) स्थापना र व्यवस्थापन गरी सञ्चालनमा ल्याउन।

५. होस नभएका बिरामीहरूको गोप्य अङ्गहरूको चेकजाँचमा मञ्जुरी लिने, लिईएका नमूनाहरू कहिले, कहाँ र कुन प्रयोगशालामा परीक्षण गर्ने, प्रयोगशालाको मापदण्ड, नमूना लिने चिकित्सक र प्रयोगशाला प्राविधिकको योग्यता, बलात्कार तथा यौनजन्य हिंसामा परेका व्यक्तिहरूको मेडिकोलिगल परीक्षण गर्न नेपाल प्रहरीको पत्राचार अनिवार्य हुनुपर्ने, नपर्ने जस्ता विषयहरूमा प्रचलित निर्देशिका अपूर्ण रहेकोले अन्तर्राष्ट्रिय अभ्यास अनुकुल तत्काल नीति निर्माण गर्न।

६. मेडिको लिगल सम्बन्धी विषय अपराध

पुष्टि गर्ने र पीडितको न्याय प्राप्तिको सबैभन्दा महत्वपूर्ण आधारको रुपमा रहने हुँदा यस्तो संवेदनशील विषयमा काम गर्ने चिकित्सक, प्रयोगशाला, प्राविधिक दक्ष र सीपयुक्त हुनुपर्ने साथै सोही अनुरुप प्रयोगशाला लगायतका मेडिको लिगलमा प्रयोगहुने यन्त्र, उपकरण, औजार र दक्ष जनशक्ति समेतको आवश्यक व्यवस्था गर्ने ।

७. अस्पतालमा आधारित लैंगिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक जनशक्ति, बजेट, संरचना, भौतिक श्रोत साधनहरूको तर्जुमा गर्ने ।

८. यौनजन्य हिंसा पीडितहरूलाई मनोसामाजिक अवस्था र परिस्थितिजन्य तथ्यलाई पनि प्रमाणको रुपमा ग्रहण गर्न सकिने कानूनी व्यवस्थाको लागि पहल गर्ने ।

९. महिला हिंसाका घटनाहरूको छानबिन, अनुसन्धान अभियोजन तथा सुनुवाई द्रुत अदालतको मुल्य मान्यता बमोजिम सम्पादन हुने व्यवस्था मिलाउने ।

१०. सशस्त्र प्रहरी बल छिन्नमस्ता गणका तत्कालीन सशस्त्र प्रहरी उपरीक्षक श्री प्रकाश ओझा र जिल्ला प्रहरी कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख नारायणकुमार आचार्य सेवाबाट अवकास भईसकेको देखिँदा भविष्यमा उनीहरूको कुनै विशेषज्ञता नेपाल प्रहरी र सशस्त्र प्रहरी बल सहित राज्यका कुनै संयन्त्रलाई आवश्यक भएमा राज्यका निकायबाट त्यस्तो जिम्मेवारी नदिन र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७(७) र (८) बमोजिम निजहरूबाट प्रतिव्यक्ति रु. ५,०००/(पाँच हजार रुपैयाँ) असूल उपर गरी पीडितलाई उपलब्ध गराउने ।

**(ख) नेपाल प्रहरीलाई**

१. प्रस्तुत घटनाको अनुसन्धान कार्य अझैपनि सम्पन्न नभएको हुँदा दक्ष जनशक्ति, श्रोत साधनको व्यवस्थापन गरी तत्काल अनुसन्धानको लागि विशेष कार्यदल खटाउने र त्यसको जानकारी आयोगलाई उपलव्ध गराउने ।

२. जाहेरी उपर शीघ्र प्रभावकारी अनुसन्धान गरी पीडितलाई न्याय र दोषी पहिचान गरी राय सहितको प्रतिवेदन सरकारी वकील कार्यालय समक्ष पेश गर्न जिल्ला प्रहरी कार्यालय महोत्तरी र ईलाका प्रहरी कार्यालय, बर्दिबास महोत्तरीलाई तत्काल पत्राचार गर्ने ।

३. यौनजन्य हिंसाबाट पीडित भएका व्यक्ति तथा बालबालिकाहरूको विषयमा संवेदनशील बनी तत्काल अनुसन्धान गर्ने, त्यसको लागि तत्काल

दक्ष र आवश्यक जनशक्तिको व्यवस्था गर्न र खासगरी महिला बालबालिका उपर हुने यौनजन्य हिंसा, बलात्कार, हत्या जस्ता विषयमा कसैको जाहेरी पर्न नआए पनि आफैं प्रतिवेदन उठाई अनुसन्धान अघि बढाउने व्यवस्था मिलाउन ।

४. अनुसन्धानमा संलग्न कर्मचारीहरूलाई समय-समयमा मेडिको लिगल लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्बन्धित तालिमहरू उपलव्ध गराई सीप, ज्ञान र दक्षता अभिवृद्धि गर्न । अनुसन्धानमा खटिएका कर्मचारीहरूको कार्य सम्पादन मुल्याङ्कन गर्दा अनुसन्धानमा प्राप्त गरेको सफलतालाई उचित आधार मान्न गर्न ।

**(ग) सशस्त्र प्रहरी बललाई**

१. यस घटनाका सम्बन्धमा तत्कालीन अवस्थामा छिन्नमस्ता गणमा कार्यरत सबै कर्मचारीहरूको फोटो सहित तीन पुस्ते विवरण, आउटिङ अभिलेख, सेन्ट्रीमा ड्युटी गर्ने व्यक्तिको विवरण, ड्युटी अधिकृतहरूको विवरण सहित नेपाल प्रहरीलाई आवश्यक हुने सबै अभिलेख/विवरणहरू उपलब्ध गराइ यस घटनाको अनुसन्धान कार्यमा सहयोग गर्न ।

२. महिला तथा बालबालिका उपर गरिएका यौनजन्य हिंसा, बलात्कार, अपराधसँग सम्बन्धित कुनै संदिग्ध व्यक्ति, तथ्य वा प्रमाण फेला परेमा तत्काल नेपाल प्रहरीसँग समन्वय गरी प्रहरीलाई बुझाई अनुसन्धानमा सहयोग गर्न सशस्त्र प्रहरी बल प्रधान कार्यालय मार्फत सम्पूर्ण सशस्त्र प्रहरी कार्यालयहरूमा तत्काल परिपत्र गर्न ।

**(घ) महान्यायाधिवक्ता कार्यालयलाई**

प्रचलित ऐन कानूनमा भएको व्यवस्था बमोजिम यस घटनामा सरकारी वकील कार्यलयले हालसम्म पनि कुनै राय उपलब्ध नगराई उत्तरदायित्व वहन गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू र कानूनद्वारा सुम्पिएका दायित्वहरू पालना नगरेको सन्दर्भमा मुख्य रुपमा सरकारी वकील कार्यालय महोत्तरीलाई यस प्रकारका त्रुटीहरू पुनः नदोहोऱ्याउन र अन्य कार्यालयहरूलाई विशेषतः महिला तथा बालबालिका विरुद्धका घटनाहरूमा समयमा नै अविलम्ब राय दिने व्यवस्था मिलाउन ।

**(ङ) तत्कालीन जनकपुर अञ्चल अस्पताल (हाल मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान) लाई**

महिला तथा बालबालिका उपर गरिएका वा हुनसक्ने सम्भावना रहेका यौनजन्य हिंसा, बलात्कार र अपराधसँग सम्बन्धित कुनैपनि विषयमा मेडिको लिगलसम्बन्धी दृष्टिकोणबाट संवेदनशील भई

चेकजाँच परीक्षण गर्न गराउन ।

प्रस्तुत उजूरीमा भएको निर्णय कार्यान्वयनको लागि नेपाल सरकार लगायत सम्बन्धित निकायहरूलाई लेखी पठाउनु । आवश्यक प्रकृया पूरा गरी उजूरी फाइल अभिलेखालयमा बुझाइदिनु ।

........... ........... ............
सदस्य सदस्य सदस्य

............ .............
सदस्य अध्यक्ष

**जीवन न्यौपाने**
मानव अधिकार अधिकृत

इति सम्वत २०७९ साल माघ २४ गते रोज ३
शुभम् ....................................

# राष्ट्रिय मानव अधिकार आयोग

माननीय अध्यक्ष श्री तप बहादुर मगर
माननीय सदस्य श्री मनोज दुवाडी
माननीय सदस्य श्री लिली हजूर बस्न्यात (थापा)

**निर्णय**
**सम्वत् २०७६ सालको कोशी प्रदेश शाखा कार्यालय, खोटाङको उजूरी नं. ५१**

## विषय: स्वेच्छाचारी पक्राऊ तथा गैर कानूनी थुना ।

**अधिकार र कर्तव्य एक अर्काका परिपूरक भएकोले राजनितिक दल वा समूहले पनि त्यसको पालना अनिवार्य रुपमा गर्नै पर्छ । व्यक्ति वा नागरिकलाई प्रत्यक्ष नकारात्मक असर पर्नेगरी राजनितिक दल वा समूहलाई नागरिकको जीउधनमा क्षति पुऱ्याउने, उनीहरूको हक अधिकारको उपभोगमा बाधा पुऱ्याउने, बम बिस्फोट गर्ने गराउने, आगजनी गर्ने, जर्बजस्ती रकम असूल गर्ने, अपहरण गर्ने, भौतिक पूर्वाधार तथा संरचनामा क्षति पुऱ्याउने, जनजीवनलाई आतंकित पार्ने, विद्युतीय धरापको प्रयोग गरी सर्वसाधारण व्यक्तिलाई अङ्गभङ्ग गर्ने, सर्वसाधारण वा सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्ति वा पदाधिकारीलाई धम्क्याउने, दुर्व्यवहार गर्ने, सार्वजनिक शान्ति, सुव्यवस्था तथा अमनचयनमा खलल पुऱ्याउने जस्ता आपराधिक एवम् विध्वंशात्मक कार्यहरू गर्ने अधिकार हुन्छ भनी अनुमान सम्मपनि गर्न सकिँदैन । त्यस्ता गतिविधि विरुद्ध सरकारले मानव अधिकारका आधारभूत मूल्य, मान्यता र प्रचलित कानूनी विधि र प्रक्रियाबमोजिम कारवाही गर्न सक्ने देखिन्छ ।**

(प्रकरण नं. १५)

**नेपालले अनुमोदन गरी कार्यान्वयन गर्न प्रतिबद्धता जनाएका मानव अधिकारसम्बन्धी सन्धि सम्झौताहरूबाट पनि सरकार वा सरकार मातहतका निकाय वा पदाधिकारीले कुनैपनि चाहना र वाहनामा व्यक्तिलाई स्वेच्छारी रुपमा पक्राउ गर्न र गैर कानूनी थुनामा राख्न सक्छ भनी अनुमानसम्म गर्न सकिने विषय होइन ।**

(प्रकरण नं. २१)

१. हलेसी तुवाचुङ नपा वडा नं. २, खोटाङ निवासी चक्रबहादुर खत्रीलाई हलेसी बजारबाट घरतर्फ फर्कदैं गर्दा स्थानीय छापडाँडा भन्ने स्थानबाट मिति २०७६/१/२ गते, जिल्ला प्रशासन कार्यालय खोटाङको परिसरबाट मिति २०७६/१२/२८ गते, उदयपुर जिल्ला अदालत परिसरबाट मिति २०७७/१/१३ गते, जिल्ला कारागार कार्यालय खोटाङबाट मिति २०७७/१/२८ गते, जिल्ला प्रशासन कार्यालय खोटाङबाट पुनः मिति २०७७/२/२ गते, जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट मिति २०७७/२/१५ गते र अन्तिम पटक मिति २०७७/८/११ गते गैर कानूनी र स्वेच्छाचारी रुपमा पक्राउ तथा पुनःपक्राउ गरी पटक-पटक दुःख दिएकोले स्वतन्त्र

रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गरी पाऊँ भनी मिति २०७६/१/२५, मिति २०७७/२/१६ र मिति २०७७/९/५ गते यस आयोगको कोशी प्रदेश शाखा कार्यालय, खोटाङ र केन्द्रीय कार्यालयमा समेत उजूरी दर्ता हुन आएका रहेछन् ।

२. प्रकरण नं. १ मा उल्लेख भएबमोजिम उजूरी दर्ताहुन आएपछि घटनाको सम्बन्धमा यथाशीघ्र यथार्थ विवरण जानकारी गराउन आयोगको तत्कालीन प्रदेश नं. १ शाखा कार्यालय खोटाङबाट च.नं. १२६ मिति २०७७/१/२९ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा पत्राचार गरेकोमा सो पत्रको जवाफ समयमा नै प्राप्त नभएपछि चौबीस घण्टाको समय दिई ... मिति २०७७/२/३ गते ताकेता भएको रहेछ । अदालतको आदेश विपरित पीडितलाई कारागार कार्यालय खोटाङमा पठाईएको भनी प्राप्त सूचनाको आधारमा सो को विस्तृत जानकारी चौबीस घण्टाभित्र उपलब्ध गराउन पुनः प्रदेश नं. १ शाखा कार्यालयबाट ... मिति २०७७/२/४ गते कारागार कार्यालयमा पनि पत्राचार भएको रहेछ । यसै बीचमा आयोगको केन्द्रीय कार्यालयमा निजलाई पाँचौ पटकसम्म गैर कानूनी रुपमा पक्राउ गरी वेपत्ता पार्ने अवस्था भएको भनी मिति २०७७/२/१६ गते उजूरी प्राप्त भएपछि केन्द्रीय कार्यालयले ... मिति २०७७/२/१६ गते निजको अवस्था सार्वजनिक गरी २४ घण्टाभित्र यथार्थ जानकारी उपलब्ध गराउन गृह मन्त्रालय सिंहदरबारमा पत्राचार गरी नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय महानिरीक्षकको सचिवालयलाई बोधार्थ तथा कार्यार्थ समेत दिएको रहेछ । पत्राचार सँगै केन्द्रीय कार्यालयबाट मिति २०७७/२/१७ गते यी निवेदक विरुद्धको स्वेच्छाचारी गिरफ्तारी बन्द गर्न प्रेस विज्ञप्ति पनि जारी भएको रहेछ । सर्वोच्च अदालतको रिट नं. ०७६-WH-०३७१ मा मिति २०७७/२/२३ मा जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेशबमोजिम पीडितलाई मिति २०७७/२/२५ गते आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको रोहवरमा रिहा गराई स्वेच्छाचारी पक्राउ र गैरकानूनी थुनामा राख्ने कार्य बन्द गर्न आयोगबाट दोश्रो पटक प्रेस विज्ञप्ति जारी भएको रहेछ ।

३. उल्लिखित अवस्थामा सर्वोच्च अदालतले रिट नं. ०७६-WH-०३७१ मा मिति २०७७/२/२३ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यी पीडित रिहा भएपछि "निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपभोग गर्न पाउने सन्दर्भमा अनुगमन गर्नु" भनी यस आयोगको नाममा आदेश जारी भएपछि निजको अधिकार प्रचलनको अवस्था निरन्तर बुझ्ने कार्य भएको देखिन आयो । सो सन्दर्भमा आयोगको प्रदेश शाखा कार्यालयबाट खटिएको टोलीले मिति २०७७/१०/२० गते पीडितसँग बयान समेत लिएको देखियो ।

४. बयानबाट खुल्न आएका तथ्यको आधारमा निजको गैर कानूनी थुना विरुद्ध छानबिन तथा अनुसन्धान अघि बढाइ प्रमाण संकलन गर्ने र निजको बयानबाट संलग्नता खुल्न आएका सहित गैर कानूनी थुनामा राख्ने कार्यमा

संलग्न अन्य सम्बन्धित पदाधिकारीहरूसँग नेपालको संविधानको धारा २४९(३) को खण्ड (क), राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२(३) र दफा २१(१) बमोजिम लिखित जानकारी माग गर्ने एवम् प्रमाण संकलन गर्ने कार्य भएको रहेछ । आयोगको अनुसन्धानबाट खुल्न आएका तथ्यको आधारमा घटनामा संलग्न देखिएका प्रमुख जिल्ला अधिकारीहरू र प्रहरी कर्मचारीसँग बझ्ने कार्य भएको रहेछ। अनुसन्धान पश्चात राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १२(१) बमोजिम अनुसन्धान प्रतिवेदनको निष्कर्ष माथि राय प्रतिक्रिया पठाउन ... मिति २०७८/१०/२७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र नेपाल प्रहरी प्रधान कार्यालयमा आयोगको निष्कर्ष समेत संलग्न गरी राय प्रतिक्रियाको लागि पठाइएका प्रमाण कागजात मिसिल संलग्न रहेको पाईयो।

५. आयोगको टोलीसमक्ष पीडित भनिएका चक्रबहादुर खत्रीले गरेको गरेको बयान व्यहोरा देहाय बमोजिम रहेछ :

५.१ आयोगको टोलीसमक्ष पीडित भनिएका चक्रबहादुर खत्रीले मिति २०७७/१०/२० गते स्वेईच्छाले गरिदिएको बयानमा ... निजलाई **पहिलो पटक** मिति २०७६/१/२ गते खोटाङ जिल्लाको हलेसीबाट घर फर्कदैं गर्दा स्थानीय छापडाँडा भन्ने स्थानबाट नेपाल प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय खोटाङ पुऱ्याई हुँदै नभएको घटना बनाई अभद्र व्यवहारमा मुद्दा चलाई मिति २०७६/१२/२८ गते सम्म कारागार कार्यालय खोटाङमा राखेको । **दोश्रो पटक** मिति २०७६/१२/२८ गते कारागार कार्यालय खोटाङबाट जिल्ला प्रशासन कार्यालय खोटाङमा पुऱ्याई रिहा भएको भनी कागजमा सही गराई सो कार्यालयको मुद्दा शाखा भित्रै हतकडी लगाई प्रहरीको गाडीमा राखी रातको करिब १२:०० बजे जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा पुऱ्याई मिति २०७६/१२/२९ गते संक्रामक रोग फैलाएको आरोमा ऐ. २८ गतेको मिति राखी पक्राउ पूर्जी दिई १० दिनको म्याद थप गरेकोमा त्यस विरुद्ध उदयपुर जिल्ला अदालतमा दर्ता भएको बन्दीप्रत्यक्षीकरणको रिटमा मिति २०७७/२/१४ गते अदालतले रिहा गर्ने आदेश जारी गरेको । तर आदेशपछि पनि कागजातमा रिहा गरेको देखाई **तेश्रो पटक** सोही दिन करिब साँझ ५ बजेतिर उदयपुर जिल्ला अदालतको गेटबाट पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय उदयपुरको गाडीमा राखी जिल्ला प्रहरी कार्यालय उदयपुर पुऱ्याई त्यहाँबाट साँझ करिब ५:३० बजे खोटाङतर्फ लिई गएका। खोटाङ र उदयपुर जिल्लाको सीमाना फोक्सिङटार सम्म उदयपुर

प्रहरीको गाडी र फोक्सिङटार देखि दिक्तेलसम्म खोटाङ प्रहरीको गाडीमा राखी रातको करिब १:०० बजे जिल्ला प्रहरी कार्यालय खोटाङको हिरासतमा पुऱ्याईएको भनी उल्लेख रहेछ ।

५.२ खोटाङको हिरासतमा पुऱ्याएपछि अभद्र व्यवहारमा पुनः मुद्दा चलाई हिरासतमा राखेको अवस्थामा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको अर्को रिट दर्ता भई निजको पक्षमा आदेश जारी भएको थाहा पाएपछि प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौड्यालले प्रहरी माथि अभद्र व्यवहार गरेको कसूर ठहर हुँदा हुनसक्ने जरिवाना भन्दा पाँच गुणाबढी रू. ५०,०००/ (पचास हजार) धरौटी माग गरी सो धरौटी रकम राख्न नसकेको भन्दै सर्वोच्च अदालतको आदेश छली रिहा गर्न आदेश दिएकै दिन मिति २०७७/१/२८ गते **चौथो पटक** पक्राउ गरी कारागार कार्यालय खोटाङ पठाएको । गैर कानूनी रुपमा कारागार कार्यालय खोटाङमा पठाएको कार्य विरुद्ध पनि सर्वोच्च अदालतमा अर्को बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता भई पुनः निजलाई रिहा गर्न मिति २०७७/२/२ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको । त्यसपछि कारागार कार्यालयबाट रिहा गरेको कागजात तयार गरी हात पछाडी लगेर बाँधी साँझ ६:०० बजे बाइकको बीचमा राखी **पाँचौं पटक** पक्राउ गरी त्यहाँबाट हलेसी पुऱ्याइएको र त्यहाँबाट इलाका प्रहरी कार्यालय हलेसीको गाडीमा राखी रातको १:३० बजे जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको प्रहरी हिरासतमा पुऱ्याई, हुँदै नभएको कसूर खडा गरी प्रमुख जिल्ला अधिकारीबाट म्याद थप गरी अभद्र व्यवहार मुद्दामा पुनः गैर कानूनी रुपमा थुनामा राखेको ।

५.३ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको गैर कानूनी थुनाविरुद्ध पनि सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दर्ता भई मिति २०७७/२/१५ गते सो रिट जारी भएको सूचना जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा पुगेपछि रातको ९:०० बजे निजलाई रिहा गरेको कागज बनाई **छैठौं पटक** सोही राति १०:०० बजे पुनः गैर कानूनी र स्वेच्छाचारी रुपमा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको सवारी साधनमा राखी सोलुखुम्बु जिल्लाको पताले भन्ने स्थानमा पुऱ्याई त्यहाँबाट जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको गाडीमा राखी रातको अन्दाजी १२:३० बजे जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा पुऱ्याएको । जिल्ला प्रहरी कार्यीलय ओखलढुंगाबाट मिति २०७७/२/१६ गते बिहान करिब ११:०० बजे प्रहरीको गाडीमा राखी उदयपुर जिल्लाको हर्दिने भन्ने

स्थान पुऱ्याई त्यहाँबाट इलाका प्रहरी कार्यालय कटारीको गाडीमा राखी उदयपुरको बेलसोतसम्म पुऱ्याएको, बेलसोतबाट इलाका प्रहरी कार्यालय मिर्चैया सिरहाको गाडीमा राखी चोहर्वासम्म पुऱ्याएको र चोहर्वाबाट जिल्ला प्रहरी कार्यालय सिरहाको गाडीमा राखी साँझ ६:३० बजे जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा लगि गैरकानूनी रुपमा पुनः थुनामा राखेको।

५.४ सो कार्यालयको हिरासतमा राखिएका निजलाई मिति २०७७/२/१७ गते पुनः वनावटी घटना खडा गरी अभद्र व्यवहार गरेको आरोप लगाई मुद्दाहेर्ने अधिकारीसमक्ष उपस्थित पनि नगराई म्याद थपी थपाई गैर कानूनी थुनामा राखेकोमा सो गैर कानूनी थुना विरुद्ध पनि सर्वोच्च अदालतबाट मिति २०७७/२/२३ गते बन्दीप्रत्यक्षीकरणको रिट जारी भएपछि जिल्ला प्रहरी कार्यालय सिरहाबाट मिति २०७७/२/२५ गते राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा ल्याई रिहा गरेकोमा गैर कानूनी रुपमा **सातौं पटक** मिति २०७७/८/११ गते पुनः पक्राउ गरी उदयपुर पुऱ्याएको र सो कार्यमा ... चार जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू र जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूको निर्देशनमा प्रहरी निरीक्षकहरू, गोविन्द साह, महेन्द्र दर्नाल सहित प्रहरी सहायक निरीक्षकहरू, प्रहरी नायव निरीक्षक, प्रहरी हवल्दार समेतको संलग्नता रहेको ।

६. आयोगको छानबिन तथा अनुसन्धानबाट खुल्न आएबमोजिम आयोगले खोटाङ, सोलुखुम्बु, उदयपुर र सिरहा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारहरूलाई निजहरू माथि लागेको आरोप सम्बन्धमा लिखित रुपमा जानकारी माग गरेकोमा आरोपीहरूको दावी निम्न बमोजिम रहेछः-

६.१ **शालिग्राम शर्मा पौडेल, तत्कालीन प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय खोटाङः** चक्रबहादुर खत्रीले मिति २०७६/१/२ गते डिउटीमा खटिएका प्रहरी गस्ती टोलीमाथि अभद्र व्यवहार गरेकोले निजलाई गृह मन्त्रालयको च.नं. २०३९ मिति २०७५/११/३० गतेको परिपत्र अनुसार पक्राउ गरी म्याद थप गरी पुर्पक्षको लागि २०७६/०१/२९ गते कारागार पठाईएकोमा ११ महिना २७ दिन कैद सजाय हुने गरी फैसला गरी थुनामुक्त गरिएको हो । त्यसपछि मिति २०७७/१/१४ गते निजले भण्डारेघाट प्रहरी चौकीका प्र.ना.नि.राजनप्रसाद नेपाल समेतको टोलीसमक्ष गाली गलौज गरेकोले पुनः अभद्र व्यहार मुद्दामा मुलुकी अपराध संहिताको दफा ११८(२) बमेजिम रू. ५०,०००/ धरौटी माग गरी धरौटी राख्न नसकेको कारणले पुर्पक्षको

लागि कारागार कार्यालय खोटाङ पठाएको र सर्वोच्च अदालतको मिति २०७७/२/२ गतेको आदेशबाट रिहा भएकामा मिति २०७६/१२/२८ गते र मिति २०७७/२/२ गते थुनामुक्त भएपश्चात स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनामा राख्न म लगायत कार्यरत निकायको संलग्नता नरहेको ।

६.२ **रमा आचार्य, तत्कालीन प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु** : निज चक्रबहादुर खत्री मिति २०७७/२/२ गते सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा.वडा नं. ८, केरुङ स्थित सडक खण्डमा स्थानीय महिलालाई हैरानी दिई मुलुकी अपराध संहिताको दफा ११८ बमोजिम कानूनले निर्दिष्ट गरेको कसूरजन्य कार्य गर्दै गरेको अवस्थामा रित पुर्वक पक्राउ परेका हुँदा निजलाई मुद्दाको अनुसन्धान गर्न ऐ. फौजदारी कार्यविधि संहिताको दफा १४ बमोजिम आफुले म्याद थप गरिदिएको हो । सर्वोच्च अदालतको आदेश पछि निज रिहा भएको जानकारी पत्र मार्फत प्राप्त भएको तर रिहा लगतै निजलाई पक्राउ गरेको जानकारी कहींकतैबाट आफुलाई थाहा नभएको ।

६.३ **दिपककुमार पहाडी, तत्कालीन प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, उदयपुर** : निज चक्रबहादुर खत्री पक्राउ परेको अवधिमा कोभिड-१९ संक्रमणको महामारी भई प्रथम चरणको लकडाउन उदयपुर जिल्ला भर भएकोमा निजले लकडाउन उल्लंघन गरेको भन्ने मुद्दामा उदयपुर जिल्ला अदालतबाट आदेश भएपछि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३ र १६९ अनुसार थुनछेकको लागि आफ्नो इजलाश समक्ष पेश हुँदा मिति २०७७/२/२५ गते संक्रामक रोग ऐन, २०२० को दफा ३(१) को कसूर ठहर भई १६ दिन कैद सजाय गरेको र सो भन्दाअघि नै निज खत्रीलाई उदयपुर जिल्ला अदालतबाट मिति २०७७/१/१४ गते भएको बन्दीप्रत्यक्षीकरण आदेश बमोजिम सोही दिन रिहा गरिएको र यसअघि कुन मुद्दामा निजलाई थुनामा राखिएको भन्ने आफुलाई थाहा नभएको । निजले उदयपुर जिल्ला भित्र लकडाउनको आदेश उल्लंघन गरी अपहेलना गरेको ।

६.४ **सरोजप्रसाद गुरागाई, तत्कालीन प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिरहा** : जिल्ला प्रहरी कार्यालय सिरहाबाट पक्राउ अनुमति माग भई आएपछि प्रमुख जिल्ला अधिकारीको हैसियतले पक्राउ अनुमति दिने र म्याद थप गर्नेसम्मको कार्य गरेको हो । अभद्र व्यवहार मुद्दाको जाहेरी दर्ता दरखास्त तथा प्रतिवेदन दर्ता जस्ता कार्य आफ्नो क्षेत्राधिकार भित्रका विषय नभएकोले आफु सर्वोच्च अदालतको आदेश

लगायतका यावत विषयमा अनभिज्ञ रहेको हुँदा निजलाई स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनामा राख्ने कार्य आफुबाट नभएको ।

७. आयोगको छानबिन तथा अनुसन्धानबाट खुल्न आएबमोजिम आयोगले खोटाङ, सोलुखुम्बु, उदयपुर र सिरहा जिल्लाका यस घटनामा संलग्नता देखिएका भनिएका उदयपुर जिल्लाका प्रहरी उपरीक्षक भिमप्रसाद दाहाल, प्रहरी नायव निरीक्षक श्याम राउत, सहायक निरीक्षक ऋषि खनाल र प्रहरी हवल्दार भुवन सिंह कार्की, जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहाल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चर्तुवेदी, प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठ, प्रहरी नायव निरीक्षक रामकुमार यादव, जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरिया, प्रहरी निरीक्षक गोविन्दप्रसाद साह, भण्डारेघाट प्रहरी चौकी खोटाङका प्रहरी नायव निरीक्षक राजनप्रसाद नेपाल समेतको नाम किटान गरी निजहरूलाई लागेको आरोप समेत स्पष्ट रुपमा उल्लेख गरी सम्बन्धित प्रहरी कर्मचार ीसँग बुझि आवश्यक प्रमाण सहित जानकारी गराई दिन भनी ... मिति २०७७/१२/२६ गते प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइमा पत्राचार गरी सो को बोधार्थ जिल्ला प्रहरी कार्यालय उदयपुर, ... मिति २०७७/१२/२६ गते प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइमा पत्राचार गरी सो को बोधार्थ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु, ... मिति २०७७/१२/२६ गते प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइमा पत्राचार गरी सो को बोधार्थ जिल्ला प्रहरी कार्यालय, सिरहा र ... मिति २०७७/१२/२६ गते प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइमा पत्राचार गरी सो को बोधार्थ जिल्ला प्रहरी कार्यालय खोटाङ तथा ... मिति २०७८/३/२२ गते प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइमा पत्राचार गरी सो को बोधार्थ गृह मन्त्रालयलाई दिइ पठाएकोमा निम्न बमोजिमको लिखित जानकारी प्राप्त हुन आएको ।

७.१ **जिल्ला प्रहरी कार्यालय खोटाङ** र सो कार्यालयका प्रहरी कर्मचारीको संलग्नता सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, मानव अधिकार उल्लंघन इकाईले च.न.२१३ मिति २०७८/२/१४ गते यस आयोगमा प्रेषित जवाफमा निज खत्रीले मिति २०७७/१/१४ गते साँझ करिब १९.३० बजे खोटेहाङ गा.पा. वडा नं. ९ रसुवामा स्थानीय भण्डारे प्रहरी चौकीका प्र.ना.नि.राजनप्रसाद नेपाल समेत माथि विप्लव कार्यकर्ता हुँ भन्दै गालीगलौज गरी हातपात समेत गर्ने प्रयास गरेको आरोपमा सोही मितिबाट लागू हुने गरी म्याद थप गरी मुद्दा पुर्पक्ष

हुँदा ऐ. २८ गते जिल्ला प्रशासन कार्यालयबाट ५०,०००/ धरौट माग गरेकोमा तिर्न नसकेपछि सोही दिन खोटाङ कारागार पठाईएको। निजलाई मिति २०७७/२/२ गते सर्वोच्च अदालतले रिहा गर्न आदेश दिएपछि सोही दिन कारागार कार्यालयबाट रिहा गरिदिएको। मिति २०७६/१२/२८ र मिति २०७७/२/२ गते सो कार्यालय र मातहत कार्यालय समेतबाट स्वेच्छारी पक्राउ गरी गैर कानूनी थुनामा नराखिएको । प्रहरी नायव उपरीक्षक नारायणप्रसाद चिमोरिया मिति २०७७/१/२२ गते देखि मात्र यस कार्यालयमा कार्यरत रहनु भएको भन्ने समेत व्यहोरा उल्लेख भएको।

७.२ **जिल्ला प्रहरी कार्यालय उदयपुर** र सो कार्यालयकाप्रहरीकर्मचारीकोसंलग्नता सम्बन्धमा पनि माथि उल्लिखित च.नं. र मितिको पत्रमा निजलाई मिति २०७६/१२/२८ गते सरुवा रोग सम्बन्धी कानून उल्लंघन गरेको कसूरमा पक्राउ गरी अनुसन्धान भई रहेकोमा उदयपुर जिल्ला अदालतको मिति २०७७/१/१४ गतेको बन्दीप्रत्यक्षीकरणको आदेश बमोजिम छाडिएकोमा त्यसपछि वहाँ आफुखुशी कहाँ कता जानु भएको हो थाहा नभएको । निजलाई प्र.स.नि.ऋषि खनालले पक्राउ गरी खोटाङको सीमाना फोक्सिङटार पुऱ्याउने कार्य गरेको होईन र सो कार्यालयमा प्रहरी उपरीक्षक भीम दाहाल मिति २०७७/३/८ मा मात्र हाजिर हुनु भएको समेत व्यहोरा उल्लेख भएको।

७.३ **जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु** र सो कार्यालयका प्रहरी कर्मचारीको संलग्नता सम्बन्धमा पनि उल्लिखित च.नं. र मितिको पत्रमा निज खत्रीलाई मिति २०७७/२/२ गते साँझ करिब १९:०० बजे सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. वडा नं. ८ केरुङको सडक खण्डमा महिलालाई अपशब्द बोलेको र स्थानीय महिला तथा जनसमुदायमा हैरानी दिएको आरोपमा पक्राउ गरी अभद्र व्यवहार मुद्दा चलाएकोमा निजलाई सर्वोच्च अदालतको मिति २०७७/२/१५ गतेको आदेश बमोजिम जि. सोलुखुम्बु खुम्बु पासाङल्हामु गा.पा. वडा नं. २ का विजय तामाङ र ऐ.ऐ. बस्ने नाम्गेल शेर्पाको जिम्मा लगाई पठाइएको भन्ने समेतको व्यहोरा उल्लेख भएको।

७.४ **जिल्ला प्रहरी कार्यालय सिरहा** र सो कार्यालयका प्रहरी कर्मचारीको संलग्नता सम्बन्धमा पनि उल्लिखित च.नं. र मितिको पत्रमा निजलाई प्रहरीले गस्ती गर्दै जाने क्रममा मिति २०७७/२/१६ गते अन्दाजी १७:०० बजेको समयमा सिरहा न.पा. वडा नं. ७ हेमनारायण चोकमा होहल्ला गरिरहेको अवस्थामा फेला पारी सम्झाउन खोज्दा नमानि प्रहरीको

ड्युटीमा समेत अवरोध पुऱ्याएपछि पक्राउ गरी अभद्र व्यवहार मुद्दा चलाइएकोमा सर्वोच्च अदालतको मिति २०७७/२/२१ गतेको बन्दीप्रत्यक्षीकरणको आदेश बमोजिम मिति २०७७/२/२५ गते राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयमा आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको रोहवरमा ... को जिम्मा लगाइएको हो । निज खत्रीलाई स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनामा राख्ने कार्यमा कार्यालयका तत्कालीन कार्यालय प्रमुख प्रहरी उपरीक्षक उमाप्रसाद चर्तुवेदीको संलग्नता छैन भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ।

८. अनुसन्धान प्रतिवेदनको निष्कर्ष उपर नेपाल सरकार, गृह मन्त्रालयको राय प्रतिक्रिया माग गरी पठाइएकोमा गृह मन्त्रालयको प्रतिक्रियाको सार निम्न बमोजिम उल्लेख भएको रहेछ :

- निज सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीले मिति २०७६/१/२ गते हलेसी तुवाचुङमा ड्युटिमा रहेका प्रहरी माथि अभद्र व्यवहार गरेको, मिति २०७६/१२/२९ गते उदयपुरमा सरुवारोग सम्बन्धी कसूर गरेको, मिति २०७७/१/१४ गते खोटाङको रसुवामा खटिएका प्रहरीमाथि अश्लिल शब्द प्रयोग गरी हातपातको प्रयास गरेको, मिति २०७७/२/२ गते सोलुखुम्बुको केरुङमा महिला तथा जनसमुदायलाई हैरानी दिएको र मिति २०७७/२/१६ गते सिरहाको हेमनारायण चोकमा होहल्ला गरी हिंडीरहेकोले पक्राउ गरी कानून बमोजिम म्याद थप गरी कानूनी कारवाही गरिएको ।
- उदयपुर जिल्ला अदालतबाट मिति २०७७/१/१४ गते र सर्वोच्च अदालतबाट मिति २०७७/२/२ र मिति २०७७/२/१५ गते जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेश बमोजिम निजलाई रिहा गरिएको, मिति २०७७/२/२५ गते सम्मानित राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यज्यूको रोहवरमा थुनामुक्त गरिएको ।
- निज चक्रबहादुर खत्रीलाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/११/२८ गतेको निर्णयबाट मुलुकमा दिगो शान्ति, सुरक्षा तथा अमनचयन कायम गर्न विप्लव समूह भनेर चिनिने नेपाल कम्युनिष्ट पार्टी नामको समूह एवम् त्यस समूहद्वारा सञ्चालन गरिने गतिविधिहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न वा सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई आपराधिक तथा विध्वंशकारी समूह घोषणा गर्ने । त्यस्ता क्रियाकलाप वा गतिविधिमा संलग्न अन्य व्यक्ति, संस्था वा समूह पनि आतंककारी तथा विध्वंशकारी समूह हुन् भनी घोषणा गर्ने तथा सो समूहका व्यक्ति तथा सो

समूहबाट सञ्चालित आपराधिक तथा विध्वंशात्मक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न र सहयोग पुर्‍याउने व्यक्ति, संस्था, समूह वा अन्य कुनै समूहलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने निर्णय समेत भएकोले निजलाई शान्ति सुरक्षा कायम गर्ने उद्देश्यले आवश्यक कारवाही गरिएको ।

- उल्लिखित आधारमा घटनामा संलग्न प्रमुख जिल्ला अधिकारीहरू तथा प्रहरी कर्मचारीहरूलाई विभागीय कारवाही गर्नु नपर्ने एवम् चक्रबहादुर खत्रीलाई क्षतिपूर्ति दिनु नपर्ने ।

९. आयोगमा दर्ता हुन आएको यस उजूरीका सम्बन्धमा पीडितको तर्फबाट आफुलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राखेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी उदयपुर जिल्ला अदालत र सर्वोच्च अदालतमा माथि उल्लेख गरिएको अवधिमा पाँच पटक रिट निवेदनहरू दर्ता भई ती सबै रिट निवेदनहरूमा यी पीडितको पक्षमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा ती अदालतबाट निम्न बमोजिम आदेश जारी भएका रहेछन्ः

९.१ **उदयपुर जिल्ला अदालत, मु.नं. ०७६-WH-०००३, आदेश मिति २०७७/१/४ गते** : सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीले जिल्ला प्रशासन कार्यालय खोटाङले गरेको सजाय भुक्तान गरी सकेतापनि ने.क.पा. माओवादी विप्लव समूहको कार्यकर्ता भएकै कारण सोही दिन मिति २०७६/१२/२८ मा खोटाङ प्रहरीले पक्राउ गरी उदयपुर प्रहरीलाई बुझाएको र लकडाउनको आदेश अवज्ञा गरी संक्रामक रोग फैलाउन नहुने कसूरमा म्याद थप गरेको समेतका कार्य पूर्वाग्रह, दुरासय राखी वेरीतसँग गैर कानूनी रुपले गिरफ्तार गरी निज खत्रीको वैयक्तिक स्वतन्त्रता अपहरण गरेको बदनियत साथ प्रवृत्त धारणा बनाई कानून विपरित थुनामा राखेको देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ ।

९.२ **सर्वोच्च अदालत, रिट नं. ०७६-WH-०३३९, आदेश मिति २०७७/१/२८ गते** : जिल्ला प्रशासन कार्यालय खोटाङले बन्दी चक्रबहादुर खत्रीलाई थुनामा नै राखी अनुसन्धान गर्न दिएको अनुमतिमा वस्तुनिष्ठ आधार र कारण उल्लेख गरेको नदेखिँदा निवेदकलाई गैर कानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । बन्दी चक्रबहादुर खत्रीलाई खोटाङ जिल्ला अदालतको रोहवरमा थुनामुक्त गरी सो को निस्सा यस अदालतमा पठाइदिनू भनी लेखी पठाउनू ।

९.३ **सर्वोच्च अदालत, रिट नं. ०७६-WH-०३४८, आदेश मिति २०७७/२/२**

**गते** : यस अदालतबाट मिति २०७७/१/२८ मा विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिएको र यसरी फरक विचार र आस्था राखेकै कारणबाट बिना आधार र कारण निवेदकलाई पटक-पटक पक्राउ तथा थुनामा राखेको देखिँदा निज निवेदकको थुनालाई कानून सम्मत मान्न सकिएन। निवेदकको थुना गैर कानूनी देखिएकोले निवेदक चक्रबहादुर खत्रीलाई थुनाबाट मुक्तगर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।

९.४ **सर्वोच्च अदालत, रिट नं.** ०७६-**WH-०३५७,आदेश मिति** २०७७/२/**१५ गते** : यी निवेदकको थुना गैर कानूनी र प्रवृत रहेको देखिँदा तुरुन्त थुनामुक्त गर्नुभनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।

९.५ **सर्वोच्च अदालत, रिट नं.** ०७६-**WH**-०३७२, **आदेश मिति** २०७७/२/२३ **गते**: फरक आस्था र विचार राखेकै कारण यी निवेदकलाई मिति २०७६/१/२ देखि र त्यसपछि पनि मिति २०७६/१२/२८ गते देखि बदनियतपूर्वक पटक-पटक पक्राउ गरी राजनैतिक विचार आस्थाका आधारमा झुट्ठा मुद्दा लगाई बन्दी बनाएको देखिएको, ... यस अदालतबाट जारी भएको मिति २०७७/१/२८, मिति २०७७/२/२ र मिति २०७७/२/१५ को आदेशमा यी निवेदकको थुना गैर कानूनी, प्रवृत्त रहेको भनी उल्लेख गरेको र सोही थुनालाई निरन्तरता दिएको देखिँदा निवेदकको हालको थुनापनि गैर कानूनी र प्रवृत्त नै रहेको देखिन आयो। ... कानूनी शासन भएको मुलुकमा अदालतको आदेश छल्ने तथा निष्तेज पार्ने कार्य कुनैपनि अवस्थामा स्वीकार्य हुन सक्दैन । निवेदकलाई थुनामा राखेकोमा यस अदालतबाट बारम्बार बन्दी निवेदकलाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुँदापनि प्रवृत्त भावना राखी थुनामुक्त नगर्ने विपक्षीको काम कामकारवाही प्रथम दृष्टिमै असंवैधानिक, गैर कानूनी र अपत्तिजनक देखिएको छ । निवेदकलाई थुनामा राख्ने विपक्षीको काम कारवाही बदनियतपूर्ण नै मान्नुपर्ने देखियो । कानून बमोजिम बाहेक निवेदकलाई प्रवृत्त भावना लिएर बदनियतपूर्वक थुनामा राखेको देखिँदा नेपालको संविधानको धारा १६(१), १७(१), १८(१),(२) द्वारा प्रदत्त मौलिक हक तथा वैयक्तिक स्वतन्त्रतामा आघात पुऱ्याएको देखिँदा निवेदकका ती हकको रक्षार्थ एवम् ती हकहरूको निर्वाध उपभोग गर्न पाउने प्रयोजनार्थ निवेदक बन्दी चक्रबहादुर खत्रीलाई जिल्ला प्रहरी कार्यालय सिरहा वा निज जहाँ थुनामा रहेको भएपनि राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय,

हरिहरभवन, ललितपुर समक्ष मिति २०७७/२/२५ गते उपस्थित गराई मानव अधिकार आयोगका माननीय अध्यक्ष वा माननीय सदस्यको रोहवरमा बन्दी चक्रबहादुर खत्रीलाई थुनामुक्त गर्नु भनी विपक्षीको नाउँमा यो बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ भन्दै निवेदकलाई थुनामुक्त गरे पश्चात निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपभोग गर्न पाउने सन्दर्भमा मानव अधिकार आयोगले नै अनुगमन गर्नु भनी आदेश समेत जारी भएको ।

१०. मिसिल संलग्न यस आयोगबाट भएको छानबिन तथा अनुसन्धान प्रतिवेदनको निष्कर्षमा देहाय बमोजिम उल्लेख भएको रहेछ :

- अनुसन्धान क्रममा भएको स्थलगत भ्रमण, सम्बन्धित निकायका पत्राचार, आरोपी निकायहरूबाट प्राप्त जवाफहरू, पीडित व्यक्तिको बयान, बन्दी रिहाई सम्बन्धमा उदयपुर जिल्ला अदालतबाट जारी भएको आदेश, यसै सम्बन्धमा सर्वोच्च अदालतबाट पटक-पटक जारी भएका आदेशहरू र पीडितको बयान समेतको विश्लेषणबाट एउटै व्यक्तिलाई २०७६ वैशाख २ गतेदेखि २०७७ मंसीर ११ गते सम्म अधिकाँशतः एउटै आरोपमा सात पटकसम्म गरिएका पक्राउ र पुनः पक्राउका घटनाहरूले चक्रबहादुर खत्रीलाई स्वेच्छारी रुपमा पक्राउ गरी गैरकानूनी रुपमा थुनामा राखेको देखिएको ।
- यस तथ्यलाई प्रहरी र जिल्ला प्रशासन कार्यालयले पीडित पहिलो पटक मिति २०७६/१/२८ गते रिहा गरेको दावी लिएपनि सो समयमा विश्वव्यापी कोभिड महामारीको कारण देशभर लकडाउन भई सबै किसिमका सवारी साधन सञ्चालनमा सरकारले लगाएको रोक र मिति २०७७/१/१४ गते उदयपुर जिल्ला अदालतबाट जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेशमा निजलाई मिति २०७६/१/२८ गते खोटाङबाट नै पक्राउ गरी उदयपुर ल्याएको भनी उल्लेख भएकोले निजको थुना गैर कानूनी भएको स्पष्ट भएको ।
- तत्कालीन लकडाउन र सुरक्षाकर्मी बाहेक अन्य कसैको सवारी साधन सञ्चालन अनुमति नभएको अवस्थामा मिति २०७७/१/१४ गते उदयपुर जिल्ला अदालतबाट करिब ४:३० बजे रिहा भई सोही अदालतको गेटबाट सोही दिन पुनः पक्राउ परेको निज चक्रबहादुर खत्रीले लकडाउन निरन्तर रही सार्वजनिक र नीजि सवारी साधन ठप्प भएको समयमा उदयपुरको गाइघाटबाट करिब ६० कि.मी. टाढा साँझ ७:३० बजे (करिब तीन घण्टामा) खोटाङ जिल्लाको खोटेहाङ गाउँपालिकाको वडा नं. ९ मा पुगि प्रहरीमाथि आक्रमण गरेको भन्ने दावी आफैंमा वनावटी भएको देखिएको ।

- दोश्रो देखि छैठौं पटकको पक्राउसम्म निरन्तरता दिइएको पाइएको। उदयपुरको गाईघाटबाट पहाडी भूभागको उकालो ओरालो करिब ६० किलोमिटरको सडक यात्रा तीन घण्टामा, पाँचौ पटकको पक्राउमा दिक्तेल देखि सल्लेरी, सोलुखुम्बु सम्मको करिब १५० किलोमिटर लामो सडकको यात्रा करिब साढे दुई घण्टा र सोलुखुम्बु देखि सिरहा जिल्ला सदरमुकाम सिरहा बजारसम्मको अनुमानित २५० किलोमिटर लामो सडकको यात्रा करिब १५ घण्टामा पार गराईएको र सो अवधिमा सरकारी त्यसमा पनि सुरक्षाकर्मी बाहेक अन्य सार्वजनिक तथा निजी सवारी साधन नचलेको र उल्लिखित दूरीको पैदलयात्रा सो अवधिमा पार गर्नसक्ने अवस्था नै नभएकोले निजलाई प्रहरी र प्रशासनबाट स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राखेको स्पष्ट भएको।
- निजलाई ने.क.पा. माओवादी विप्लवको कार्यकर्ता भएकै कारण पुनः गैर कानूनी तवरले पक्राउ गरी पूर्वाग्रह र दुरासय राखी वेरितसँग गैर कानूनी थुनामा राखेको भनी उदयपुर जिल्ला अदालतबाट मिति २०७७/१/१४ मा भएको फैसला, सर्वोच्च अदालतबाट मिति २०७७ वैशाख २८ गते, २०७७ जेठ २ गते, १५ गते र २३ गते चार पटकसम्म भएका आदेशमा स्पष्ट रुपमा निजलाई फरक विचार र आस्था राखेकै कारणबाट बिना आधार र कारण पटक-पटक पक्राउ तथा थुनामा राखेको कार्य गैर कानूनी भएको भन्दै जारी भएका आदेशहरूले समेत निजलाई गरिएको पक्राउ स्वेच्छाचारी र गैर कानूनी भएको स्पष्ट देखिएको।
- यस घटनाको सन्दर्भमा आयोगको केन्द्रीय कार्यालयले निजको पक्राउलाई स्वेच्छाचारी र थुनालाई गैर कानूनी भन्दै त्यस्तो कार्य बन्द गर्न मिति २०७७/२/१७ गते र २५ गते जारी गरेका प्रेस विज्ञप्तीहरूबाट पनि पुष्टि भईरहेको।
- निजको पछिल्लो मिति २०७७/८/११ गते रातिको पक्राउको हकमा जिल्ला अदालत उदयपुरबाट पक्राउ गर्ने अनुमति प्राप्त भई पक्राउ गरेको पीडितको बयान र सो मुद्दा (बम विष्फोट) उदपयुर जिल्ला अदालतमा विचाराधीन रहेको पीडित हाल धरौटीमा रिहा भई सकेका देखिँदा सो पक्राउ तथा थुनालाई भने गैर कानूनी भन्न सकिने अवस्था नदेखिएको।
- पुर्पक्षको अवधिमा पालना गरिनुपर्ने विभिन्न प्रकृयाहरू मध्ये कानून व्यावसायीद्वारा पुर्पक्ष हुन पाउने अधिकार एक महत्वपूर्ण अधिकार भएपनि प्रथम देखि छैठौं पटक सम्मको गिरफ्तारीमा निजलाई सो सेवा लिनबाट बञ्चित गरिएको।
- उल्लिखित विश्लेषणको आधारमा

निज चक्रबहादुर खत्रीको मिति २०७७।१।२ गते देखि २०७७।२।२४ गते सम्मको पटक पटकको पक्राउ स्वेच्छाचारी र थुना गैर कानूनी रहेको ।

- स्वेच्छाचारी पक्राउ र थुना गैर कानूनी थुनाको कारण निजको नेपालको संविधानको धारा धारा १६(१), १७ (१), १८(१) र (२), २० र मुलुकी अपराध संहिता, २०७४ को दफा १०, दफा २०० र २०२ को उल्लंघन हुन गई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ बमोजिम मर्यादित रुपमा जीवन जीउन पाउने अधिकारको समेत उल्लंघन हुन गएको ।
- अतः निजको मिति २०७६/१/२ गते देखि २०७७ जेठ २५ गते सम्मको एक वर्ष १ महिना २३ दिन बीचको पटक-पटकको पक्राउ र थुना गैर कानूनी भएको स्पष्ट भईसकेको हुँदा निज चक्रबहादुर खत्रीलाई राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ र २५(२) बमोजिम एकमुष्ट रू.२७५,०००/ हजार क्षतिपूर्ति उपलब्ध गराउन र स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा संलग्न देखिएका जिल्ला प्रशासन कार्यालय खोटाङमा कार्यरत प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौड्याल, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी उपरीक्षक भिमप्रसाद दाहाल, जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक नारायणप्रसाद चिमोरिया, ऐ. कार्यालयका प्रहरी निरीक्षक गोविन्दप्रसाद साह, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी सहायक निरीक्षक ऋषि खनाल, जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, प्रहरी निरीक्षक महेन्द्र दर्नाल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चर्तुवेदी समेतका पदाधिकारीहरूसँग राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम सुनुवाईको मौका दिई निजहरूबाट प्राप्त बयान व्यहोरा समेतको विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्ने ।

११. **तथ्यगत र कानूनी विवेचना** : प्रस्तुत मिसिल संलग्न उजूरी व्यहोरा, पीडितको बयान, आरोपीहरूको जिकीर, उदयपुर जिल्ला अदालत र सर्वोच्च अदालतबाट भएका आदेशहरू, गृह मन्त्रालय र नेपाल प्रहरीबाट प्राप्त जवाफहरू, आयोगको अनुसन्धान प्रतिवेदन, प्रतिवेदन माथि गृह मन्त्रालय र नेपाल प्रहरीबाट प्राप्त राय प्रतिक्रिया समेतको अध्ययनबाट निज चक्रबहादुर खत्रीलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राखे नराखेको सन्दर्भमा निम्न प्रश्नहरूमा केन्द्रीत रही विवेचना गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आयो ।

(१) सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीलाई निरन्तर र पटक-पटक गरिएको पक्राउ स्वेच्छाचारी र गैर कानूनी हो, होइन ?

(२) गृह मन्त्रालय तथा अन्य आरोपीहरूले दावी लिएबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णयलाई आधार लिई फरक विचार र आस्था राखेकै कारण कसैलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राख्न मिल्ने हो, होईन ?

(३) सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीको पटक-पटकको पक्राउ र निजलाई राखिएको थुना गैर कानूनी हो होइन, हो भने त्यसबाट निजको मानव अधिकारको उल्लंघन भएको छ छैन र उल्लंघन भएको भए निजले क्षतिपूर्ति पाउनु पर्ने हो, होइन ?

(४) निजको पक्राउ स्वेच्छाचारी र थुना गैर कानूनी हो भने त्यसमा को कस्को संलग्नता रहेको छ र उनीहरूलाई कारवाहीको लागि सिफारिस गरी पठाउनु पर्ने हो, होईन ?

१२. अब माथि उल्लिखित प्रश्नहरू मध्ये प्रश्न नं. १ को सम्बन्धमा तथ्य खण्ड ... मा उल्लेख भएबमोजिम उदयपुर जिल्ला अदालतको (मु.नं. ०७६-WH-०००३ मा मिति २०७७/१/१४) गते र सर्वोच्च अदालतका (रिट नं. ०७६-WH-०३३९ मिति २०७७/१/२८ गते, रिट नं. ०७६-WH-०३४८ मिति २०७७/२/२ गते, रिट नं. ०७६-WH-०३५७ मिति २०७७/२/१५ गते र रिट नं. ०७६-WH-०३७२ मिति २०७७/२/२३ गते जारी) आदेशहरूमा सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीलाई मिति २०७६/१२/२८ गते पूर्वाग्रह, दुरासय राखी वेरीतसँग गैर कानूनी रुपले गिरफ्तार गरी निज खत्रीको वैयक्तिक स्वतन्त्रता अपहरण गरेको बदनियत साथ प्रवृत्त धारणा बनाई कानून विपरित थुनामा राखेको देखिएको, जिल्ला प्रशासन कार्यालय खोटाङले बन्दी चक्रबहादुर खत्रीलाई थुनामा नै राखी अनुसन्धान गर्न दिएको अनुमतिमा वस्तुनिष्ठ आधार र कारण उल्लेख गरेको नदेखिँदा निजको थुना गैर कानूनी भएकोले बन्दी चक्रबहादुर खत्रीलाई खोटाङ जिल्ला अदालतको रोहवरमा थुनामुक्त गरी सो को निस्सा सर्वोच्च अदालतमा पठाइदिनू; फरक विचार र आस्था राखेकै कारणबाट बिना आधार र कारण निवेदकलाई पटक-पटक पक्राउ तथा थुनामा राखेको देखिँदा निज निवेदकको थुनालाई कानून सम्मत मान्न सकिएन । निजलाई गैर कानूनी थुनाबाट मुक्त गर्नू; यी निवेदकको थुना गैर कानूनी देखिँदा तुरुन्त थुना मुक्त गर्नू ; फरक आस्था र विचार राखेकै कारण यी निवेदकलाई मिति २०७६/१/२ देखि र त्यसपछि पनि मिति २०७६/१२/२८ देखि बदनियतपूर्वक पटक-पटक पक्राउ गरी राजनैतिक विचार आस्थाका आधारमा झुठ्ठा मुद्दा लगाई बन्दी बनाएको देखिएको; यस अदालतबाट जारी भएको मिति २०७७/१/२८, मिति २०७७/२/२ र मिति २०७७/२/१५ गतेका आदेशमा यी निवेदकको थुना गैरकानूनी, प्रवृत्त रहेको भनी उल्लेख गरेकोमा सोही थुनालाई निरन्तरता दिएको

देखिँदा हालको थुनापनि गैर कानूनी र प्रवृत्त नै रहेको देखिन आएकोले कानूनी शासन भएको मुलुकमा अदालतको आदेश छल्ने तथा निष्तेज पार्ने कार्य कुनैपनि अवस्थामा स्वीकार्य हुन सक्दैन । निवेदकलाइ यस अदालतबाट बारम्बार थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुँदापनि प्रवृत्त भावना राखी थुनामुक्त नगर्ने विपक्षीको काम काम कारवाही प्रथम दृष्टि मै असंवैधानिक, गैर कानूनी र आपत्तिजनक देखिएको निवेदक बन्दी चक्रबहादुर खत्रीलाई जिल्ला प्रहरी कार्यालय सिरहा वा निज जहाँ थुनामा रहेको भएपनि राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरसमक्ष मिति २०७७/२/२५ गते उपस्थित गराई मानव अधिकार आयोगका माननीय अध्यक्ष वा माननीय सदस्यको रोहवरमा थुनामुक्त गर्नु भनी पटक-पटक भएका आदेशहरू र यस आयोगबाट मिति २०७७/२/१७ र २५ गते जारी भएका प्रेस विज्ञप्तीहरूले पनि यस तथ्यलाई पुष्टि गरिरहेका हुँदा निज चक्रबहादुर खत्रीको पक्राऊ र थुना गैर कानूनी रहेको स्वतः पुष्टि भइरहेको हुँदा यस विषयमा थप विश्लेषण गरिरहनु परेन । निवेदकको पक्राउ र थुना स्वतः स्वेच्छाचारी र गैर कानूनी देखिन आयो ।

१३. गृह मन्त्रालय तथा अन्य आरोपीहरूले दावी लिएबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णय बमोजिम फरक विचार र आस्था राखेकै कारण कसैलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राख्न मिल्ने हो, होईन भन्ने प्रश्न नं. २ को सम्बन्धमा विश्लेषण गर्नुअघि सर्वप्रथमतः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णय के थियो भनी अध्ययन गर्नुपर्ने देखिन आयो । मिसिल संलग्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णयमा निम्न व्यहोरा उल्लेख रहेछ ः

१४. "१. विप्लव समूह भनेर चिनिने नेपाल कम्युनिष्ट नामको समूहले आतंककारी शैलीमा नेपालको संविधान तथा प्रचलित कानून विपरित नागरिकको जीउ, धनमा क्षति पुऱ्याउने तथा नागरिकको संविधान तथा कानूनप्रदत्त हक अधिकारको उपभोगमा बाधा पुऱ्याउने र विकास निर्माण एवम् आन्तरिक वा वाह्य लगानी समेतलाई हतोत्साही गर्ने गरी बम, बिस्फोट गर्ने, निर्दोष जनताको हत्या गर्ने, आगजनी गर्ने, जर्बजस्ती रकम असूल गर्ने, अपहरण गर्ने, भौतिक पूर्वाधार तथा संरचनामा क्षति पुऱ्याउने, जनजीवनलाई आतंकित पार्ने, विद्युतीय धरापको प्रयोग गरी सर्वसाधारण व्यक्तिलाई अङ्गभंग गर्ने, स्थानीय तहका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीलाई धम्क्याउने, दुर्व्यवहार गर्ने, सार्वजनिक शान्ति, सुव्यवस्था तथा अमनचयनमा खलल पुऱ्याउने तथा राज्य विरुद्धको अपराधजन्य कार्य गर्नेजस्ता आपराधिक एवम् विध्वंशात्मक कार्यहरू गरिरहेको हुँदा त्यस्ता आपराधिक एवम् विध्वंशात्मक क्रियाकलापहरू नियन्त्रण गर्दै देशलाई द्वन्द्वमा फसाउन खोज्ने समूहहरूलाई निरुत्साहित गरी मूलुकमा दिगो शान्ति,

सुरक्षा तथा अमनचयन कायम गर्न विप्लव समूह भनेर चिनिने नेपाल कम्युनिष्ट पार्टी नामको समूह एवम् त्यस समूहद्वारा सञ्चालन गरिने गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न वा सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई आपराधिक तथा विध्वंशकारी समूह घोषणा गर्ने । त्यसैगरी त्यस्ता क्रियाकलाप वा गतिविधिमा संलग्न अन्य व्यक्ति, संस्था वा समूहपनि आपराधिक तथा विध्वंशकारी समूह हुन भनी घोषणा गर्ने ।

२. सो समूहका व्यक्ति तथा सो समूहबाट सञ्चालित आपराधिक तथा विध्वंशात्मक क्रियाकलापमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न र सहयोग पुऱ्याउने व्यक्ति, समूह वा संस्था, अन्य कुनै समूहलाई कानूनबमोजिम कारवाही गर्ने ।''

१५. उल्लिखित निर्णयमा समावेश गरिएका विषयहरू मुख्यतः नागरिकको शान्तिपूर्वक जीवन जीउन पाउने, सेवा प्रदायकबाट सेवा लिन पाउने र सम्पतिको अधिकार संरक्षणको सन्दर्भमा प्रत्यक्ष सम्बन्धित देखिन्छन् । मानव अधिकारका आधारभूत मुल्य, मान्यता एवम् प्रचलित संवैधानिक तथा कानूनी प्रावधानहरूले नागरिकलाई प्रदान गरेका अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र ती अधिकार प्रचलनको प्रभावकारी कार्यान्वन गर्नु सरकारको दायित्व नै हो । सो सन्दर्भमा नेपाल सरकारले गरेको माथि उल्लिखित निर्णय विपरितका गतिविधि कुनैपनि व्यक्ति वा समूहले प्रचलित कानून विपरित सञ्चालन गरेमा त्यस्ता गतिविधि विरुद्ध प्रचलित कानूनी व्यवस्था बमोजिम कानूनी कारवाही हुने विषयलाई अन्यथा भन्न सकिने अवस्था रहँदैन । अधिकार र कर्तव्य एक अर्काका परिपूरक भएकाले राजनितिक दल वा समूहले पनि त्यसको पालना अनिवार्य रुपमा गर्नै पर्दछ । व्यक्ति वा नागरिकलाई प्रत्यक्ष नकारात्मक असर पर्नेगरी राजनितिक दल वा समूहलाई नागरिकको जीउधनमा क्षति पुऱ्याउने, उनीहरूको हक अधिकारको उपभोगमा बाधा पुऱ्याउने, बम बिस्फोट गर्ने गराउने, आगजनी गर्ने, जर्बजस्ती रकम असूल गर्ने, अपहरण गर्ने, भौतिक पूर्वाधार तथा संरचनामा क्षति पुऱ्याउने, जनजीवनलाई आतंकित पार्ने, विद्युतीय धरापको प्रयोग गरी सर्वसाधारण व्यक्तिलाई अङ्गभंग गर्ने, सर्वसाधारण वा सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्ति वा पदाधिकारीलाई धम्क्याउने, दुर्व्यवहार गर्ने, सार्वजनिक शान्ति, सुव्यवस्था तथा अमनचयनमा खलल पुऱ्याउने जस्ता आपराधिक एवम् विध्वंशात्मक कार्यहरू गर्ने अधिकार हुन्छ भनी अनुमान सम्मपनि गर्न सकिँदैन । त्यस्ता गतिविधि विरुद्ध सरकारले मानव अधिकारका आधारभूत मूल्य, मान्यता र प्रचलित कानूनी विधि र प्रक्रियाबमोजिम कारवाही गर्न सक्ने नै देखिन्छ ।

१६. तर यस घटनामा निज चक्रबहादुर खत्रीलाई तेश्रो पटक बाहेकका सबै पक्राउहरूमा अभद्र व्यवहार र तेश्रो पटकको पक्राउमा संक्रामक रोग फैलाएको आरोप लगाई मुद्दा चलाएको देखिन्छ । गैरकानूनी पक्राउ सम्बन्धमा आयोगले जिल्ला प्रशासन कार्यालय, खोटाङमा च.नं. १३३ मिति २०७७/२/३ गते प्रेषित गरेको पत्र, जिल्ला

प्रहरी कार्यालय खोटाङमा च.नं. १२६ मिति २०७७/१/२९ गते प्रेषित पत्रहरूको जवाफमा दुवै निकायले पीडितको मिति २०७६/१/२ गतेको पहिलो पक्राउका सम्बन्धमा निजले ड्युटिमा खटिएका प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गरेकोले पक्राउ गरिएको भनी उल्लेख गरेको देखिन्छ। सो सन्दर्भमा जिल्ला प्रशासन कार्यालयले मिति २०७७/१/१४ गतेको पक्राउको सम्बन्धमा गस्तिमा रहेका प्रहरी माथि अश्लिल शब्द प्रयोग गरी 'हातपातको प्रयास गरेको' भनी उल्लेख भएको देखिन्छ भने जिल्ला प्रहरी कार्यालयबाट प्रेषित पत्रमा 'हातपात गरेको' भनी जवाफ दिएको देखिन्छ। तर यी दुवै घटनामा इलाका प्रहरी कार्यालय हलेसी र प्रहरी चौकी भण्डारेघाटमा कार्यरको को को प्रहरी कर्मचारी माथि अभद्र व्यवहार भएको हो भनी प्रहरीले नाम सम्म खुलाई पठाउन सकेको देखिएन। जिल्ला प्रहरी कार्यालयले झैं पीडित माथि लगाईएको कसूरमा प्रमुख जिल्ला अधिकारीले पनि निज चक्रबहादुर खत्रीबाट भएका पीडितहरू को को हुन् वा थिए भनी नाम खुलाउन सकेको देखिएन। बरु यी दुई कार्यालयले पत्रमा उल्लेख गरेको व्यहोरा अध्ययन गर्दा प्रहरी कार्यालयले "हातपात गरेको" र जिल्ला प्रशासन कार्यालयले "हातपातको प्रयास गरेको" भनी पत्रमा उल्लेख गरेको देखिन्छ। यस तथ्यले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय खोटाङबाट नेपाल सरकारको माथि उल्लिखित निर्णय विपरित घटना बिनाको कसूर सिर्जना गरी निज पीडितलाई राजनितिक आस्थाको कारण पक्राउ र पुनः पक्राउ गरी गैर कानूनी कारवाही अघि बढाएको देखिन आयो।

१७. मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय उदयपुरका च.नं. ४४५० मिति २०७७/२/१८ र च.नं. ५५० मिति २०७८/१२/९ गतेका पत्रहरू र प्रमुख जिल्ला अधिकारीको मिति २०७८/४/८ गतेको जवाफ र जिल्ला प्रहरी कार्यालयको च.नं. ३६३६ मिति २०७६/१२/२९ को पत्रमा निज चक्रबहादुर खत्रीलाई संक्रामक रोग फैलाएको आरोपमा पक्राउ गरी कारवाही गरिएको व्यहोरा उल्लेख भएता पनि निजले कुन मितिमा, कुन स्थानमा र कुन समुदाय वा व्यक्ति माथि संक्रामक/सरुवा रोग फैलाएको भनी कहींकतै खुलाउन सकेन देखिएन। सो तथ्यलाई जिल्ला प्रहरी कार्यालय उदयपुरको मिति २०७६/१२/२९ गते जारी भएको जरूरी पक्राउ पूर्जीले पनि खुलाउन सकेको देखिएन। सो पूर्जीमा कुन कसूरमा त्यस्तो पक्राउ पूर्जी जारी गरिएको भनी उल्लेखसम्म भएको छैन। वनावटी रुपमा पक्राउ पूर्जी जारी भएको तथ्य उदयपुर जिल्ला अदालतका श्रेस्तेदारले मिति २०७७/१/८ गते "यी प्रतिवदीसँग रहेको सरुवा रोग यकीन नभई म्याद थपको लागि ल्याएको देखिँदा म्याद थप गर्न मिलेन" भनी गरेको आदेशले समेत स्पष्ट गरेको देखियो। जिल्ला प्रशासन कार्यालय उदयपुर र जिल्ला प्रहरी कार्यालयले जे जुन व्यहोरा खुलाई निजलाई उदयपुरबाट पक्राउ गरेको भनी उल्लेख गरी पुष्टि गर्न खोजेको भएता पनि

निजलाई खोटाङबाट मिति २०७६/१२/२८ गते खोटाङ प्रहरीले पक्राउ गरी उदयपुर प्रहरीलाई बुझाएको भनी उदयपुर जिल्ला अदालतले मिति २०७७/१/१४ गते फैसला नै गरी सकेको देखिन्छ। यस तथ्यले पनि आग्रह र पूर्वाग्रहका आधारमा उदयपुर प्रहरी र प्रशासनले बिना घटना र पीडित बिनाको कसूर सिर्जना गरी निजलाई पक्राउ र पुनः पक्राउ गरी गैर कानूनी थुनामा राखेको देखियो।

१८. मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुको च.नं. १४७७ मिति २०७८/१२/१३ गतेको पत्रमा यी पीडितलाई मिति २०७७/२/२ गते साँझ ७ बजेतिर सोलुदुधकुण्ड न.पा. वडा नं. ८ मा अपशब्द बोल्दै स्थानीय महिलालाई समेत हैरानी दिई कसूर गरेकोले रितपूर्वकको पक्राउ पूर्जी दिई थुनामा राखेको भनी व्यहोरा उल्लेख गरेको देखिन्छ। प्रहरी प्रधान कार्यालयको च.नं.१७७ मिति २०७८/१२/१० को पत्रमा पनि सोही व्यहोरा उल्लेख भएको देखिन्छ। जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको च.नं.२३१७ मिति २०७८/२/२ मा निज खत्रीलाई दिएको जरूरी पक्राउ पूर्जी र च.नं.२३२४ को सोही मितिमा हिरासतमा राख्न दिएको थुनुवापूर्जीमा पनि अभद्र व्यवहार भनी खुलाएको देखिन्छ। तर प्रमुख जिल्ला अधिकारी र प्रहरी दुवैको जवाफमा यी पीडितले को कस माथि अभद्र व्यवहार गरेका थिए भनी खुलाउन सकेको देखिएन। यसबाट के स्पष्ट हुन्छ भने यस पक्राउमा पनि निज खत्रीलाई खोटाङ र उदयपुरमा जस्तै बिना घटना र बिना पीडितको वनावटी कसूर सिर्जना गरी स्वेच्छाछारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राखेको देखियो। जुन तथ्यलाई मिसिल संलग्न कारागार कार्यालय खोटाङको च.नं. ६१४ मिति २०७७/२/५ गतेको पत्रले अखण्डनीय रुपमा पुष्टि गरेको छ। सो पत्रमा निज चक्रबहादुर खत्रीलाई थुनामुक्त गरिदिनु भनी सर्वोच्च अदालतको रिट नं. ०७६-WH-०३४८ मा भएको बन्दीप्रत्यक्षीकरणको आदेश मिति २०७७/२/२ गते ३:०० बजे सो कार्यालयमा प्राप्त भएपछि सोही दिन अपरान्ह ४:४५ बजे सो थुनाबाट छाडिएको भनी खुलाइ दिएको अवस्थामा कारागार कार्यालय खोटाङबाट करिब १५० किलोमिटर टाढा रहेको स्थान सोलुखुम्बु जिल्लाको केरुङमा २ घण्टा १५ मिनेटमा पुगी यी पीडितले कोही कसैमाथि अभद्र व्यहार गरेहोला भनी अनुमान सम्म पनि गर्न सकिएन।

१९. मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय सिरहाको च.नं.६७३१ मिति २०७८/१२/१५ गतेको पत्रमा जिल्ला प्रहरी कार्यालय सिरहाको च.नं. ७३२६ मिति २०७७/२/१६ गतेको पत्र बमोजिम पक्राउ समर्थन र च.नं. ७३३३ मिति २०७७/२/१६ गतेको पत्र बमोजम म्याद थप गरिदिएको तथा प्रहरी प्रधान कार्यालयको च.न. १७७ मिति २०७८/१२/१० गतेको पत्रमा मिति २०७७/२/१६ गते १७:०० बजे निज चक्रबहादुर खत्रीले सिरहा न.पा. वडा नं. ७ हेमनारायण चोकमा गस्तिमा रहेका

प्रहरीलाई अश्लिल शब्द बोली हातपात गर्न खोजेकोले पक्राउ गरी अभद्र व्यहार मुद्दा दर्ता गराएको भनी उल्लेख गरेको, निज विरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहाबाट मिति २०७७/२/१६ गते जारी भएका छुट्टाछुट्टै जरूरी पक्राउ पूर्जी र थुनुवापूर्जीमा पनि अभद्र व्यवहार कसूर भनी उल्लेख गरेको देखियो। तर जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी र प्रहरीले समेत माथि उल्लिखित कार्यालयहरूले जस्तै यी पीडितले को कस माथि अभद्र व्यवहार गरेको भनी कहीं कतै खुलाएको देखिन आएन । यी निकायबाट पनि बिना घटना र बिना पीडितको उनाउ कसूर सिर्जना गरेकै देखियो। लकडाउनको समयमा सार्वजनिक तथा निजी सवारी साधन ठप्प भएको अवस्थामा अघिल्लो दिन मिति २०७७/२/१५ गते रातको करिब ९ बजेसम्म सोलुखुम्बु जिल्ला प्रहरी कार्यालयको हातामा र निरन्तर प्रहरीको नियन्त्रणमा रहेका व्यक्तिले १६ गते आफैं सिरहा पुगि प्रहरी माथि अभद्र व्यवहार गरेका होलान् भनी माथिका प्रकरणमा उल्लेख भएका घटनाका प्रकृति र प्रवृत्तिका आधारमा समेत अनुमान गर्न सकिएन।

२०. आरोपीहरूले लिएको दाबीलाई माथिका प्रकरणहरूमा उल्लेख भएका उदयपुर जिल्ला अदालतबाट मु.नं. ०७६-WH-०००३ मा मिति २०७७/१/४ गते भएको आदेश, सर्वोच्च अदालतबाट रिट नं. ०७६-WH-०३३९ मा मिति २०७७/१/२८ गते भएको आदेश, रिट नं. ०७६-WH-०३४८ मा मिति २०७७/२/२ गते भएको आदेश, रिट नं. ०७६- WH-०३५७ मा मिति २०७७/२/१५ गते भएको आदेश र रिट नं. ०७६-WH-०३७२ मा मिति २०७७/२/२३ गते भएको आदेश र तथ्यहरूले खारेज गरिसकेको अवस्था छ । नेपालको संविधानको धारा १२६(२) बमोजिम मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्थाको विपक्षीबाट उल्लंघन हुन गएको देखियो । परिणामतः यी पीडित नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रताबाट बञ्चित हुनु परेको, धारा २० को उपधारा (९) ले प्रदान गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट पाउनु पर्ने स्वच्छ सुनुवाईको हक प्राप्त गर्नबाट बञ्चित भई मौलिक हकको उल्लंघन हुन गएको देखियो। मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १० ले गरेको कानूनी सुनिश्चितता, ऐ. ऐनको दफा २०० ले कसैले कुनै व्यक्तिलाई कानून बमोजिम बाहेक बदनियत राखी थुनामा राख्न नहुने भनी गरेको व्यवस्था, ऐ. अदालतले थुनाबाट छाड्ने आदेश दिएपछि पनि पटक-पटक थुनामा राखेको अवस्था र त्यस्तो अवस्था गैर कानूनी हुने भनी ऐ. ऐनको दफा २०२ ले गरेको व्यवस्था समेतबाट विपक्षीहरूले दावी लिएजस्तो नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णय बमोजिम फरक विचार र आस्था राखेकै कारण कसैलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राख्न मिल्छ भनी

अनुमानसम्म पनि गर्न सकिएन । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था विपरित सरकार वा अन्य कोही कसैले कुनैपनि व्यक्तिलाई स्वेच्छाचारी रुपमा पक्राऊ गरी निजको मानव अधिकारको उल्लंघन गरी गैर कानूनी थुनामा राख्न सक्ने देखिएन ।

२१. प्रचलित नेपाल कानून बाहेक नेपालले अनुमोदन गरी कार्यान्वयन गर्न प्रतिबद्धता जनाएका मानव अधिकार सम्बन्धी सन्धि सम्झौताहरूबाट पनि सरकार वा सरकारका मातहतका निकाय वा पदाधिकारीले कुनैपनि वाहना वा चाहनामा व्यक्तिलाई स्वेच्छारी रुपमा पक्राउ गर्न र गैर कानूनी थुनामा राख्न सक्छ भनी अनुमानसम्म गर्न सकिने विषय होइन । नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनितिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ९ को उपधारा (१) र मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ९ विपरितको कार्य गर्न कसैलाई पनि छुट हुन सक्दैन । यी दस्तावेजले कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी रुपले पक्राउ गर्न र गैर कानूनी थुनामा राख्ने कार्यलाई पूर्णत निषेध गरेको छ । साथै महासन्धि र घोषणापत्रका साझा धारा १९ ले बिना हस्तक्षेप आफ्ना विचार राख्न र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न पनि अवरोध गर्न नहुने स्पष्ट गरेको छ । स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुना सम्बन्धमा संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले नागरिक तथा राजनितिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ९ मा गरेको सामान्य टिप्पणी (General comment) नं. ३५ ले पनि निषेध गरेको छ ।[१] सामान्य टिप्पणी, स्वेच्छारी थुना र गैरकानूनी थुना, पक्राउ र अभियोगको सूचना, आरोपसँग सम्बन्धित थुनामा न्यायिक नियन्त्रण, गैर कानूनी वा स्वेच्छिक थुना विरुद्ध उपचारको अधिकार, क्षतिपूर्तिको अधिकार, महासन्धिको धारा ९ सँग अन्य धाराहरूको सम्बन्ध समेतका विभिन्न सात परिच्छेद र ६८ बुँदामा टिप्पणी रहेको उक्त दस्तावेजले विधिको शासन विपरित कुनैपनि व्यक्तिको स्वतन्त्रताको बञ्चिति, कानूनी आधार बिनाको पक्राउ वा थुना स्वेच्छाचारी हुने उल्लेख गरेको छ । सो व्याख्याले न्यायालयले पनि स्वतन्त्र प्रक्रिया र पर्याप्त व्याख्या बिना मनोमानी रुपमा कसैलाई थुनामा पठाउन नसक्ने[२], न्यायिक अवहेलना गर्दै थुनामा राख्ने कार्य स्वेच्छाचारी र गैर कानूनी हुने[३], कानूनले स्थापित गरेको प्रकृया बाहेक गरिएको स्वतन्त्रताको बञ्चिति गैर कानूनी हुने[४] समेतको विस्तृत व्याख्या गरेको छ ।

२२. अतः प्रश्न नं. २ को सम्बन्धमा माथि उल्लेख भएबमोजिम नेपालको संविधान, अन्य प्रचलित कानून, यी पीडितको पक्षमा सर्वोच्च अदालतबाट पटक-पटक भएका आदेश, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त

१ International Covenant on Civil and Political Rights, Human Rights Committee General comment No. 35, CCPR/C/GC/35

२ Ibid, S.N 14

३ Ibid S.N 11

४ Ibid S.N 22 & 23

राष्ट्रसंघ मानव अधिकार समितिको सामान्य टिप्पणी (General comment) नं. ३५ को व्याख्या तथा आयोगको अनुसन्धान निष्कर्ष समेतको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णय बमोजिम फरक विचार र आस्था राखेकै कारण कसैलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राख्न मिल्ने देखिएन । अर्को तर्फ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णयमा उल्लेख भए बमोजिम यी पीडितको कुनैपनि गतिविधिमा संलग्नता नरहेको पुष्टि पाँचपटक अदालतबाट भएका आदेशहरूले गरिससकेको यार्थथतामा आरोपीहरूले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ गतेको निर्णय बमोजिम निजलाई पक्राउ गरी थुनामा राखेको भनी लिएको दावी कुनैपनि तथ्य, आधार र कानूनबाट पुष्टि हुन सकेन । यी पीडितलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राखेको नै देखिन आयो ।

२३. अब प्रश्न नं. ३ को सम्बन्धमा यी पीडितको पटक-पटक गरिएको पक्राउ र थुनामा राखिएको कार्यबाट निजको मानव अधिकारको उल्लंघन भए नभएको, उल्लंघन भएको भए निजले क्षतिपूर्ति पाउनु पर्ने हो, होइन ? भन्ने तर्फ विश्लेषण गर्दा माथिका प्रकरणहरूमा भएको विश्लेषणबाट यी पीडितलाई पटक-पटक गरिएको पक्राउ र थुना गैर कानूनी हो भनी स्पष्ट भई सकेकोले त्यसतर्फ थप विश्लेषण गरी रहनु परेन । तर थुना गैर कानूनी भइसकेपछि त्यसले निजको के कस्ता मानव अधिकारको उल्लंघन भयो वा भएन भनी विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने देखियो । यसमा नेपालले अवलम्बन गरेको मानव अधिकार प्रणाली, नेपालको संविधान, प्रचलित अन्य कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट भएका आदेश र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट भएको General comment समेतको अध्ययनबाट निष्कर्षमा पुग्नु सान्दर्भिक देखिन्छ । यस आधारमा हेर्दा प्रशन नं. १ र २ को निष्कर्षमा उल्लेख भएका तथ्यगत एवम् कानूनी विश्लेषणबाट आरोपीहरूले यी पीडितमाथि गरेको व्यवहारबाट निजको नेपालको संविधानको धारा १६(१) ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने, धारा १७(१) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने, धारा १८(१) ले प्रदान गरेको समान कानूनी संरक्षण पाउने र ऐ. धाराको उपधारा (२) ले प्रदान गरको वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने, धारा २० ले प्रदान गरेको न्याय सम्बन्धी हक र त्यसभित्र पनि उपधारा (९) ले प्रदान गरेको स्वच्छ सुनुवाइको हक समेतका मौलिक हकहरूको प्रत्यक्ष उल्लंघन हुन गएको देखियो । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा २०० विपरित निज खत्रीले गैर कानूनी थुनामा बस्नु परेको, दफा २०२ बमोजिम अदालतले थुनाबाट छाड्ने आदेश दिएपछि पनि थुनाबाट स्वतन्त्र हुन नपाएको, ऐ. ऐनको दफा १० बमोजिम स्वच्छ

सुनुवाइबाट बञ्चित हुनु परेको अवस्थाले कानूनी रुपमा प्राप्त अधिकार समेत उल्लंघन हुन गई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २(च) बमोजिम यी पीडितको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको अधिकार समेत उल्लंघन हुन गएको देखियो ।

२४. माथिका प्रकरणहरूमा उल्लेख भए बमोजिमका तथ्यगत एवम् कानूनी विश्लेषणबाट निज चक्रबहादर खत्रीको मानव अधिकारको उल्लंघन भएको तथ्य स्थापित भएको देखिँदा निजलाई क्षतिपूर्तिको लागि सिफारिस गर्नुपर्ने हो, होइन र गर्नुपर्ने हो भने के कति रकम सिफारिस गर्नुपर्ने भनी निष्कर्षमा पुग्नु पर्ने देखियो । नेपालको संविधानको धारा २४९(३) को खण्ड (घ) ले मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने भनी यस आयोगलाई प्रदान गरेको अधिकार, सो सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२ बमोजिम भएको छानबिन तथा अनुसन्धानबाट प्रस्तुत घटनामा मानव अधिकारको उल्लंघन भएको तथ्य स्थापित भई पीडितलाई क्षतिपूर्ति दिनुपर्ने भनी उल्लेख भएको निष्कर्ष सहितको सिफारिस र दफा १६(१) ले आयोगको छानबिन तथा अनुसन्धानबाट क्षतिपूर्ति दिनुपर्ने देखिएमा दफा १५ बमोजिम निर्णय गर्दा सो कुरा समेत खुलाई निर्णय गर्नुपर्नेछ भनी गरेको व्यवस्थाबाट यस उजूरी माथि निर्णय गर्दा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ बमोजिम पीडितलाई परेको मानसिक पीडा, सामाजिक मर्यादा र विशेषतः पीडकको चरित्र समेतको आधारमा ऐ. नियम २५ लाई समेत ध्यानमा राखी यी पीडित चक्रबहादुर खत्रीलाई एकमुष्ट रू.१००,०००/(एक लाख रूपैयाँ) क्षतिपूर्ति उपलब्ध गराउन निर्णय गर्नु पर्ने नै देखिन आयो ।

२५. माथिका प्रकरणहरूमा उल्लेख भएबमोजिम यी पीडितलाई स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राखेको पुष्टि भइसकेको हुँदा अब प्रश्न नं. ४ को सम्बन्धमा स्वेच्छाचारी पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा को कसको संलग्नता थियो र उनीहरूलाई कारवाहीको लागि सिफारिस गरी पठाउनु पर्ने हो, होईन भनी विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने देखियो । मिसिल संलग्न प्रमाण कागजातबाट निज चक्रबहादुर खत्रीलाई पहिलो पटक मिति २०७६/१/२ गते खोटाङ प्रहरीले पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाई सो मुद्दामा मिति २०७६/१२/२८ गते कारागार कार्यालय खोटाङबाट रिहा भएको भनी वनावटी लिखत तयार गरी सोही दिन दोश्रो पटक पक्राउ गरी जिल्ला प्रहरी कार्यालय उदयपुर पुऱ्याएको; मिति २०७७/१/१४ गते बन्दिप्रत्यक्षीकरणको आदेश जारी भई निज खत्रीलाई रिहा गर्ने आदेश भएकोमा सो विपरित सोही दिन तेश्रो पटक उदयपुर जिल्ला अदालत परिसरको गेटबाट पक्राउ गरेको; सर्वोच्च अदालतले मिति २०७७/१/२८ गते यी पीडितलाई खोटाङ जिल्ला अदालतको रोहवरमा रिहा

गर्नु भन्ने आदेश गरिसकेपछि खोटाङ जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीबाट सर्वोच्च अदालतको आदेश छल्ने नियतले सोही मितिमा निजलाई अभद्र व्यहारमा दोषी ठहर भएमा बुझाउनु पर्ने अधिक रकम रू. १०,०००/ भन्दा पाँच गुणा बढी रू. ५०,०००/नगद धरौटी माग गरी सर्वोच्च अदालतको आदेशको छलगरी चौथो पटक पनि गैर कानूनी रुपमा नियन्त्रणमा राखी कारागार कार्यालय खोटाङमा पुर्पक्षको लागि थुनामा पठाएको; सर्वोच्च अदालतबाट मिति २०७७/२/२ गते भएको आदेश विपरित पाँचौं पटक पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु पुऱ्याएको; मिति २०७७/२/१५ गते छैठौं पटक पक्राउ गरी मिति २०७७/२/१६ गते जिल्ला प्रहरी कार्यालय सिरहा पुऱ्याई सर्वोच्च अदालतको मिति २०७७/२/२३ गतेको आदेश बमोजिम निज चक्रबहादुर खत्रीलाई यस आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालको रोहवरमा आयोगको केन्द्रीय कार्यालयबाट मिति २०७७/२/२५ गते रिहा गरेको पृष्ठभूमिमा यस प्रश्नको निवारण गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आयो ।

२६. उल्लिखित तथ्य एवम् प्रमाण सहित मिसिल संलग्न कागजातको अध्ययनबाट स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनामा राख्ने कार्यमा को कस्को के कस्तो संलग्नता रहेको सम्बन्धमा सर्वप्रथमतः सम्बन्धित पदाधिकारीहरूबाट भए गरेका कार्यहरूलाई छुट्टाछुट्टै विश्लेषण हुन आवश्यक देखियो । यस सम्बन्धमा विश्लेषण गर्दा जिल्ला प्रशासन कार्यालय खोटाङका प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले पहिलो पटक मिति २०७६/१२/२८ गते निजलाई थुनामुक्त गरिदिएको भनी दावी लिएको देखिएता पनि पीडितले आयोगसमक्ष दिएको बयानमा आफुलाई सो दिन जिल्ला प्रशासन कार्यालय खोटाङको प्राङ्गणबाट प्रहरीले पक्राउ गरी उदयपुर पुऱ्याएको भनी खुलाई दिएको व्यहोरा, सो तथ्यलाई उदयपुर जिल्ला अदालतबाट मिति २०७७/१/१४ गते भएको बन्दीप्रत्यक्षीकरणको आदेशले प्रमाणित गरिदिएको अवस्था, मिति २०७७/१/१४ गतेको गैर कानूनी थुना सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले भण्डारेघाट प्रहरी चौकीका प्रहरीलाई अभद्र व्यवहार गरेको भन्दै रू. ५०,०००/ धरौटी माग गरी निजलाई सर्वोच्च अदालतको आदेश विपरित कारागार पठाएको भनी लिएको दाबी, सर्वोच्च अदालतले मिति २०७७/१/२८ गते (रिट नं. ०७६-WH-०३३९) गरेको आदेश, मिति २०७७/२/२ गतेको पुनः पक्राउ सम्बन्धमा निजलाई रिहा गरेको भनी उल्लेख गरेपनि कारागार कार्यालय खोटाङको च.नं. ६१४ मिति २०७७/२/५ को पत्रमा निजलाई सो दिन ४:४५ बजे रिहा गरेको र करिब एक सय पचास किलो मिटर टाढा सोलुखुम्बुको केरुङमा २ घण्टा पन्ध्र मिनेट पछि सोही दिन साँझ ७:०० बजे निजलाई सोलुखुम्बुबाट पक्राउ गरेको भनी प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन अनुगमन इकाइले यस आयोगलाई गराएको लिखित जानकारी

समेतका तथ्यले प्रमुख जिल्ला अधिकारीको सहमति एवम् आदेश वा निर्देशन बिना जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरीले निज चक्रबहादुर खत्रीलाई पक्राउ गरी सोलुखुम्बु प्रहरीलाई बुझाएको होला भनी सोच्न सकिने नदेखिँदा यस घटनामा खोटाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलको लिखित दावी तथा भनाई विश्वसनीय र भरपर्दो देखिन आएन । यी पीडितलाई स्वेच्छाचारी पक्राउ गर्ने र गैर कानूनी थुनामा राख्ने कार्यमा निजको संलग्नता रहेको देखियो ।

२७. जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले निज चक्रबहादुर खत्रीको स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनाको सम्बन्धमा आफ्नो असंलग्नता दावी गरी आयोगलाई जवाफ पठाएको देखिएपनि स्वेच्छाचारी रुपमा जिल्ला प्रशासन कार्यालय खोटाङको परिसरबाट पक्राउ गरी देश कोरोना महामारीको कारण लकडाउन भई नीजि तथा सार्वजनिक सवारी साधन सम्पूर्ण रुपमा बन्द भएको अवस्थामा प्रहरीको सवारी साधनको प्रयोग गरी उदयपुर पुऱ्याइएका निज चक्रबहादुर खत्रीको तर्फबाट उदयपुर जिल्ला अदालमा मु.नं. ०७६-WH-०००३ मा दर्ता भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०७७/१/१४ गते भएको आदेश हुँदा प्रमुख जिल्ला अधिकारीको दावी पुष्टि हुन सकेन । उक्त मितिको आदेशमा ''सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीले जिल्ला प्रशासन कार्यालय खोटाङले गरेको सजाय भुक्तान गरी सकेतापनि ने.क.पा. माओवादी विप्लव समूहको कार्यकर्ता भएकै कारण सोही दिन मिति २०७६/१२/२८ मा खोटाङ प्रहरीले पक्राउ गरी उदयपुर प्रहरीलाई बुझाएको र लकडाउनको आदेश अवज्ञा गरी संक्रामक रोग फैलाउन नहुने कसूरमा म्याद थप गरेको समेतका कार्य पूर्वाग्रह, दुरासय राखी वेरीतसँग गैर कानूनी रुपले गिरफ्तार गरी निज खत्रीको वैयक्तिक स्वतन्त्रता अपहरण गरेको बदनियत साथ प्रवृत्त धारणा बनाई कानून विपरित थुनामा राखेको देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ'' भनी भएको मिसिल संलग्न फैसलाबाट प्रमुख जिल्ला अधिकारीको दावी विश्वसनीय र भरपर्दो देखिन आएन । त्यसमा पनि जुन पक्राउबाट निज खत्री विरुद्ध संक्रामक रोग फैलाएको आरोप लागेको थियो त्यस पक्राउ र थुनालाई उदयपुर जिल्ला अदालतले गैर कानूनी गिरफ्तार र कानून विपरित थुनामा राखेको भनी खारेज गरिसकेपछि पनि प्रमुख जिल्ला अधिकारीले आफ्नो इजलाशबाट गैर कानूनी थुनालाई वैधता दिँदै मिति २०७७/२/२५ गते संक्रामक रोग फैलाएको आरोपमा १६ दिन कैद गर्ने गरी निर्णय गरेको भनी उल्लेख भएको अवस्थाले जसरी पनि यी पीडितलाई झुट्ठा आरोप लगाई थुनामा राखी रहने नियत स्पष्ट देखियो । जुन तथ्यलाई पीडित खत्रीको स्वास्थ्य परीक्षण गरी निजलाई संक्रामक रोग वा सरुवा रोग लागेको भनी खुलाउन नसकेको, निजले को कसलाई र कहाँ कुन स्थानमा संक्रामक रोग फैलाएको

भनी खुलाउन नसकेको, उदयपुर जिल्ला अदालतले मिति २०७७/१/८ गते "यी प्रतिवादी सँग रहेको सरुवा रोगको यकीन नभई सो को आधारमा मुलुकी अपराध संहिता २०७४ को दफा १०९ बमोजिम म्याद थपको लागि पेश भएको देखिँदा उल्लेखित म्याद थप गर्न मिलेन" भनी आदेश गरेको तथ्य समेतले यस घटनामा जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी दिपककुमार पहाडीको संलग्नता नरहेको भनी अनुमान गर्न सकिएन। यी पीडितलाई स्वेच्छाचारी पक्राउ गर्ने र गैर कानूनी थुनामा राख्ने कार्यमा निजको पनि संलग्नता रहेको देखियो ।

२८. जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी रमा आचार्यले पीडित चक्रबहादुर खत्रीले सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा.वडा नं. ८ केरुङ स्थित सडकमा अपशब्द बोल्दै स्थानीय महिलालाई समेत हैरानी दिएको प्रहरी प्रतिवेदनबाट देखिन आएपछि अभद्र व्यवहार सम्बन्धी कसूरमा निजको म्याद थप गरेको र आफूले गैर कानूनी थुनामा नराखेको भनी दावी लिनु भएको देखिन्छ। तर मिसिल संलग्न प्रमाण कागजातमा यी पीडितलाई मिति २०७७/२/२ गते कारागार कार्यालय खोटाङबाट सोही दिन अपरान्ह ४:४५ बजे रिहा गरिएको तथ्य कारागार कार्यालय खोटाङको च.नं. ६१४ मिति २०७७/२/५ गतेको पत्रमा खुलेको देखिन्छ भने जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुको च.नं. १४७७ मिति २०७८/१२/१३ गतेको पत्रमा निज चक्रबहादुर खत्रीलाई मिति २०७७/२/२ गते साँझ ७:०० बजे सोलुदुधकुण्ड न.पा. वडा नं. ८ स्थित सडक र प्रहरी प्रधान कार्यालय मानव अधिकार उल्लंघन तथा अनुगमन इकाईको च.नं. २१३ मिति २०७८/२/१४ गते र च.नं. १७७ मिति २०७८/१२/१० गतेका पत्रमा सोलुदुधकुण्ड न.पा. वडा नं. ८ केरुङ स्थित सडकमा अपशब्द बोलेको र महिला देख्दा झन अपशब्द बोली हैरानी दिएकोले सोही स्थानबाट निजलाई पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाएको भनी उल्लेख भएको देखिन्छ । उल्लिखित अवस्थामा खोटाङ जिल्ला सदरमुकाम दिक्तेलमा रहेको कारागार कार्यालय र निजलाई पक्राउ गरेको भनिएको सोलुखुम्बुको सोलुदुधकुण्ड न.पा. वडा नं. ८ केरुङबीचको दुरी कति रहेको छ भनी हेर्नुपर्ने देखियो । यसरी हेर्दा खोटाङ जिल्ला सदरमुकामबाट सोलुखुम्बु जान प्रयोग हुने सडकमार्ग देखि हिलेपानी भन्ने स्थानसम्मको दूरी ७५ किलोमिटर, हिलेपानी देखि ओखलढुंगा जिल्ला सदरमुकाम सम्मको दूरी ३६ किलोमिटर र ओखलढुंगा देखि केरुङ सम्मको दूरी करिब ४० किलोमिटर गरी निज रिहा भएको स्थानबाट पक्राउ परेको भनिएको स्थानको दूरी करिब १५१ किलोमिटर टाढा रहेको देखिन्छ। उल्लिखित दूरीमा सामान्य अवस्थामा सवारी साधनको प्रयोग गर्दा पनि जिल्ला प्रशासन कार्यालय सोलुखुम्बु र नेपाल प्रहरीले उल्लेख गरेबमोजिम २ घण्टा १५ मिनेटमा सोलुखुम्बुको केरुङ पुग्न सम्भव देखिँदैन भने देशमा लकडाउन भई नीजि

तथा सार्वजनिक सवारी साधन सञ्चालन पूर्ण रुपमा बन्द भएको अवस्थामा यी पीडित १५१ किलोमिटर टाढा आफैं पुगेहोला भनी अनुमान पनि गर्न सकिएन।

२९. यस तथ्यले निज चक्रबहादुर खत्रीलाई सोलुखुम्बुबाट पक्राउ गरेको भनी वनावटी कसूर खडागरी तयार गरेको नक्कली प्रहरी प्रतिवेदनको आधारमा निजलाई सोलुखुम्बु जिल्लाको केरुङबाट सोही दिन साँझ १९:०० बजेको समयमा पक्राउ भएको तथ्य कुनैपनि आधारमा स्थापित हुनसक्ने देखिएन। यी पीडितले सोलुखुम्बु जिल्लाको केरुङ क्षेत्रमा महिलामाथि अभद्र व्यवहार गर्दै गरेको भन्ने नेपाल प्रहरीको भनाई वनावटी र कसूर काल्पनिक रहेको स्पष्ट हुन्छ। यस्तो अवस्थामा निज प्रमुख जिल्ला अधिकारीले नेपाल प्रहरीबाट तयार भएको नक्कली र वनावटी कागजातलाई आधारमानि त्यसमाथि कुनै प्रमाणिकरण नगरी सोही मितिमा जरूरी पक्राउ पूर्जी जारी गरी म्याद थपिदिएको कार्य मानव अधिकार सम्बन्धी प्रचलित कानून र मानव अधिकारको आधारभूत मुल्य र मान्यताका आधारमा अनुचित मात्र होइन निज विरुद्ध मुद्दा चलाउने कार्य नियोजित र प्रायोजित भएको देखियो। जसबाट यी पीडितको सम्मानपूर्वक बाँच्न पाउने, विचार अभिव्यक्त गर्न पाउने तथा स्वतन्त्रत र निष्पक्ष सुनुवाई हुन पाउने अधिकारको समेत उल्लंघन हुन गएको देखिँदा यस अभियोगमा सोलुखुम्बु जिल्लाका प्रमुख जिल्ला अधिकारी रमा आचार्यको संलग्नता नरहेको भन्नी निष्कर्षमा पुग्न सकिएन। यी पीडितको स्वेच्छाचारी पक्राउ र गैर कूननी थुनामा राख्ने कार्यमा प्रत्यक्ष संलग्नता स्पष्ट देखिन आयो।

३०. जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाईंको संलग्नताको सम्बन्धमा निजले पीडित खत्रीलाई गैरकानूनी रुपमा पक्राउ गरिएको भनी बनावटी मिति राखी पक्राउ पूर्जी बनाएका घटनामा मुलुकी फौजदारी कार्यविधि २०७४ को दफा ९(३), ९(६), ९(७) र ९(१४) बमोजिम आफूले म्याद थप गरेको भनी दावी लिनु भएपनि यस कार्यालयको अनुगमन, अनुसन्धान र सर्वोच्च अदालतबाट पटक-पटक भएका आदेशबाट निज विरुद्ध फौजदारी कार्यविधि २०७४ को दफा ९(३) बमोजिमको पक्राउ गर्नुपर्ने कारण मनासिव नदेखिएको, निज खत्री २०७६/१/२ गते देखि निरन्तर प्रहरीको थुनामा रहेको भनी सर्वोच्च अदालतबाट पटक-पटक आदेश भएको, दफा ९(६) बमोजिम भाग्ने उम्कने अवस्था, निजले प्रमाण, दशी वा सबुद नष्ट गर्नसक्ने अवस्था नभएको अवस्थामा थप गरिएको म्यादलाई कानूनी मान्न सक्ने देखिएन। मिति २०७६/१/२ गतेदेखि निरन्तर थुनामा रहेका व्यक्तिमाथि लागेको मुद्दा सम्बन्धमा ऐ. १४(६) बमोजिम आवश्यक देखिएमा मात्र म्याद थप्नुपर्नेमा आवश्यक नहुँदा नहुँदै पनि म्याद थप गरेको तथ्य र सर्वोच्च अदालतको मिति २०७७/२/२३ गतेको रिट नं. ०७६-WH-०३७१ मा भएको आदेशले निज प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद

गुरागाईको आदेशमा भएको थुना समेत गैर कानूनी भएको घोषणा गरी सकेको सन्दर्भमा प्रजिअ सरोजप्रसाद गुरागाईंको यस घटनामा संलग्नता नरहेको भन्न सकिने अवस्था देखिएन। सर्वोच्च अदालतबाट ०७६-WH-०३७१, मिति २०७७/२/२३ गते भएको आदेशमा निज चक्रबहादुर खत्रीको मिति २०७६/१/२ गते देखि अन्तिम पटक प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाईंले मिति २०७७/२/१६ गते म्याद थप गरेको थुना निरन्तर गैर कानूनी रहेको र निवेदकलाई थुनामा राख्ने कार्य बदनियतपूर्वक भएको भनी आदेश भई सकेको देखिँदा पनि यस घटनामा प्रमुख जिल्ला अधिकारीको संलग्नता पुष्टि हुन आयो।

३१. जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चर्तुवेदीको संलग्नता रहे नरहेको सम्बन्धमा विश्लेषण गर्दा प्रहरी प्रधान कार्यालय (मानव अधिकार उल्लंघन अनुगमन इकाइ) को च.नं. २१३ मिति २०७८/२/१४ गतेको पत्रमा यी पीडितलाई मिति २०७७/२/१६ गते १७:०० बजे सिरहा न.पा.वडा नं. ७ हेमनारायण चोकमा होहल्ला गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको भनी उल्लेख भएको देखिन्छ। तर पीडित सो भन्दा ठिक अघिल्लो दिन मिति २०७७/२/१५ गते राति ८:३० बजेसम्म जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको हिरासतमा रहेको तथ्य जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको मो.नं. ९८५२८२००२ बाट पीडितका दाई ...को मो.नं. ... मा चक्रबहादुर खत्री केही छिनमा छुट्दैछ भनी जानकारी गराएको तथ्यले स्पष्ट गर्दछ। देश कोभिड १९ को महामारीमा रहेको र सार्वजनिक तथा नीजि सवारी साधनहरू ठप्प भएको अवस्थामा सोलुखुम्बु जिल्ला सदरमुकाम सल्लेरीबाट रातको करीब ९:०० बजे रिहा गरिएको भनिएको व्यक्ति आफैं सिरहा न.पा. वडा नं. ७ सिरहा पुग्ने अवस्था देखिएन। त्यसमा पनि पीडितले आफ्नो बयानमा उल्लेख गरिदिएबमोजिम निजलाई जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट रातको ९ बजेतिर रिहा गरी १० बजे सोही कार्यालयको प्रहरी भ्यानमा राखी सोलुखुम्बु जिल्लाको पतालेसम्म पुऱ्याएको, पतालेबाट निजलाई रातको १२:३० बजे जिल्ला प्रहरी कार्यलय ओखलढुंगा पुऱ्याई अर्को दिन १६ गते त्यहाँबाट प्रहरी कै भ्यानमा राखी उदयपुरको हर्दिने पुऱ्याई प्रहरी कै सवारी साधनमा राखी हर्दिनेबाट-बेलसोत-मिर्चैया-चोहर्वा हुँदै साँझ ६:३० बजे सिरहा पुऱ्याएको भनी आयोग समक्ष गरिदिएको बयानको आधारमा प्रहरीका गाडी परिवर्तन गर्दै सिरहा पुऱ्याएको तथ्यलाई नकार्न सकिने अवस्था देखिँदैन। मिति २०७६/१/२ गते देखि निरन्तर प्रहरीको नियन्त्रणमा रहेको तथ्य सर्वोच्च अदालतबाट मिति २०७७/२/२३ गते भएको आदेशबाट स्थापित भईसकेको अवस्थामा प्रहरी कै घेरामा सिरहा पुऱ्याइएका निज पीडितले अभद्र व्यवहार गरेको भनी प्रहरीले लिएको दावी विश्वसनीय देखिन आएन। अन्य पुनः पक्राउमा भैं यस पक्राउमा जिल्ला प्रहरी कार्यालय सिरहाले वनावटी कसूर तयार गरी निजलाई गैर कानूनी

हिरासतमा राखेको देखिन्छ । जसको जिम्मेवारी स्वभावतः प्रहरी उपरीक्षकको होइन भनी कानूनी र व्यावहारिक रुपमा समेत निष्कर्षमा पुग्न सकिएन ।

३२. प्रहरी प्रधान कार्यालयको च.नं. १७७ मिति २०७८/१२/१० गतेको पत्रमा लकडाउनको अवधिमा चेकजाँचको क्रममा २ लाख १३ हजार १८३ वटा सवारी साधन चलेका हुँदा तीनै सवारी साधनमा पीडितले आवतजावत गर्नसक्ने तर्क लिएपनि यी पीडितलाई खोटाङ, उदपुर, खोटाङ सोलुखुम्बु हुँदै सिरहासम्म पुऱ्याउँदा ती जिल्लामा यस्ता सवारी साधन सञ्चालन भएको दावी सप्रमाण प्रहरीले पेश गर्न सकेको देखिँदैन । ती जिल्लाहरूबाट सवारी साधन नियन्त्रणमा लिएको भनी कुनै तथ्य पनि प्रस्तुत गर्न सकेको छैन । सो अवस्थाले यी पीडितलाई जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले पुनः पक्राउ गरी ओखलढुंगा, उदयपुर हुँदै सिरहा पुऱ्याएको तथ्य स्थापित भएको छ । सो सम्बन्धमा प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीको संलग्नता र कसूरको बारेमा नाम किटान गरी नेपालको संविधानको धारा २४९(३) को खण्ड (क) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२ (३) र दफा २१(१) बमोजिम सप्रमाण जवाफ उपलब्ध गराउन गरिएको पत्रको जवाफमा समेत संलग्नता नरहेको भनी स्पष्ट रुपमा खुलाउन नसकेको र यी पीडितलाई निज कार्यालय प्रमुख भएको प्रहरी कार्यालयको हिरासतमा राखिएको कार्य गैर कानूनी भएको आदेश सर्वोच्च अदालतबाट भएको तथ्यले यस घटनामा प्रहरी उपरीक्षक उमाप्रसाद चर्तुवेदीको संलग्नता नरहेको भन्न सकिएन ।

३३. जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठ र सोही कार्यालयका प्रहरी नायव निरीक्षक रामकुमार यादवको संलग्नता सम्बन्धमा विश्लेषण गर्दा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले पुनः पक्राउ गरी ओखलढुंगा र उदयपुर जिल्लाको कटारी हुँदै प्रहरी भ्यानमा राखी उदयपुर जिल्ला अदालत र सर्वोच्च अदालतबाट पटक-पटक भएका आदेश विपरीत जिल्ला प्रहरी कार्यालय सिरहा पुऱ्याईएका यी पीडितलाई रामकुमार यादवले जरूरी पक्राउ पूर्जी जारी गरी गराई प्रहरी निरीक्षक दिपेन्द्र श्रेष्ठले निजलाई गैर कानूनी हिरासतमा राख्न थुनुवा पूर्जी दिएको मिसिल संलग्न कागजातबाट स्पष्ट देखिन आएको छ । प्रहरी नायव निरीक्षकको पक्राउ पूर्जी र प्रहरी निरीक्षकको थुनुवापूर्जीलाई सर्वोच्च अदालतको रिट नं. ०७६-WH-३७१ मा मिति २०७७/२/२३ गते दिएको आदेशमा पनि निवेदककलाई थुनामा राख्नुपर्ने सम्मको तथा म्याद थप गर्नुपर्ने सम्मको औचित्यपूर्ण कारण र आधार पनि नभएको, प्रहरी हिरासतमा रहेका निज खत्रीलाई थुनामुक्त गर्नु भनी पटक-पटक आदेश जारी हुँदा पनि थुनामुक्त नगरेको र निरन्तर थुनामा रहेको अवस्थामा यी बन्दीले अभद्र व्यवहार गरेको भनिएको लिखित जवाफ तथ्य र कानून सम्मत नदेखिएको र निरन्तर रहेको थुना गैरकानूनी र प्रवृत्त रहेको देखिएको भन्दै बन्दीलाई राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा

सदस्यको रोहवरमा छाड्न र आयोगलाई निजको अवस्था अनुगमन गर्न भएको मिति २०७७/२/२३ गतेको आदेशबाट समेत प्रहरी निरीक्षक दिपेन्द श्रेष्ठ र प्रहरी नायव निरीक्षक रामकुमार यादव दुवैबाट भएको कार्य गैरकानूनी देखिँदा उनीहरूको संलग्नता पनि स्वतः देखिन आएको छ।

३४. जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी उपरीक्षक भीमबहादुर दाहाल र प्रहरी सहायक निरीक्षक ऋषि खनाल, प्रहरी नायव निरीक्षक श्याम राउत र प्रहरी हवल्दार भुवनसिंह कार्कीको संलग्नता सम्बन्धमा विश्लेषण गर्दा मिसिल संलग्न प्रमाण कागजातबाट जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख भीमबहादुर दाहाल सो कार्यालयमा मिति २०७७/३/८ गते देखि मात्र उपस्थित भई कार्यभार सम्हालेको तर सो कार्यालयको हिरासतमा निज पीडितलाई राखिएको तथा स्वेच्छाचारी रुपमा पक्राउ गरेको मिति २०७६/१२/२८ देखि मिति २०७७/१/१४ गते सम्म भएको देखिँदा यस घटनामा निजको संलग्नता रहेको देखिन आएन, निजले सफाई पाउने ठहर्छ।

३५. तर सहायक प्रहरी निरीक्षक ऋषि खनाल, प्रहरी नायव निरीक्षक श्याम राउत र प्रहरी हवल्दार भुवनसिंह कार्कीको हकमा समेत यस आयोगबाट च.नं. INV ५१/१८८ मिति २०७७/१२/२६ गते नेपालको संविधानको धारा २४९(३), राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२(३) र दफा २१(१) बमोजिम प्रमाण सहित जवाफ पठाउन पत्राचार गरिएकोमा प्रहरी प्रधान कार्यालयले च.नं. २१३ मिति २०७८/२/१६ गते निजहरूको संलग्नता नरहेको भनी उल्लेख गरेको भएपनि कुनै प्रमाण उपलब्ध गराउन सकेको देखिएन। उदयपुर जिल्ला अदालतले निज खत्रीलाई मिति २०७६/१२/२८ गते खोटाङ प्रहरीले पक्राउ गरी उदयपुरमा बुझाएको भनी फैसलामा स्पष्ट उल्लेख गरिसकेको देखिन्छ। निजको पक्राउ स्वेच्छाचारी र थुना गैर कानूनी भएको भनी उदयपुर जिल्ला अदालतले मिति २०७७/१/१४ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न आदेश दिएको तथ्यबाट खोटाङबाट स्वेच्छारी रुपमा पक्राउ गरी उदयपुर पुऱ्याइएका यी पीडितलाई प्रहरी सहायक निरीक्षक ऋषि खनालको नेतृत्वमा पक्राउ गरी उदयपुर र खोटाङको सीमाना सम्म ल्याउने र लैजाने कार्यमा संलग्नता रहेको भनी पीडितले गरिदिएको बयान व्यहोरा, हुँदै नभएको घटनामा प्रहरी नायव निरीक्षक श्याम राउतले जरूरी पक्राउ पूर्जी जारी गरेको अवस्था तथा प्रहरी हवल्दार भुवनसिंह कार्कीले नक्कली जाहेरी खडा गरी गैर कानूनी थुनामा राखेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएको तथा यी आरोपीहरूबाट भएका कार्यहरू सर्वोच्च अदालत र उदयपुर जिल्ला अदालतबाट बदर समेत भईसकेको अवस्थामा यस घटनामा प्रहरी निरीक्षक ऋषि खनाल, प्रहरी नायव निरीक्षक श्याम राउत र प्रहरी हवल्दार भुवनसिंह कार्कीको पनि संलग्नता रहेको देखियो।

३६. जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी

नायव उपरीक्षक नारायणप्रसाद चिमोरिया, प्रहरी निरीक्षक गोविन्द प्रसाद साह र प्रहरी नायव निरीक्षक राजन नेपालको संलग्नता सम्बन्धमा विश्लेषण गर्दा मिसिल संलग्न प्रमाण कागजातबाट यी पीडितलाई पहिलो पटक मिति २०७६/१/२ गते खोटाङबाट पक्राउ गरी थुनामा राख्दा प्रहरी नायव उपरीक्षक नारायणप्रसाद चिमोरिया जिल्ला प्रहरी कार्यालय, खोटाङको प्रमुखको रुपमा हाजिर भएको देखिएन । मिसिल संलग्न प्रमाण कागजातबाट उनले मिति २०७७/१/२२ गते देखि जिल्ला प्रहरी कार्यालय खोटाङको प्रमुखको जिम्मेवारी सम्हालेको देखिँदा सो मितिभन्दा अघि यी पीडित विरुद्ध भएका स्वेच्छाचारी पक्राउ तथा गैर कानूनी थुनामा राख्ने कार्यमा उनको संलग्नता रहेको देखिन आएन । तर सो मितिभन्दा पछि सर्वोच्च अदालतको मिति २०७७/१/२८ गतेको आदेश बमोजिम यी पीडितलाई रिहा गर्नुपर्नेमा पीडितलाई रिहा नगरी वनावटी कसूर सिर्जना गरी, गर्न लगाई झुट्ठा आरोपमा कारागार कार्यालय खोटाङ पठाउने कार्यमा संलग्नता भएको होइन भनी मिसिल संलग्न प्रमाण कागजातबाट निष्कर्षमा पुग्न सकिएन । निज समेतको संलग्नतामा गैर कानूनी रुपमा मिति २०७७/१/२८ गते कारागार पठाइएको कार्य विरुद्ध सर्वोच्च अदालतमा पुनः परेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०७७/२/२ गते यी पीडितलाई रिहा गरिएको भनी पुनः कारागार कार्यालय खोटाङबाट नै पक्राउ गरी सोलुखुम्बु पठाउने कार्य पनि जिल्लाको प्रहरी प्रमुखको आदेश बिना सम्भव भयो होला भनी अनुमान गर्न सकिने विषय पनि रहेन । साथै यिनै प्रहरी नायव उपरीक्षकले हस्ताक्षर गरेको च.नं.२८४५ मिति २०७७/२/३ गतेको पत्रको क्र.सं. ७ मा "सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीलाई माथि उल्लिखित समय भन्दा अन्य मिति समयमा यस कार्यालयबाट गैर कानूनी तवरबाट पक्राउ नगरिएको" भनी उल्लेख भएको समेत अवस्थाले निज पीडितलाई पुनः पक्राउ गरी सोलुखुम्बु पुऱ्याउने कार्य जिल्ला प्रहरी कार्यालयका प्रमुखको आदेश विपरित सम्भव हुने अनुमान गर्न सकिने अवस्था नरहँदा पनि प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरियाको संलग्नता रहेको होइन भनी निष्कर्षमा पुग्न सकिएन । यस सम्बन्धमा नेपालको संविधानको धारा २४९(३), राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२(३) र दफा २१ (१) बमोजिम भएका पत्राचारको जवाफमा निजको संलग्नता नरहेको भनी ठोस प्रमाण पेश हुन नसकेको अवस्थाले पनि सो कुरालाई समर्थन गरेको देखियो ।

३७. प्रहरी निरीक्षक गोविन्दप्रसाद साहको संलग्नताको सम्बन्धमा पीडितले आयोग समक्ष गरिदिएको बयान कागजमा आफुलाई पक्राउ गरी उदयपुर र सोलुखुम्बु पुऱ्याउने कार्यमा प्रहरी निरीक्षक गोविन्दप्रसाद साहको नेतृत्वमा भएको भनी किटान गरिदिएको अवस्था, पीडितको बयान समेतको आधारमा पहिलो पटक ... मिति २०७७/१२/२६ गते नेपालको संविधानको धारा २४९(३),

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १२(३) र दफा २१(१) बमोजिम सो सम्बन्धमा प्रमाण सहितका विवरण पेश गर्न भएको पत्राचार, दोश्रो पटक ... मिति २०७८/३/२२ गते निजलाई लागेको आरोप किटान गरी सप्रमाण विवरण उपलब्ध गराउन भएको पत्राचार र अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान निष्कर्ष सहित निज पीडितलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा प्रहरी निरीक्षक समेतको संलग्नता रहेको देखिएको भनी नाम किटान गरी राय प्रतिक्रिया माग गरिएका तीन वटै पत्रको जवाफमा निजको संलग्नता नरहेको भनी तथ्यगत एवम् प्रमाणगत रुपमा कुनै प्रमाण पेश गर्न सकेको देखिन आएन । जुन तथ्यले प्रहरी निरीक्षक गोविन्द प्रसाद साहको नेतृत्वमा निजलाई पक्राउ गरी गैर कानूनी थुनामा राखेको भनी पीडितले दिएको किटानी बयानलाई समर्थन गरेको देखिँदा यी घटना र कार्यमा निज प्रहरी निरीक्षक गोविन्द प्रसाद साहको संलग्नता नरहेको भन्न सकिएन, संलग्नता रहेको नै देखियो ।

३८. प्रहरी नायव निरीक्षक राजन नेपालको संलग्नताको सम्बन्धमा विश्लेषण गर्दा जिल्ला प्रशासन कार्यालय खोटाङबाट मिति २०७६/१२/२८ गते स्वेच्छारी पक्राउ गरी उदयपुर पुऱ्याइएका निज पीडितलाई उदयपुर जिल्ला अदालतले रिट नं. ३१-०७६-०००३ मा मिति २०७७/१/१४ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरेपछि पनि जिल्ला प्रहरी कार्यालय उदयपुरले साँझ ५:३० बजेतिर स्वेच्छाचारी रुपमा पक्राउ गरी खोटाङ पठाएकोमा निजले सो तथ्यलाई ढाँटी मिति २०७६/१/२ गते देखि निरन्तर प्रहरीको नियन्त्रणमा रहेको व्यक्तिले उदयपुर जिल्ला सदरमुकाम गाइघाटबाट करिब ६० किलोमिटर टाढा रहेको खोटाङ जिल्लाको खोटेहाङ्ग गाउँपालिका वडा नं. ९ रसुवामा साँझ १९:३० बजे गस्तिमा रहेका प्रहरी माथि अभद्रव्यवहार गरेको भनी हुँदै नभएको घटनाको कसूर खडा गरी वनावटी प्रतिवेदन तयार गरी जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरीक्षक समेत भई खोटाङ जिल्लाको रसुवा देखि जिल्ला प्रहरी कार्यालय खोटाङको हिरासतमा पुऱ्याई गैर कानूनी थुनामा राख्ने कार्यमा संलग्न भएको देखिन्छ । जसलाई 'मिति २०७८/३/२२ गतेको पत्रको क्र.सं. ६ मा निजलाई लागेको आरोप किटान गरी सप्रमाण विवरण उपलब्ध गराउन भएको पत्राचार र अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान निष्कर्ष सहित ... मिति २०७८/१०/२७ गते पीडितलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा निज प्रहरी नायव निरीक्षक समेतको संलग्नता रहेको देखिएको भनी नाम किटान गरी राय प्रतिक्रिया माग गरिएकोमा त्यस सम्बन्धमा कुनै ठोस प्रमाण पेश गर्न नसकेको तथ्यले निजको संलग्नता रहेको स्थापित हुन आयो ।

३९. जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहालको संलग्नता सम्बन्धमा विश्लेषण गर्दा मिति

२०७६/१/२ गते देखि निरन्तर नेपाल प्रहरीको नियन्त्रणमा रहेका पीडित चक्रबहादुर खत्रीलाई सर्वोच्च अदालतको आदेश छल्ने नियतले जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीले बदनियत साथ मिति २०७७/१/२८ गते कारागार कर्यालय खोटाङ पठाएकोमा सो थुना विरुद्ध सर्वोच्च अदालतले पुनः मिति २०७७/२/२ गते बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गरिसकेपछि कारागार कार्यालय खोटाङले सोही दिन अपरान्ह ४:४५ बजे रिहा गरेकोमा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहालले कारागार कार्यालय खोटाङबाट करिब १५१ किलोमिटर टाढाको दूरीमा रहेको सोलुदुधकुण्ड नपा वडा नं. ८ को केरुङबाट सोही साँझ १९:०० बजेको समयमा अभद्र व्यवहार गरेको भनी हुँदै नभएको घटना खडा गरी बनावटी घटना सिर्जना गरी जरूरी पक्राउ पूर्जी जारी गर्ने, सो पूर्जीको आधारमा थुनुवा पूर्जी दिने जस्ता कार्य गरी वनावटी घटना र कागजातलाई आधार मानी स्वेचछाचारी रुपमा पक्राउ गरिएको व्यक्तिको पक्राउ र थुनालाई वैधानिकता दिन म्याद थप गराउने र गैर कानूनी रुपमा भएको म्याद थपलाई आधारमानि मिति २०७७/२/१५ गतेसम्म गैर कानूनी थुनामा राखेको देखियो । साथै गैर कानूनी थुनामा राखिएका यी पीडितलाई सर्वोच्च अदालतबाट सोही मितिमा भएको बन्दीप्रत्यक्षीकरणको आदेश प्राप्त भएपछि रिहा गरिएको व्यहोरा कागजातमा मिलाई पुनः सोही दिन स्वेच्छाचारी रुपमा पक्राउ गरी सिरहा पठाउने व्यवस्था मिलाउने सम्मको कार्य भएको मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदा यस घटनामा प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहालका संलग्नता स्पष्ट देखिन आयो । जुन तथ्यलाई ... मिति २०७७/१२/२६, ... मिति २०७८/३/२२ गतेका पत्रहरूमा आरोप किटान गरी सप्रमाण विवरण उपलब्ध गराउन भएको पत्राचार र अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान निष्कर्ष सहित ... मिति २०७८/१०/२७ गते पीडितलाई स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा निज प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक समेतको संलग्नता रहेको देखिएको भनी नाम किटान गरी राय प्रतिक्रिया माग गरिएकोमा त्यस सम्बन्धमा कुनै प्रमाण पेश गर्न नसकेको तथ्यले पनि निजहरूको संलग्नता रहेको स्थापित हुन आएको देखियो ।

४०. यसरी माथि प्रकरणहरूमा उल्लिखित तथ्यगत एवम् कानूनी विश्लेषणबाट हलेसी तुवाचुङ नगरपालिका वडा नं. २, डिकुवा खोटाङ निवासी निज सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीलाई स्वेच्छाचारी पक्राउ र गैर कानूनी थुनामा राख्ने कार्यमा जिल्ला प्रशासन कार्यालय खोटाङका प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौंडेल, जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव

उपरीक्षक नारायण प्रसाद चिमोरिया, सोही कार्यालयका प्रहरी निरीक्षक गोविन्द प्रसाद साह र जिल्ला प्रहरी कार्यालय खोटाङ मातहत भण्डारेघाट प्रहरी चौकी, खोटाङका प्रहरी नायव निरीक्षक राजन प्रसाद नेपालको संलग्नता रहेको देखियो । जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी सहायक निरीक्षक ऋषि खनाल र सोही कार्यालयका प्रहरी नायव निरीक्षक श्याम राउत र प्रहरी हवल्दार भुवन सिंह कार्कीको समेत संलग्नता देखियो। जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाई, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदी, सोही कार्यालयका प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठ र प्रहरी नायव निरीक्षक रामकुमार यादवको पनि संलग्नता रहेको देखियो । जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी रमा आचार्य र जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, सोही कार्यालयका प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहालको संलग्नता रहेको पाईयो ।

४१. कुनैपनि व्यक्ति विरुद्ध अनुसन्धान कार्य अगाडी बढाई त्यसको निरोपण हुँदासम्म पुर्पक्ष पूर्व, पुर्पक्षको अवधि र पुर्पक्ष पछिको अवधिको कानून कार्यान्वयन गर्ने अधिकारीले अक्षरशः पालना गर्नु पर्नेमा यस घटनामा त्यसलाई पूर्ण वेवास्ता गरी पीडितलाई स्वेच्छारी पक्राउ गरी गैर कानूनी थुनामा राखेको पुष्टि भएको छ। उल्लिखित अवस्थामा स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राख्ने कार्यमा संलग्न देखिएका प्रमुख जिल्ला अधिकारीहरू र अन्य प्रहरी कर्मचारीहरू माथि मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ अन्तर्गत कारवाही अघि बढेको भए मुलुकी अपराध संहिता, २०७४ को दफा २००(२) आकर्षित हुन सक्ने देखिएपनि नेपालको संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ङ)को व्यवस्था बमोजिम यस आयोगबाट माथि नाम उल्ल्लेख भएका सबै दोषीहरूलाई विभागीय कारवाहीको लागि लेखी पठाउनु पर्ने देखिन आयो ।

४२. नियमित कार्यसूची अन्तर्गत पेश हुन आएको हलेसी तुवाचुङ नगरपालिका वडा नं. २ खोटाङ निवासी निज सुदिप शर्मा भन्ने चक्रबहादुर खत्रीलाई मिति २०७६/१/२ गते र त्यसपछि पनि पटक-पटक पक्राउ गरी गैर कानूनी थुनामा राखी मानव अधिकारको हनन् गरेकोले जीवन रक्षा गरीपाऊँ भनी दर्ताहुन आएको उजूरी उपर छानबनि तथा अनुसन्धान सम्पन्न भई आजको बैठक समक्ष पेश भई छलफल हुँदा यी व्यक्तिलाई नेपाल प्रहरीले पहिलो पटक मिति २०७६/१/२, दोश्रो पटक मिति २०७६/१२/२८, तेश्रो पटक मिति २०७७/१/१४, चौथो पटक मिति २०७७/१/२८, पाँचौ पटक २०७७/२/२ र छैठौं पटक मिति २०७७/२/१५ गते पक्राउ तथा पुनः पक्राउ गरी क्रमशः जिल्ला प्रहरी कार्यालयहरू खोटाङ, उदयपुर, पुनः खोटाङ,

सोलुखुम्बु र सिरहाका हिरासतमा गैर कानूनी थुनामा राखिएको, ती थुना विरुद्ध उदयपुर जिल्ला अदालत र सर्वोच्च अदालतबाट पटक-पटक बन्दीप्रत्यक्षीकरणको आदेश हुँदा निज सुदिप शर्मा भनिने चक्रबहादुर खत्रीलाई राखिएका थुना र निजको पक्राउ पूर्वाग्रह, दुरासय र गैर कानूनी भई निजको वैयक्तिक स्वतन्त्रता हरण गरेका, निजलाई प्रवृत्त धारणा बनाई कानून विपरित थुनामा राखिएको भनी उदयपुर जिल्ला अदालत र निज खत्रीलाई राखेको थुना कानून सम्मत नदेखिएको, फरक विचार र आस्था राखेकै कारणबाट बिना आधार र कारण निजलाई पटक-पटक पक्राउ गरी गैर कानूनी थुनामा राखिएको, सर्वोच्च अदालतबाट पटक-पटक यी बन्दीलाई थुनाबाट मुक्त गर्न आदेश जारी हुँदापनि निरन्तर थुनामा राखिएको देखिँदा निवेदक बन्दीलाई जिल्ला प्रहरी कार्यालय सिरहा वा निज जहाँ थुनामा रहेको भएपनि राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर समक्ष मिति २०७७/२/२५ गते उपस्थित गराई मानव अधिकार आयोगका माननीय अध्यक्ष वा माननीय सदस्यको रोहवरमा थुना मुक्त गर्नुभनी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्दै निवेदकलाई "थुनामुक्त गरे पश्चात निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपयोग गर्न पाउने सन्दर्भमा मानव अधिकार आयोगलाई नै अनुगमन गर्नु" भनी यस आयोगको हकमा समेत रिट नं. ०७६-WH-०३७१ मा मिति २०७७/२/२३ गते आदेश भएको रहेछ। साथै यस आयोगबाट निजको स्वेच्छाचारी गिरफ्तारी बन्द गर्न मिति २०७७/२/१७ गते र मिति २०७७/२/२५ गते प्रेस विज्ञप्ति समेत जारी भएका रहेछन्।

४३. यसरी प्रस्तुत उजूरी मिसिल संलग्न आयोगको अनुसन्धान प्रतिवेदन, सर्वोच्च अदालत र उदयपुर जिल्ला अदालतका आदेशहरू, मिसिल संलग्न तत्कालीन प्रमुख जिल्ला अधिकारीहरूको लिखित भनाई, पीडितको बयान कागज, नेपाल प्रहरीको प्रहरी प्रधान कार्यालयको लिखित जानकारी, नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त लिखित जानकारी पत्रहरू तथा प्रतिक्रिया समेतको अध्ययन विश्लेषणबाट निज सुदिप शर्मा भनिने चक्रबहादुर खत्रीलाई खोटाङ, उदयपुर, सोलुखुम्बु र सिरहाका जिल्ला प्रहरी कार्यालयहरू र ती जिल्लाहरूका जिल्ला प्रशासन कार्यालयहरू समेतको प्रत्यक्ष संलग्नतामा स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी थुनामा राखी निज चक्रबहादुर खत्रीको मानव अधिकार उल्लंघन गरेको देखियो।

४४. अतः स्वेच्छाचारी रुपमा पक्राउ गरी गैर कानूनी रुपमा थुनामा राखी माथि उल्लेख भएबमोजिमको मानव अधिकारको उल्लंघन गर्ने कार्यमा संलग्न जिल्ला प्रशासन कार्यालय खोटाङका प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौंडेल, जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरिया, सोही कार्यालयका प्रहरी निरीक्षक गोविन्द प्रसाद साह र जिल्ला प्रहरी कार्यालय

खोटाङ मातहत भण्डारेघाट प्रहरी चौकी, खोटाङका प्रहरी नायव निरीक्षक राजन प्रसाद नेपालको संलग्नता रहेको देखियो । जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी, जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी सहायक निरीक्षक ऋषि खनाल र सोही कार्यालयका प्रहरी नायव निरीक्षक श्याम राउत र प्रहरी हवल्दार भुवन सिंह कार्कीको समेत संलग्नता देखियो । जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाई, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदी, सोही कार्यालयका प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठ र प्रहरी नायव निरीक्षक रामकुमार यादवको संलग्नता रहेको देखियो । जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी रमा आचार्य र जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायव उपरीक्षक टेकुनन्द ईवा लिम्बु, सोही कार्यालयका प्रहरी निरीक्षक महेन्द्र दर्नाल र प्रहरी सहायक निरीक्षक नवराज दाहाल उपर समेत विभागीय कारवाही गर्न र पीडित चक्रबहादुर खत्रीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम एकमुष्ट रू. १००,०००/ (एकलाख रूपैयाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने ठहर्छ । नेपालको संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (ग) र राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गरी निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई लेखी पठाउनु । साथै आवश्यक प्रकृया पूरा गरी उजूरी फाइल अभिलेखालयमा बुझाइ दिनू ।

.......................
तप बहादुर मगर
अध्यक्ष

............................. .............
लिली हजूर बस्न्यात (थापा) मनोज दुवाडी
सदस्य सदस्य

श्यामबाबु काफ्ले
उपसचिव

इति सम्वत २०८० साल वैशाख २१ गते रोज ५ शुभम् ...............................

# राष्ट्रिय मानव अधिकार आयोग

माननीय अध्यक्ष श्री तप बहादुर मगर
माननीय सदस्य श्री मिहिर ठाकुर
माननीय सदस्य श्री मनोज दुवाडी
माननीय सदस्य श्री लिलीहजुर बस्न्यात (थापा)

**निर्णय**

**सम्वत् २०६३ सालको क्षेत्रीय कार्यालय, जनकपुरको उजुरी नं. १३६ ।**

## विषयः पक्राउ पश्चात वेपत्ता ।

**आरोप लागेपछि छानबिन गर्नुपर्ने र सत्य तथ्य व्यहोराहरू सम्बन्धित निकायहरूलाई उपलव्ध गराउनुपर्ने दायित्व राज्यका सम्बन्धित निकायको हुन्छ । राज्यका निकायले यस्तो दायित्व निर्वाह नगर्दा मानव अधिकार संरक्षण हुन सक्दैन ।**

\- प्रकरण नं. १२

**व्यक्तिका मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षक राज्य नै हुने हुँदा संरक्षक निकायबाटै मानव अधिकार हनन् हुनु दुःखद् मात्र नभई मानव अधिकारको दृष्टिकोणबाट गम्भीर विषय हो । व्यक्तिलाई गैरकानूनी रुपमा पक्राउ गरी स्थिति सार्वजनिक नगर्नु गम्भीर अपराध हो ।**

\- प्रकरण नं. १६

१. धनुषा जिल्ला, मडान गाविस स्थायी घर भई सिरहा जिल्ला विष्णुपुर (प्र.म.) गाविस वडा नं. ४ स्थित आफन्तको घरमा आएको अवस्थामा मरो .... नाता पर्ने बर्ष ५५ का गगवा महरालाई मिति २०६१ साल श्रावण महिनाको अन्तिम हप्ताको शनिवारको दिन राति ११ बजे सैनिक पोशाकमा हतियार सहित आएका सैनिकहरूले पक्राउ गरी लगेकोमा निजको अवस्था हालसम्म अज्ञात रहेकोले निजको स्थिति सार्वजनिक गर्न पहल गरिपाउँ भन्ने समेतको व्यहोरा उल्लेख गरी ... निज गगवा महराको ... ले आयोगको तत्कालीन क्षेत्रीय कार्यालय विराटनगर ... मा दिएको उजुरी मिसिल संलग्न रहेछ ।

२. आयोगको क्षेत्रीय कार्यालय, विराटनगरबाट ... जिल्ला प्रशासन कार्यालय, सिरहा, जिल्ला प्रहरी कार्यालय, सिरहा र रणसिंह दल गण चौहर्वामा प्रेषित पत्र मिसिल संलग्न रहेको । पत्रमा निज गगवा महरा समेतको नाम उल्लेख गरी आयोगको स्थलगत अनुगमनबाट समेत निज समेतको स्थिति अज्ञात रहेको देखिएकोहुँदा ... विवरण आयोगलाई यथाशीघ्र उपलव्ध गराई आयोगले चालेको वेपत्ता र अपहरणको स्थिति सार्वजनिक गर्ने विशेष पहलमा सहयोग गर्नु भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ ।

३. ... ।

४. आयोगको क्षेत्रीय कार्यालय, विराटनगरबाट अनुसन्धानको लागि खटिएको टोली समक्ष

... ले ... दिएको बयान मिसिल संलग्न रहेको । निजको बयानमा ... गगवा महरा २०६१ साल श्रावण २९ गते ... को घरमा आउनु भएको थियो । खाना खाई सुतिसक्नु भएको थियो । सुति सकेको अवस्थामा आएका सुरक्षाकर्मीहरूले ... र ... को घरलाई अगाडी पछाडिबाट घेरी समाती नियन्त्रणमा लिई गएको हो । सोही मितिदेखि अहिलेसम्म खोजिरहेका छौं तर पाउन सकेका छैनौं । घरमा सुतिरहेको मानिसलाई पक्राउ गरी कानून बमोजिम कारवाही गर्नुपर्नेमा सो नगरी हालसम्म वेपत्ता बनाएको छ । ... को घरमा दुई छोरा र निजको श्रीमति छन् । कुनै किसिमको राहत रकम हालसम्म पीडितको हकदारले पाएको छैन भन्ने समेत उल्लेख भएको रहेछ ।

५. ... अनुसन्धानको लागि खटिएको टोलीले ...जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरी र बोधार्थ तथा कार्यार्थ प्रहरी प्रधान कार्यालय सहित जिल्ला प्रशासन कार्यालय, सिरहा र स्थानीय शान्ति समितिको कार्यालय, सिरहालाई पनि प्रेषित गरेको पत्र पनि मिसिल संलग्न रहेको । उक्त पत्रमा ती कार्यालयबाट भएका कार्वाहीहरूको प्रगति विवरण र निजहरूको हालको अवस्था खुलाई पठाउनु ... भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ । पत्राचार भएका कार्यालय मध्ये जिल्ला प्रशासन कार्यालय, सिरहाले ... जवाफ प्रेषित गरी ... पत्रसाथ संलग्न मृत्यु भएका व्यक्तिहरूको परिवारहरूले राहत प्राप्त गरेको विवरणमा निज गगवा महराको हकमा निज जिल्लाको स्थायी बासी नरहेकोले धुनषा जिल्लाबाट नै राहत पाएको हुनुपर्ने भनी व्यहोरा उल्लेख गरेको रहेछ ।

६. ... ।

७. प्रस्तुत उजूरी फाइल मिति २०७८।५।१७ मा आवश्यक निर्णयार्थ आयोग समक्ष पेश हुँदा ... निजको परिवारले राहत क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सिरहा र गृह मन्त्रालयमा पत्राचार गर्ने र २०६१ साउन महिनामा सिरहा स्थित चौहर्वा व्यारेकका प्रमुख र अधिकृतहरूको नाम सहितको विवरण उपलव्ध गराउन पत्राचार गरी जवाफ आएपछि पुनः पेश गर्ने भन्ने आदेश भएको । उक्त आदेशको प्रमाणित कपि मिसिल संलग्न रहेछ । साथै आदेश बमोजिम ... मिति २०७८।८।२२, गते गृह मन्त्रालय, नेपाली सेना, सैनिक मुख्यालय, रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई प्रेषित पत्रहरू पनि मिसिल संलग्न रहेछन् । ती पत्रमध्ये ... गृह मन्त्रालयबाट मिति २०७८।९।८ गते ... जिल्ला प्रशासन कार्यालय, सिरहामा राहत क्षतिपूर्ति प्राप्त गरे नगरेको सम्बन्धी विवरण आयोगमा उपलव्ध गराइदिनु भन्ने समेतको व्यहोरा उल्लेख गरी पत्र प्रेषित भई उक्त पत्रको बोधार्थ प्रति मिसिल संलग्न रहेको देखियो । ... ताकेता पत्र पछि ... रक्षा मन्त्रालय मार्फत मिति २०७८।११।१६ गते ... नेपाली सेनाको जवाफ साथ संलग्न राखी प्राप्त भएको पत्र पनि मिसिल संलग्न रहेछ ।

सो पत्रमा अन्य कुराहरूको अतिरिक्त निज ... को हकमा ... पत्राचार गरी बुझ्ने कार्य भैईरहेको भन्ने समेतको व्यहोरा उल्लेख रहेछ ।

८. प्रस्तुत घटनामा निज गगवा महरालाई सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता बनाएको भन्ने उजूरकर्ताको दावी रहेको देखिन्छ । निजको स्थायी ठेगाना धनुषा जिल्ला स्थित मडान गाविसमा रहेकोले सोही जिल्लाबाट राहत लिएको हुनुपर्ने भनी जिल्ला प्रशासन कार्यालय सिरहाको पत्रमा उल्लेख भएको छ । हालसम्म निजको परिवारले राहत प्राप्त गरे नगरेको सम्बन्धमा खुल्न सकेको देखिँदैन । यस्तो अवस्था निजको अवस्था के हो र निजको के कस्ता मानव अधिकार हनन् भएको भन्ने मुख्य सवालमा विवेचना गर्नुपर्ने देखिन आयो ।

९. "... गगवा महरा २०६१ साल श्रावण २९ गते ... घरमा आउनु भएको थियो । खाना खाई सुतिसक्नु भएको थियो । उक्त अवस्थामा आएका सुरक्षाकर्मीहरूले ... र ... को घरलाई अगाडी पछाडिबाट घेरी समाती नियन्त्रणमा लिई गएको हो । सोही मितिदेखि अहिलेसम्म खोजिरहेका छौं तर पाउन सकेका छैनौं । घरमा सुतिरहेको मानिसलाई पक्राउ गर्दा कानून बमोजिम गरी कारवाही गर्नुपर्नेमा सो नगरी हालसम्म वेपत्ता बनाएको छ । ... को घरमा दुई छोरा र निजको श्रीमति छन् । कुनै किसिमको राहत रकम हालसम्म वहाँको हकदारले पाएको छैन" भन्ने समेत व्यहोरा ... को बयानमा उल्लेख भएको देखिन्छ ।

१०. ... ।

११. उल्लेखित बयानहरूको आधारमा उल्लेखित मितिमा एकै स्थानबाट सैनिकहरूले गगवा महरा ... लाई घरबाटै पक्राउ गरी लगेको भन्ने तथ्यमा शंका गर्नुपर्ने परिस्थिति देखिदैन ।

१२. नेपाली सेना र रक्षा मन्त्रालयमा आयोगबाट तत्कालीन अवस्थामा चौहर्वा व्यारेकमा कार्यरत प्रमुख र अधिकृतहरूको विवरण उपलब्ध गराइदिनु भनी गरिएको पत्रको जवाफ प्राप्त भएपनि माग भएको विवरण उपलब्ध गराएको देखिँदैन । विवरण पेश गर्न निश्चित समय उपलब्ध गराउँदापनि विवरण उपलब्ध नगराउनुले नेपाली सेनाद्वारा असहयोग भएको देखिन्छ । यस्तो असहयोगले वेपत्ता भएका भनिएका व्यक्तिको स्थिति पत्ता लगाउन कठिन हुनु स्वभाविक हो । आरोप लागेपछि आन्तरिक रुपमा छानबिन गर्नुपर्ने र सत्यतथ्य व्यहोराहरू सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने दायित्व राज्यका सम्बन्धित निकायहरूको हुन्छ र राज्यका निकायले यस्तो दायित्व निर्वाह नगर्दा मानव अधिकार संरक्षण हुन सक्दैन । के कारणले पक्राउ गरिएको हो, पक्राउ पश्चात कहाँ पेश गरियो र निजको अवस्था के कस्तो रहेको छ भनी सम्बन्धित परिवार र निकायलाई सही सूचना दिनुपर्ने दायित्व राज्य अन्तर्गतका सम्बन्धित निकायको रहनेमा दुइमत हुन सक्तैन । मृत्यु नै भएको अवस्थामा पनि कहाँ, कहिले, कसरी

मृत्यु भएको हो र लास के कसो गरियो भन्ने प्रश्नहरूको उत्तरदिने दायित्व सम्बन्धित पक्षको नै हुन्छ । प्रहरीलाई खबर गरी अभिलेख राख्ने, लाश बुझाउने, कानूनले तोकिदिएको प्रकृया बमोजिम अनुसन्धान गर्नुपर्ने र मृतकका परिवारलाई सतगतको लागि लाश हस्तान्तरण गर्नुपर्ने जस्ता प्रकृयाहरू पुरा गर्नुपर्ने हुन्छ । यस्तो कुनै पनि प्रकृयाहरू पुरा गरेको अनुसन्धानबाट नखुलेकोहुँदा निजको मृत्युको यकीन हुने तथ्य र प्रमाणहरूको अभावको कारण निजको स्थिति वेपत्ता नै रहेको देखिन्छ।

१३. बलपूर्वक वेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले व्यक्तिलाई कानूनको संरक्षणबाट बाहिर पार्ने गरी निजको स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाको साथै निजका बारेमा कुनै जानकारी नदिने हिसावले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मति साथ काम गर्ने व्यक्ति वा समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट बन्चित गर्ने अन्य स्वरुपलाई बेपत्ता भएको अवस्था मानेको छ।

१४. आयोगमा दर्ता भएका सशस्त्र द्वन्द्वकालीन उजूरीहरूको अनुसन्धान गर्न आयोगबाट अभियानकै रुपमा टोली परिचालन गरिएकोमा ती टोलीहरूले पेश गरेका प्रतिवेदनहरूबाट सशस्त्र अवधिमा विशेष गरी संयुक्त सुरक्षाफौजको परिचालन भएपछि सैनिक नेतृत्वमा रहने सुरक्षाकर्मीहरूद्वारा हातहतियार सहित जाने, बिनासूचना व्यक्तिहरूलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थान समेत गोप्य राखी व्यक्तिहरूको हत्या गर्ने सम्मका कार्यहरू भएको पाईन्छ । पक्राउ गरी वेपत्ता पारिएका व्यक्तिहरूलाई उनीहरूका आफन्त वा कानून व्यवसायीलाई भेट गर्न नदिने, कहाँ राखिएको छ भन्ने विषयमा जानकारी नदिई पक्राउ नै नगरिएको भनी झुठ्ठा विवरण दिने जस्ता गैरकानूनी कार्यहरू भएको पाईन्छ । सशस्त्र द्वन्द्वको क्रममा खासगरी सुरक्षाकर्मीद्वारा द्वन्द्वरत पक्ष तत्कालीन ने.क.पा. (माओवादी) का नेता वा कार्यकर्ता वा सहयोगी भएको आरोपमा व्यक्तिहरूलाई पक्राउगरी वेपत्ता पारेको देखिन्छ।

१५. सेना परिचालन भए पश्चातका घटनाहरूको प्रवृत्ति विश्लेषण (Trend Analysis) गर्दा यस घटनामा समेत समान प्रकृतिका परिवेशहरू देखिन्छन् । उक्त तथ्यहरू प्रत्यक्षदर्शीका रुपमा रहेका परिवारका आफन्तजनहरूको बयानबाट देखिन्छ । निजसँगै पक्राउ परेका अर्का व्यक्ति बौएलाल महरा ने.क.पा. (माओवादी) सँग आवद्ध रहेको भन्ने ... को बयानमा उल्लेख हुनु, गगवा महरा र बौएलाल महरा दुवै जनालाई एकै मितिमा पक्राउ गरेको बुझिँदा उल्लेखित परिवेशमा योजनावद्ध ढंगबाट व्यक्तिहरूलाई पक्राउ गरी वेपत्ता बनाउने कार्य भएको स्पष्ट हुन्छ।

१६. प्रचलित संवैधानिक व्यवस्था अन्तर्गत व्यक्तिको स्वतन्त्रता, मर्यादा र न्याय मानव अधिकारका विभिन्न विषयहरू संरक्षित रहेको पाइन्छ। कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने, कुनैपनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने भन्ने समेत संवैधानिक प्रावधानहरूले कानूनी राज्यको अवधारणालाई स्वीकार गरेको छ । व्यक्तिका मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षक राज्य नै हुने हुँदा संरक्षक निकायबाटै मानव अधिकार हनन् हुनु दुःखद् मात्र नभई मानव अधिकारको दृष्टिकोणबाट गम्भीर विषय हो । व्यक्तिलाई गैरकानूनी रुपमा पक्राउ गरी स्थिति सार्वजनिक नगर्नु गम्भीर अपराध हो।

१७. तत्काल कायम रहको कारागार ऐन २०१९, सार्वजनिक अपराध ऐन २०२७, प्रहरी ऐन २०१२, सशस्त्र प्रहरी ऐन २०५८, विष्फोटक पदार्थ ऐन २०१८, हातहतियार खरखजान ऐन २०१९ समेतले कुनै व्यक्ति संदिग्ध रहेमा पक्राउ गर्ने, पक्राउ परेपछि मुद्दा हेर्ने अधिकारी/अदालत समक्ष पेश गर्नुपर्ने लगायतका कानूनी प्रकृयाहरू तोकिदिएको पाइन्छ । कानून बमोजिमका प्रकृया बिना गरिएका हरेक कार्य गैरकानूनी र दण्डनीय ठहरिन्छन् । यस घटनाको सम्बन्धमा यस्ता न्यायिक प्रकृयाहरूको अबलम्बन भएको देखिएन। संवैधानिक तथा कानूनी सर्वोच्चतामा कानून उल्लंघन गर्ने छुट कोहि कसैलाई पनि हुँदैन।

१८. हरेक वेपत्ता परिवारलाई वेपत्ता भएका व्यक्तिको बारेमा सत्य तथ्य जान्ने अथवा निजको अवस्थाका बारेमा जान्ने अधिकार हुन्छ । पीडित परिवारलाई परिपुरण प्राप्त गर्ने, शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकार हुन्छ । बेपत्ता व्यक्तिको निरन्तर खोजी गर्ने कार्यलाई निरन्तरता दिनु पर्दछ।

१९. नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ९ मा सुरक्षा तथा स्वतन्त्रताको अधिकारको व्यवस्था गरी कसैलाई पनि स्वेच्छाचारी तरिकाले पक्राउ गर्न वा थुनामा राख्न नपाईने, पर्याप्त आधारबिना कसैको पनि स्वतन्त्रताको हरण गर्न नपाईने, व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्नाको कारण र अभियोग समेत सूचना दिनुपर्ने, समयमै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र गैरकानूनी रुपमा थुनामा राखिएको व्यक्तिलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ। जेनेभा महासन्धि र युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षण सम्बन्धी १२ अगष्ट १९४९ को (जेनेभा महासन्धि) साझा धारा ३ ले आन्तरीक सशस्त्र संघर्षको क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन नपाइने व्यवस्था गरेको पाइन्छ । नेपाल यी महासन्धिहरूको पक्ष राष्ट्र भएकोले महासन्धिका प्रावधानहरू बाध्यकारी हुन्छन्।

२०. कुनै पनि सैनिक वा गैरसैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा

निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसूरको औचित्य पुष्टि हुन नसक्ने भन्ने समेत माथिल्ला प्रकरणहरूमा उल्लेख भएको बलपूर्वक वेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ मा उल्लेख भएको छ। वेपत्ता सम्बन्धि कसूरमा जानकारी प्राप्त भएपछि राज्यले निष्पक्ष र प्रभावकारी रुपमा छानबिन गर्नुपर्ने, कसूर गरेको ठहर भएमा हिरासतमा लिई कानून बमोजिम कार्वाहीका उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ । नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र नभएपनि यसमा उल्लेख भएका दायित्वहरूलाई संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको हैसियतले मार्गनिर्देशनको रुपमा ग्रहण गर्नुपर्ने भन्ने सर्वोच्च अदालतबाट व्याख्या समेत भएको पाइन्छ।

२१. अतः निज गगवा महराको हकमा उल्लेखित संविधान, नेपाल कानून लगायत अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले प्रत्याभूत गरेका हक अधिकारहरू हनन् भएको देखियो ।

२२. नियमित कार्यसूचि अन्तर्गत आज पेश हुन आएको उजूरी नं. १३६, सुरक्षाकर्मीद्वारा वेपत्ता, मधेश प्रदेश कार्यालय, जनकपुर, सिरहा जिल्ला साविक मडान गाविस घर भई विष्णुपुर (प्र.म.) गाविस वडा नं. ४, सिरहा स्थित छोरीलाई भेट गर्न भनी गएको अवस्थामा सैनिक पोशाक लगाएका हतियार सहित आएका सुरक्षाकर्मीले मिति २०६१।४।२९ गते गगवा महरालाई घरबाटै पक्राउ गरी वेपत्ता बनाएकोले स्थिति सार्वजनिक गरिपाउँ भनी दर्ता भएको उजूरी निर्णयार्थ आयोग समक्ष पेश हुँदा आयोगको अनुसन्धान टोली समक्ष पीडितको परिवारका सदस्यले पछिल्लो पटक दिएको लिखित जानकारी र आयोगबाट भएको स्थलगत छानबिन/अनुसन्धान प्रतिवेदनको निष्कर्षको अध्ययन तथा प्रमाणहरूको विश्लेषणबाट निज गगवा महरालाई सुरक्षाकर्मीले २०६१।४।२९ गते विष्णुपुर (प्र.म.) गाविस वडा नं. ४, सिरहा ... स्थित घरबाट पक्राउ गरी वेपत्ता बनाएको पुष्टि हुन आयो ।

२३. सुरक्षाकर्मीहरूको उक्त कार्यबाट निज गगवा महराको प्रचलित संविधान, नेपाल कानून, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, जनेभा महासन्धि १९४९ को साझा धारा ३, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ समेतका प्रावधानहरूबाट संरक्षित हक अधिकारहरू हनन् भएको ठहर्छ । यसरी मानव अधिकार हनन् भएको अवस्थामा यस आयोगबाट भएको छानबिन/अनुसन्धानबाट पक्राउ गरी वेपत्ता बनाउने कार्यमा को कस्को प्रत्यक्ष संलग्नता थियो भनी खुल्न नआएपनि सिरहा जिल्ला स्थित चौहर्वा व्यारेकबाट खटिएको सैनिक टोलीको संलग्नता रहेको देखिन आयो । अतः निजको स्थिति अविलम्ब सार्वजनिक गरी दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कार्वाही गर्न र निजको कानून बमोजिमको हकवालालाई रू. ३००,०००।

(तीन लाख रूपैयाँ) क्षतिपूर्ति उपलव्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

२४. प्रस्तुत उजूरीमा भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई लेखी पठाउनु । सम्बन्धित पीडितको परिवारलाई निर्णयको बारेमा जानकारी पठाई आवश्यक प्रकृया पूरा गरी उजूरी फाइल अभिलेखालयमा बुझाइदिनु ।

| | |
|---|---|
| ........... | ............ |
| सदस्य | सदस्य |
| ........... | ............ |
| सदस्य | अध्यक्ष |

**जीवन न्यौपाने**
मानव अधिकार अधिकृत

इति सम्वत २०७९ साल भाद्र महिना ५ गते रोज १ शुभम् .................................

# राष्ट्रिय मानव अधिकार आयोग

मानननीय अध्यक्ष श्री तप बहादुर मगर
माननीय सदस्य श्री मिहिर ठाकुर
माननीय सदस्य श्री लिली हजूर बस्न्यात (थापा)

**निर्णय**

**सम्वत २०६२ सालको क्षेत्रीय कार्यालय, विराटनगरको उजुरी नं. २१८ ।**

## विषय: यातना तथा शान्ति सुरक्षा ।

**यातनालाई पुष्टि गर्ने आधारहरूमा उपचार गराएको कागजातलाई मात्र प्रमाणका रुपमा लिइने हो भने द्वन्द्वकालीन अवस्थाका अधिकांश यातनाका उजुरीहरूमा प्रमाण पुग्न नसक्ने र पीडितले न्यायको अनुभूति गर्न सक्ने अवस्था नरहने यथार्थ हो । यस अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग जस्तो संस्था परि स्थितिजन्य प्रमाणको आधारमा पनि निर्णयमा पुग्न सक्ने अवस्था रहन्छ ।**

- प्रकरण नं. ३०

**शान्ति सुरक्षा वहाली गर्नु राज्यको अहम् कर्तव्य भएपनि कर्तव्य पालना गर्दाको अवस्थामा व्यक्तिको समानता, मर्यादा र न्यायमा आँच आउने काम गर्न मिल्दैन । कानून कार्यान्वयन गर्ने अधिकारीले जुनसुकै अवस्थामा कुनै पनि किसिमको यातना दिनु गैरकानूनी कार्य हो ।**

- प्रकरण नं. ३२

१. झापा जिल्ला टाघनडुब्बा गाविस ... बस्ने मेरो ... लाई मिति २०६२।३।१९ गते बिहान ६ बजेतिर ... को घरमा सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले घेरा हालेको थाहा पाएपछि के भएको रहेछ भनी हेर्न जाँदा सेनाले म सँग ... कहाँ गयो ? भनी सोधेको । मैले उ भारत गएको छ, एक दुई दिनमा आइपुग्छ भनी बताउँदा तिम्रो ... माओवादी हो, हतियार ओसार-पसार गर्दछ, उ घरमा नभए तिमीलाई लैजान्छु भनी नियन्त्रणमा लिई ... बजारसम्म पुऱ्याएर छोडेको । त्यसपछि मिति २०६२।३।१९ गते ... ट्रयाक्टर चलाउन भनी घरबाट ... बजार पुग्दा अचानक सेनाले ... को बारेमा सोधखोज गरी निजलाई हाजिर गरा, ... लाइ किन लुकाएको भनी बाँसका टुक्रा, लात्ती र बन्दुकको कुन्जाले मलाई कुटपीट गरी ... बीच बजारमा घेराहाली राखेको । सोही दिन सुरक्षा कार्वाहीमा मृत्यु भएकी स्थानीय रमा अधिकारीको लाश सोही स्थानमा रहेकोमा निजको लाश उठाए पछि ... लाई सुरक्षाकर्मीहरूले शरणामती ४ फूलगाछी चोकमा लगी नियन्त्रणमा राखेको । सोही दिन २ बजेसम्म ... लाई झापाको चारआलीमा रहेको सैनिक व्यारेकमा उपस्थित गराउने आदेश दिएर आफुलाई उपस्थित गराउने शर्तमा छोडिदिएको । छोड्नु पहिले कुटपीटको कारण मुखको अनुहारको हड्डीमा चोटपटक लागेको, सोही कारण रातभरी ज्वरो आएको र त्यसपछि उपचारको लागि भारतको विहार प्रान्तको ... गाउँमा रहेको ससुरालीमा बसी औषधी गरिरहेको । सुरक्षाकर्मीको डरले भारतमा बस्नुपरेको तथा

घरमा बच्चा बच्ची, श्रीमति समेत भोकभोकै बस्ने स्थिति भएकोले शान्तिपूर्ण रुपले आफ्नो घरमा बसी आफ्नो रोजगार गर्नपाऊँ भन्ने समेतको व्यहोरा उल्लेख भएको मिति २०६२।३।२४ गते ...ले दिएको उजूरी मिसिल संलग्न रहेछ। साथै पीडित स्वयमूले ... ले मिति २०६२।३।२७ मा जीउ धनको सुरक्षा गरिपाउँ भनी दिएको उजूरी पनि मिसिल संलग्न रहेछ।

२. उजूरी प्राप्त भएपछि आयोगबाट ... जिल्ला प्रशासन कार्यालय, झापामा प्रेषित पत्र ... र उल्लेखित पत्रको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, झापाले ... जिल्ला प्रहरी कार्यालय, झापालाई ... यथार्थ विवरण पठाइदिनु भनी प्रेषित पत्रको बोधार्थ पत्र मिसिल संलग्न रहेछ। साथै ... पीडिताई भारतको विहारमा गई उपचार गराएको कागजातहरू आयोगमा उपलव्ध गराउनु भनी लेखेको पत्र समेत संलग्न रहेछ। तर ... जिल्ला प्रहरी कार्यालयबाट कुनै जवाफ प्राप्त भएको रहेनछ।

३. ...।

४. उल्लेखित अवस्थामा ... आयोगबाट स्थलगत अनुसन्धानको लागि टोली खटिएको। टोलीले घटनाका सम्बन्धमा बुझेका साक्षी प्रमाणहरू मध्ये ... समेत तीन जनाले दिएको सामूहिक बयान र पीडित भनिएका ... को बयान मिसिल संलग्न रहेको। ती बयान समेतका आधारमा अनुसन्धान टोलीले पेश गरेको प्रतिवेदन मिसिल संलग्न रहेछ। प्रतिवेदनमा देहायका विवरण उल्लेख भएको रहेछ :

- सुरक्षाकर्मीहरूको टोलीमा भएका व्यक्तिहरू मध्ये जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएका पद यकीन नभएका प्रहरी देवनारायण यादव र पाथिभरा सशस्त्र प्रहरी गणबाट खटिएका पद यकीन नभएका तर ३७९७ नं. को ट्याग भएका सशस्त्र प्रहरी बलका योगेशचन्द्र महतोलाई स्थानीय बासिन्दाहरूले पहिचान गरेको।
- ... आफ्नो घर ... बाट साईकल चढेर बिहान करिब ४:३० बजे ... को घरतर्फ जाने क्रममा कामाटोली बजार प्रवेश गर्ने कामाटोली पूर्वतर्फको नाकामा पुग्दा उनलाई सेना र प्रहरीहरूले रोकेर सोधखोज गरेका र त्यसको जवाफमा पीडितले आफु ट्र्याक्टर चालक भएको, धान रोप्ने समय भएकोले साहु ... कोमा ट्र्याक्टरबाट खेत जोत्न हिंडेको भनी बताएको।
- पीडितले जवाफ दिईसकेपछि यति राती नै हिंड्ने तँ माओवादी होस्, यस गाउँमा को को माओवादी छन् ? सबैलाई देखा भनी सुरक्षाकर्मीहरूले भनेको, त्यसको जवाफमा उसले आफु माओवादी नभएको, माओवादीहरूलाई पनि नचिनेको, आफु ट्र्याक्टर चालक भएको र ट्र्याक्टरले जोतेको पैसा लिन बाँकी रहेको भनी आफु साथमा रहेको जगगा धनीहरूको नाम समेत लेखिएको

डायरी समेत देखाएको भन्ने पीडितको भनाई रहेको।

- आफ्नो कुरा भन्ने तथा डायरी देखाउने कार्य गरेको भएपनि सुरक्षाकर्मीहरूले पीडितलाई तँ माओवादी नै होस् भनी सोही स्थानमा प्रहरीले बाँसको भाटा र नेपाली सेनाले बन्दुकको कुन्दाले कुटपीट गरेका, उनलाई १५ जना सुरक्षाकर्मीहरूले घोप्टो पारेर बुट लगाएका जुत्ताले टेकेका समेत कारण उनी सोही स्थानमा लडेको भन्ने भनाईहरू प्राप्त भएका।
- निज लडेपछि सुरक्षाकर्मीहरूले उठेर हिंड् भनेका, तर उठ्न नसकेपछि उनलाई घिसार्दै कामाटोली बजारमा रहेको ... को घरको चेपमा पुऱ्याई पुनः माओवादीको बारेमा सोधखोज गरेको ... ले त्यहाँपनि आफुलाई माओवादीको बारेमा थाहा नभएको भनी जवाफ दिएको । जवाफ पछि त्यहाँपनि निजलाई सुरक्षाकर्मीहरूले कुटपीट गरेको भन्ने बुझिएको।
- त्यसको केही समयमा उज्यालो भएपछि निजलाई कामाटोली बजारको बीचमा रहेको पीपलको रुखको फेदमा चार घण्टा राखेको, बीचबीचमा सेनाले यहाँ किन बसिरहेको भाग् भन्ने गरेका तर आफुलाई मार्न सक्ने डरले आफु नभागेको भन्ने निज ... र टोलीले बुझेका व्यक्तिहरूको भनाई रहेको।
- चार घण्टापछि सुरक्षाकर्मीहरू निजलाई समेत लिई कामाटोली बजारबाट सुरुङ्गा (महेन्द्र राजमार्ग) तर्फ हिंडेकामा कामाटोली भन्दा केही अगाडी रहेको धुले स्कूलमा पुगेका। त्यहाँ पुगेपछि उनीहरूले मादक पदार्थ समेत सेवन गरेका, त्यसपछि ... सँग उनीहरूले तेरो साहुको घर कहाँ छ ? भनी सोधेका, ... ले यहीं नजिकै छ भनेपछि सोही स्थानबाट सुरक्षाकर्मीहरूले ... लाई छोडिदिएको भन्ने ... को भनाई रहेको।
- सुरक्षाकर्मीबाट रिहा भईसकेपछि सोही दिन निजलाई स्थानीय बासिन्दाहरूले देख्दा निजको शरीरका विभिन्न भागहरूमा नीलडाम भएको, शरीरमा रगत लागेको, अनुहार सुन्निएको, शरीर भित्र रगत जमेको जस्ता टाटाहरू देखेको भन्ने प्रत्यक्षदर्शी तथा जानकार व्यक्तिहरूको भनाई रहेको।
- सुरक्षाकर्मीहरूबाट रिहा भईसकेपछि निज त्यहाँबाट सीधै आफ्नो साहुको घरमा गई मुरै (भुजा) खाई त्यहाँबाट करिब ५ की.मी. टाढा रहेको भारतको ...मा रहेको निजको ससुरालीमा गएको । त्यहाँ पुगेपछि पनि बेहोस भई बोल्न पनि नसकेपछि निजलाई ससुरालीले भारतकै किसनगञ्ज अस्पतालमा लगी २० दिनसम्म उपचार गराएको, उपचार गराएको कागजात भएपनि २०६८ सालमा निजको घरमा आगलागी हुँदा उपचार

गराएका कागजातहरू जलेर नष्ट भएका । उपचार वापत रू. ५५०००। (पचपन्न हजार रुपैंया) खर्च भएको । निज ... ले सुरक्षाकर्मीबाट कुटपीट भएको मितिपछि ट्र्याक्टर चलाउन नसकेको भन्ने समेत व्यहोरा ... को बयानमा उल्लेख भएको ।

- परिवारमा कमाउने अन्य सदस्य नभएका, खेतीपाति पनि नभएको, ... निजको शारिरीक र केही हदसम्म मानसिक अवस्था अस्वस्थ रहेको पाईएको । निजको परिवारमा श्रीमति एक, छोरी तीन र छोरा एक गरी छ जना रहेका ।
- प्रस्तुत घटना जब्बरजङ्ग गण चारआली झापाका तत्कालीन क्याप्टेनको नेतृत्वमा भएको देखिँदा निज समेत हालसम्म पहिचान हुन आएका जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएका पद यकीन नभएका प्रहरी देवनारायण यादव र पाथीभरा सशस्त्र प्रहरी गणबाट खटिएका पद यकीन नभएका तर ३७९७ नम्बरको ट्र्याग नम्बर भएका सशस्त्र प्रहरी योगेशचन्द्र महतो समेत अन्य दोषीहरूको पहिचान गरी कानूनी कारवाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र पीडित परिवारले हालसम्म पनि उपचार खर्च र अन्य राहत तथा क्षतिपूर्ति केही पनि नपाएको हुँदा उपचार खर्च र आवश्यक क्षतिपूर्ति सहित परिपूरणको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने अनुसन्धान प्रतिवेदनको सुझाव खण्डमा उल्लेख भएको रहेछ ।

५. उल्लेखित प्रतिवेदनको निष्कर्ष र सुझाव उपर राय प्रतिक्रिया उपलव्ध गराउनु भनी आयोगबाट मिति २०७६।१।२७ गते रक्षा मन्त्रालय, गृह मन्त्रालय र बोधार्थ तथा कार्यार्थ पत्र नेपाली सेना, प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा प्रेषित पत्र ... र उल्लेखित मध्ये गृह मन्त्रालयको मिति २०७६।२।९ गते प्रहरी प्रधान कार्यालय र सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई आयोगबाट माग भएको राय प्रतिक्रिया उपलव्ध गराइदिनु भनी प्रेषित पत्रको बोधार्थ पत्र पनि मिसिल संलग्न रहेछन् ।

६. यस्तै, रक्षा मन्त्रालय मार्फत मिति २०७६।३।३ गते ... नेपाली सेनाले पठाएको प्रतिक्रिया मिसिल संलग्न रहेछ । उक्त पत्रमा ... लाई कुटपीट तथा यातना दिने कार्यमा सैनिक व्यक्तिको संलग्नता नभएको भनी लेखी आएको रहेछ । गृह मन्त्रालयको मिति २०७६।३।२६ गते मार्फत सशस्त्र प्रहरी बल प्रधान कार्यालयले प्रेषित प्रतिक्रिया पनि मिसिल संलग्न रहेको । प्रतिक्रिया पत्रमा पद यकीन नभएको भन्ने सशस्त्र प्रहरी योगेशचन्द्र महतो (३७९७ ट्र्याग) बारेमा उजूरकर्ताले भने अनुसार उक्त स्थानमा खटिएको निज व्यक्ति कर्मचारी प्रशासन शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको अभिलेख अनुसार सशस्त्र प्रहरी कर्मचारी नभएको भन्ने

उल्लेख भई आएको रहेछ।

७. ... प्रस्तुत उजूरीमा ... लाई माओवादीमा लागेको निजका भाई ... लाई सैनिक समक्ष उपस्थित नगराएको र निजका बारेमा कुनै जानकारी नगराएको भन्ने मुख्य आरोप लगाई सुरक्षाकर्मीहरूले कुटपीट गरी यातना दिएको । यातना पश्चात उपचारको लागि भारत गएको । स्वास्थ्य अवस्था नाजुक भएकै कारण आर्थिकोपार्जनमा असर परेको भन्ने पीडित भनिएका ... का ... को मुख्य मागदावी रहेको देखिन्छ। साथै कुटपीटको कारण अनुहारको हड्डीमा चोटपटक लागेको, रातभरी ज्वरो आएको र आर्थिक अवस्था कमजोर भएकोले उपचारको लागि भारतको विहार प्रान्त जिल्ला ... गाउँ स्थित ससुरालीमा बसी औषधी गरिरहेको । सुरक्षाकर्मीको डरले भारतमा बस्नुपरेको तथा घरमा बच्चा बच्ची, श्रीमति समेत भोकभोकै बस्ने स्थिति आएको । साधारण खेतीपाती गर्ने र स्थानीय ... को ट्र्याक्टर चालकको रुपमा रही आफ्नो परिवार र चार जना बालबालिकाको जीवीकोपार्जन गर्ने सिलसिलामा डिउटीमा गइरहेको अवस्थामा स्थानीय रमा अधिकारीलाई मार्ने सेनाको टोलीले मलाई कब्जामा लिई कुटपीट गरे । लडाएर डँडाल्नोमा बुटले हिर्काए । १० घण्टासम्म कब्जामा राखी छाडिदिए। म सर्वसाधारण किसानको बाँच्न पाउने अधिकार समेत जोखिममा रहेको र स्वास्थ्य स्थिति नाजुक रहेकोले उचित न्याय पाउँ भन्ने समेत पीडित ... ले पेश गरेको उजूरी निवेदनमा पनि उल्लेख भएको रहेछ।

८. प्रारम्भीक अनुसन्धानको क्रममा सरोकार सम्बन्धित निकायमा आयोगबाट पत्राचार गर्दा कुनै जवाफ प्राप्त नभएको यस घटनामा पीडितको मानव अधिकार उल्लंघन भएको हो होइन ? भनी विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने देखिन आयो। ...।

९. यसतर्फ विचार गर्दा आयोगको टोली समक्ष तीन जना व्यक्तिहरूले दिएको बयानमा पीडितलाई सेनाको नेतृत्वमा रहेका सुरक्षाकर्मीहरूले कुटपीट गरी यातना दिँदा निजको शरीरका विभिन्न भागहरूमा नीलडाम, रगत देखिएको, उपचारको लागि भारत स्थित ससुराली गएको, सैनिक नियन्त्रणमा रहेको बखत निजलाई देखेको भन्ने समान भनाईहरू र उजूरकर्ता समेत रहेका पीडित भनिएका ... को बयानको सारभूत कुराहरूसँग मेल खाएको देखिन्छ। यातना पुष्टि हुने कागजातहरू आगलागीका कारण जलेर नष्ट भएको भनी उजूरकर्ताले लिएको दावी झूठो हो भन्ने कुनै आधार एवम् कारण देखिँदैन। आयोगको टोलीले प्रत्यक्ष रुपमा निजलाई भेट गरी शारीरिक र मानसिक स्वास्थ्यको सामान्य अवलोकन गर्दा निजको शारीरिक र मानसिक अवस्था कमजोर देखिएको तथ्य प्रतिवेदन अध्ययनबाट देखिन्छ।

१०. प्रतिवेदन उपर माग भएको प्रतिक्रियामा आरोपित निकायहरूबाट आरोप अस्वीकार गरेको देखिएपनि आरोप अस्वीकार गर्दैमा घटना नभएको वा उजूरकर्ताले झूठा विवरण पेश गरेको भनी मान्न सकिने अवस्था

देखिएन । अनुसन्धानबाट सो समयमा माओवादीहरूले खुल्ला रुपमा सार्वजनिक स्थानमा पुगी सैनिक पोशाक लगाएर आफ्ना कृयाकलापहरू सञ्चालन गर्ने अवस्था रहेको पनि नदेखिएको र ... माओवादीमा लागेको भनिएको पीडितको भाईलाई चारआली व्यारेकमा हाजिर गराउनु भनी स्पष्ट रुपमा पीडितलाई दिएका आदेशले पनि सो तथ्यलाई समर्थन गरेको देखिन्छ । ... ।

११. आयोगको अनुसन्धान टोलीले बुझेका पीडित, पीडितका आफन्तहरू, स्थानीय बासिन्दाहरूको भनाईबाट पनि निज पीडितलाई सुरक्षाकर्मीले अमानवीय तरिकाले कुटपीट गरेको बुझिन्छ । घटना भएको दिन सुरक्षाकर्मीबाट भएको रमा अधिकारीको हत्या सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय विराटनगरबाट अनुसन्धान गर्न खटिई गएको टोलीसमक्ष नेपाली सेनाका क्याप्टेनको नेतृत्वमा उक्त स्थानमा सुरक्षाकर्मीहरूको टोली खटेको भनी जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी प्रेमनारायण शर्मा, जब्बरजङ्ग गण चारआलीका कर्णेल सुरेश कार्की, जिल्ला प्रहरी कार्यालय झापाका एस.पी. केशरीराज घिमिरे र राष्ट्रिय अनुसन्धान झापाका एस.पी. भिम बहादुर के.सी. ले व्यक्त गरेको भनाईबाट पनि उक्त दिन सो स्थानमा सुरक्षाकर्मी पुगेको भन्ने भनाई र निज ... लाई उनीहरूबाट नै कुटपीट भएको भन्ने प्रत्यक्षदर्शीको भनाई एक अर्कामा मेल खाएकै अवस्था देखिन्छ।

१२. यातनाको कारण निज ... को शारिरीक र मानसिक अवस्था घटना भएको मिति भन्दा त्यसपछि फरक रहेको अनुसन्धानको क्रममा प्राप्त तथ्यहरूले प्रष्ट पारेको देखिन्छ। हिँडडुल गर्न नसक्ने, आफुले गर्दै आएको ट्र्याक्टर चलाउने पेशा गर्न नसक्ने, बेला बेलामा जिउ दुख्ने, राती तर्सने जस्ता लक्षणहरू र प्रत्यक्षदर्शीको भनाई, पीडितको भनाई एवं पीडितको शारीरिक लक्षण एवं आयोगको क्षेत्रीय कार्यालयको अनुसन्धान टोलीले सोही दिन निजलाई घाइते अवस्थामा भेट्नु जस्ता तथ्यहरूले निज ... यातना पीडित भएको भन्ने अनुसन्धान प्रतिवेदनको निष्कर्ष पनि रहेको देखिन्छ।

१३. उल्लिखित अवस्थामा यातनालाई पुष्टि गर्ने आधारहरू उपचार गराएको कागजातलाई मात्र प्रमाणका रुपमा लिईने हो भने द्वन्द्वकालीन अवस्थाका अधिकांश यातनाका उजुरीहरूमा प्रमाण पुग्न नसक्ने र पीडितले न्यायको अनुभूति गर्न सक्ने अवस्था नरहने यथार्थ हो। यस अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग जस्तो संस्था परिस्थितिजन्य प्रमाणको आधारमा पनि निर्णयमा पुग्न सक्ने नै देखिन्छ। अतः यस घटनामा बुझिएका प्रत्यक्षदर्शी एवं अन्य बुझिएका व्यक्तिहरूको भनाई, पीडितको अवस्था, उक्त दिन सो क्षेत्रमा सुरक्षाकर्मीको टोली खटाएको भनी स्वयम् सुरक्षा निकायका जिम्मेवार पदाधिकारीले आयोगको टोली समक्ष दिएको जानकारी र सो तथ्य यस आयोगमा दर्ता भई मिति मिति २०६२।४।१८ गते निर्णय भएको रमा अधिकारीको मृत्यु

सम्बन्धी उजूरीबाट पनि देखिएकोले निजलाई अमानवीय र अपमानजनक तरिकाले कुटपीट गरी यातना दिएको होइन भनी निष्कर्षमा पुग्न सकिएन ।

१४. निज ... ले कुनै कानून विपरितको कार्य गरेको भएमा कानून बमोजिम पक्राउ गरी अनुसन्धान गर्न कुनैपनि कानूनले बन्देज नलगाएको एवम् ठुलो संख्यामा रहेका सुरक्षाकर्मीहरूले निशस्त्र एक जना व्यक्तिलाई पक्राउ गर्न नसक्ने भनी अनुमान समेत गर्न नसकिने अवस्थाले यस घटनामा राज्यको प्रतिनिधित्व गरी शान्ति सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीहरूले आफ्नेकर्तव्य निर्वाह गरेको देखिँदैन ।

१५. संविधानतः सबै व्यक्ति कानूनको नजरमा समान र मर्यादित हुन्छन् । शान्ति सुरक्षा वहाली गर्नु राज्यको अहम् कर्तव्य भएपनि कर्तव्य पालना गर्दाको अवस्थामा पनि व्यक्तिको समानता, मर्यादा र न्यायमा आँच आउने काम गर्न मिल्दैन । कानून कार्यान्वयन गर्ने अधिकारीले जुनसुकै अवस्थामा कुनै पनि किसिमको यातना दिनु गैरकानूनी कार्य हो । तत्कालीन अवस्थामा आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण अध्यादेश, २०६२ कार्यान्वयनमा रहेको र उक्त अध्यादेशले केही मौलीक हकहरूलाई नियन्त्रित गरेको भएपनि मानव अधिकारका न्यूनतम मापदण्डहरूलाई वेवास्ता गरेर स्वेच्छाचारी रुपबाट यातना दिन मिल्दैन । कानून वा अध्यादेश मार्फत कानून कार्यान्वयन गर्ने अधिकारीहरूलाई प्राप्त यस्ता अधिकारहरू विवेकसम्मत, निष्पक्ष, उचित र मनासिव ढंगबाट प्रयोग गर्नु भनी सर्बोच्च अदालतबाट समेत व्याख्या भएको पाइन्छ ।

१६. “यातना” भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउने भनी यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को परिभाषामा उल्लेख भएको पाईन्छ। ऐनको दफा ३ ले यातनालाई निषेध गरेको छ । कुनै पनि व्यक्तिलाई अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन । “थुनामा रहेको” भन्ने शब्दले प्रचलित कानून बमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ भनी दफा ३ मा व्यवस्था भएको पाइन्छ। सोही दफा बमोजिम कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नु पर्नेछ भन्ने व्यवस्था गरिएको छ भने ऐनको दफा ४ ले पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गरेको छ। यस घटनामा निज ... लाई यातना दिने कार्य उल्लेखित ऐनका प्रावधानहरूको पनि विपरित भएको देखिन्छ।

१७. अतः प्रस्तुत घटनामा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना र भाग ३ को मौलिक हक अन्तर्गतका प्रावधानहरू, यो घटना हुँदाको अवस्थामा कार्यान्वयनमा रहेको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०६२ का केही प्रावधानहरू, सरकारी मुद्दा सम्बन्धि ऐन, २०४९ को दफा १४ (१) मा उल्लेख भएका प्रावधानहरू, यातना तथा क्षतिपूर्ति ऐनका प्रावधानहरू, नागरिक अधिकार ऐन, २०१२ का प्रावधानहरू, जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ का प्रावधानहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ को प्रावधानहरू, यातना अन्य क्रुर अमाानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी को धारा १ समेतको उल्लंघन हुनेगरी भएको कार्य मानव अधिकारका मूल्य, मान्यता विपरित रहेको स्पष्ट हुन्छ ।

१८. उल्लेखित तथ्य र आधारहरूको विवेचनाबाट प्रस्तुत उजूरी निर्णयतर्फ विचार गर्दा झापा जिल्ला ... गा.वि.स. वडा नं. ... बस्ने ... लाई मिति २०६२।३।९ गते घरबाटै नियन्त्रणमा लिई ऐ. १९ गते ऐ. कामाटोली बजारबाट पुनः नियन्त्रणमा लिई निजको भाई ... माओवादी भएको आरोपमा कुटपिट गरी यातना दिएर छाडेपछी भारत स्थित ससुरालीमा गई उपचार गएकोले न्याय पाउँ भनी दर्ता भएको प्रस्तुत उजूरीको सम्बन्धमा अनुसन्धान सम्पन्न भई आज पेश हुन आएको उजूरीमा मिति २०६२।३।९ र १९ गते सो क्षेत्रमा नेपाली सेनाका जब्जरजंग गण चारआली ब्यारेक झापाका तत्कालीन क्याप्टेनको नेतृत्वमा टोली खटिएको भन्ने प्रतिवेदनबाट देखिएको । ऐ. १९ गते ऐ. निवासी रमा अधिकारीको सेनाले हत्या गरेको सम्बन्धमा दोषी सैनिकलाई कारवाही गर्न पीडित परिवारलाई क्षतिपुर्ति दिन आयोगबाट मिति २०६२/४/२८ गते सिफारिस समेत भईसकेको सन्दर्भमा सो स्थानमा सेनाको टोली खटिएको भन्ने प्रतिवेदनबाट देखिएको पुष्टि हुन आयो । सो विषयमा तत्कालै जिल्ला प्रहरी कार्यालय झापा र जिल्ला प्रशासन कार्यालय झापामा पत्राचार गरी जानकारी माग गर्दा कुनै जवाफ प्राप्त नभएको साथै नेपाली सेनाको मिति २०७६।२।३१ ... गतेको पत्रमा याातना दिने कार्यमा सैनिक व्यक्तिको संलग्नता नभएको भनी जवाफ प्राप्त भएतापनि मिसिल संलग्न प्रत्यक्षदर्शी तथा पीडितको बयान कागज तथा प्रमाणहरूबाट मिति २०६२ असार ९ र १९ गते पीडित ... लाई तत्कालीन जब्बरजङ्ग गण चारआली ब्यारेक झापाबाट खटेको सेनाको टोलीले निशस्त्र अवस्थामा नियन्त्रणमा लिई कुटपीट गरेको देखिँदा निज ... को नेपालको संविधान, यातना अन्य क्रुर अमाानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी (ICAT) १९८४ द्वारा प्रदत्त मानव अधिकारको उल्लंघन गरेको ठहर्छ । यसरी मानव अधिकार हनन् भएको अवस्थामा को कस्को काम कारवाहीबाट मानव अधिकार हनन् भएको हो भन्नेतर्फ विचार गर्दा यस आयोगले गरेको छानबिन प्रतिवेदन तथा

अन्य संकलित प्रमाणबाट दोषी यकीन गर्न नसकिएतापनि यस्तो संवेदनशील विषयमा राज्यको जिम्मेवार निकायले अनुसन्धान गरी दोषी पहिचान नगर्ने हो भने मानव अधिकार संरक्षणको विषयमा आम नागरिकहरूमा राज्यप्रति नै वितृष्णा पैदा हुने हुँदा तत्काल उक्त कार्यमा संलग्न नेपाली सेनाको तत्कालीन जब्बरजङ्ग गण चारआली व्योरक झापाका क्याप्टेन सहितका सैनिकलाई अनुसन्धानको दायरामा ल्याई दोषी पहिचान गरी कारवाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) र सैनिकको यातनाबाट पीडित भएको पाइएका …लाई रू. १,००,०००। (एक लाख रूपैयाँ) क्षतिपूर्ति उपलव्ध गराउन तत्कालीन मानव अधिकार आयोग ऐन २०५३ को दफा १३(२), राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली २०५७ को नियम १८ र राष्ट्रिय मानव अधिकार ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गरी पठाउने ठहर्छ।

१९. प्रस्तुत उजूरीमा भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई लेखी पठाउनु। आवश्यक प्रकृया पूरा गरी उजूरी फाइल अभिलेखालयमा बुझाइदिनु।

| | |
|---|---|
| …………… | ……………. |
| सदस्य | सदस्य |

…………….

अध्यक्ष

**जीवन न्यौपाने**

मानव अधिकार अधिकृत

ईति सम्वत २०७७ साल चैत्र महिना २४ गते रोज ३ शुभम ………………………….

# आयोगका कार्यालयहरू

